





2021-2022

# विद्यार्थीले पालाना गर्नुपर्ने आचार संहिता

## सेन्ट लयिस पब्लिक स्कल

**NEPALI**

**Kelvin R. Adams, Ph.D.**
विद्यालयको सुपरिवेक्षक

आदरणीय आमाबुवा/कानुनी
अभिभावक:

2021-2022 विद्यालय वर्षमा स्वागत छ। विद्यालय रोज्ने सम्बन्धमा हामीलाई तपाईंसँग थुप्रै विकल्पहरू छन् भन्ने कुरा थाहा छ र हामी तपाईंले आफ्नो बच्चा Saint Louis Public School District मा भर्ना गर्ने भनी लिनुभएको निर्णयको कदर गर्छौं।

सबै विद्यार्थीका लागि अध्ययन गर्ने सुरक्षित वातावरण उपलब्ध गराउनु Saint Louis Public School District का मुख्य प्राथमिकताहरूमध्ये एउटा प्राथमिकता हो। हामीलाई यो लक्ष्य हासिल गर्ने कार्यमा सघाउन हामी तपाईंलाई 2021-2022 अभिभावकीय जानकारी मार्गदर्शन तथा विद्यार्थीसम्बन्धी आचार संहिता पढ्न अनुरोध गर्छौं। यो मार्गदर्शनमा अभिभावक तथा विद्यार्थीका लागि विद्यालय समूह सबै सदस्यका अधिकार तथा जिम्मेवारीका सम्बन्धमा महत्त्वपूर्ण जानकारी समावेश गरिएको छ र सुरक्षित, सकारात्मक तथा सहयोगी अध्ययन वातावरण बनाउन विद्यार्थीबाट आवश्यक पर्ने व्यवहारका अपेक्षाहरू उल्लेख गरिएका छन्।

तपाईंले आफ्नो बच्चासँग यो मार्गदर्शन पढिसकेपछि कृपया पेज 3 मा सङ्लग्न गरिएको विद्यार्थी तथा अभिभावक(हरू)/ कानूनी अभिभावक(हरू)को स्वीकृति फारममा
हस्ताक्षर गरी मिति लेख्नुहोस् र उक्त फारम आफ्नो बच्चाको विद्यालयमा फिर्ता पठाउनुहोस्।

तपाईंले 2021-2022 अभिभावकीय जानकारी मार्गदर्शन तथा विद्यार्थीसम्बन्धी आचार संहिता राख्नु पर्ने हुन्छ र विद्यालय वर्षभरि नै आवस्यकता पर्दा यो हेर्नुहोस्। यो मार्गदर्शनको विद्युतीय प्रतिलिपि डिस्ट्रिक्टको वेबसाइट www.slps.org मा गई अभिभावक तथा विद्यार्थी नामक ट्याबअन्तर्गत प्राप्त गर्न सकिन्छ।

तपाईंले आफ्नो बच्चाको विद्यालयलाई अध्ययन गर्ने सुरक्षित तथा भरपर्दो स्थान बनाउनका निम्ति मद्दत गर्ने कार्यमा सहकार्य गर्नुभएकोमा अग्रिम रूपमा धन्यवाद।

भवदीय,

Kelvin R. Adams, Ph.D.
विद्यालयको सुपरिवेक्षक

# विद्यार्थी तथा आमाबुवा(हरू)/ कानुनी अभिभावक(हरू)को शपथपत्र

**आदरणीय विद्यार्थी तथा आमाबुवा**(**हरू**)/ **कानुनी अभिभावक**(**हरू**):

St. Louis Public School सुरक्षित विद्यालय वातावरण प्रदान गर्न प्रतिबद्ध छ। हामीलाई यो लक्ष्य हासिल गर्ने कार्यमा सघाउन कृपया यो 2021-2022 अभिभावकीय जानकारी मार्गदर्शन तथा विद्यार्थीसम्बन्धी आचार संहिता पढ्नुहोस्। कृपया तलको शपथपत्रमा हस्ताक्षर गर्नुहोस् र आफ्नो बच्चाको कक्षा कोठाका शिक्षाकर्मीलाई उक्त शपथपत्र फिर्ता पठाउनुहोस्। तपाईंले यो कागजातमा हस्ताक्षर गर्नुभयो भने तपाईंले सेन्ट लुइस पब्लिक स्कुलको हरेक विद्यार्थी जिम्मेवार रहनु पर्ने कुरा सङ्लग्न गरिएको यो जानकारी प्राप्त गर्नुभएको छ भन्ने कुरा पुष्टि हुन्छ। हाम्रा विद्यालयहरू अध्ययन गर्ने सुरक्षित स्थान बनाउने कार्यमा सहकार्य गर्नुभएकोमा धन्यवाद।

**विद्यार्थीसम्बन्धी आचार संहिताको उद्देश्य**

- विद्यार्थीको व्यवहारका सम्बन्धमा अपेक्षाहरूको एउटै समूह बनाउने
- सकारात्मक व्यवहार आत्मसात गर्ने र विद्यार्थीहरूलाई उपयुक्त सामाजिक सीपहरू विकास गर्ने अवसरहरू प्रदान गर्ने
- अनुचित व्यवहारहरूमा सङ्लग्न हुने विद्यार्थीका लागि हस्तक्षेप तथा सजायहरू तोक्ने
- विद्यालय समूहका सबै सदस्यका अधिकार तथा जिम्मेवारीहरूको व्याख्या गर्ने
- विद्यार्थीहरूलाई सुरक्षित, सकारात्मक तथा सहयोगी अध्ययन वातावरणमा सङ्लग्न गराउने

**विद्यार्थीको प्रतिज्ञा**

- म हरेक दिन कक्षामा समयमै पुग्ने र हाजिर गर्ने प्रतिज्ञा गर्छु।
- म सुरक्षित, जिम्मेवार, सम्मान गर्ने र तयार रहने व्यक्ति बन्ने प्रतिज्ञा गर्छु।
- म समस्या समाधान गर्ने व्यक्ति बन्ने प्रतिज्ञा गर्छु।
- म मेहनत, आफूले सक्ने प्रयास गर्ने र आफूप्रति नै गर्व गर्ने प्रतिज्ञा गर्छु।

**आमाबुवा/अभिभावकको प्रतिज्ञा**

- म मेरो बच्चा हरेक दिन कक्षामा समयमै पुग्ने छ र हाजिर गर्ने छ भन्ने कुरा प्रतिज्ञा गर्छु।
- म मेरो बच्चालाई सुरक्षित, जिम्मेवार, सम्मान गर्ने र तयार रहने व्यक्ति बन्न सिकाउने प्रतिज्ञा गर्छु।
- म मेरो बच्चाका लागि जिम्मेवार अधिवक्ता बन्ने प्रतिज्ञा गर्छु।
- म मेरो बच्चाको अध्ययनमा सङ्लग्न हुने प्रतिज्ञा गर्छु।
- म मेरो बच्चालाई विद्यार्थीसम्बन्धी आचार संहिता पालना गर्ने कार्यमा सहयोग गर्ने प्रतिज्ञा गर्छु।
- यो प्रतिज्ञामा हस्ताक्षर गरेर म आफू Saint Louis Public School District को अभिभावक रहँदासम्म विद्यार्थीसम्बन्धी आचार संहिताको जिम्मेवारी बुझ्दछु र उक्त जिम्मेवारी स्वीकार गर्दछु।

विद्यार्थीको हस्ताक्षर: ______________________________________________ मिति: ______

आमाबुवा/कानुनी अभिभावक: ________________________________________ मिति: ______________

# विषयवस्तुहरूको तालिका


सुपरिवेक्षकको स्वागतपत्र

विद्यार्थी तथा आमाबुवा(हरू)/ कानुनी अभिभावक(हरू)को शपथपत्र

विषयवस्तुहरूको तालिका

Saint Louis Public School District को दृष्टिकोणसम्बन्धी जानकारी 1

Saint Louis Public School District को लक्ष्यसम्बन्धी जानकारी 1

Saint Louis Public School District का मुख्य मान्यताहरू 1

**अभिभावकको जानकारीसम्बन्धी मार्गदर्शन**

महत्त्वपूर्ण फोन नम्बरहरू 2

पात्रो 3

भर्ना – सामान्य कार्यविधिहरू 4

आमाबुवा/अभिभावकको सङ्‌लग्नता तथा सञ्चार 4

- डिस्ट्रिक्टको सञ्चार 4
- विद्यालयसँग आमाबुवाको सञ्चार/सङ्‌लग्नता 4
- पारिवारिक तथा सामुदायिक सङ्‌लग्नता कार्यालय 5
- अभिभावकीय सरोकारहरू 5
- अभिभावकीय कारबाही बोर्ड 5

पोशाक तथा ड्रेस कोडसम्बन्धी अपेक्षाहरू 6

उपस्थितिसम्बन्धी अपेक्षाहरू 6

नेशनल ब्रेकफास्ट प्रोग्राम/स्कूल ब्रेकफास्ट प्रोग्राम 8

प्रारम्भिक बाल्यावस्था शिक्षा 9

स्वास्थ्य सेवाहरू 10

सुरक्षा र संरक्षण 12

यातायात 12

क्याम्पसमा आउने आगन्तुकहरू 13

कानुनसम्बन्धी सचेतना 14

कानुन विरोधी नीति 16

यौन उत्पीडन/लैङ्गिक हिंसा 19

**विद्यार्थीसम्बन्धी आचार संहिता**

विद्यार्थीसम्बन्धी आचार संहिताको उद्देश्य 22

विद्यार्थीको प्रतिज्ञा 22

# विषयवस्तुहरूको तालिका (जारी)


व्यवहारात्मक अपेक्षा तथा जिम्मेवारीहरू 22

विद्यार्थीसम्बन्धी आचार संहिताको क्षेत्र 24

Missouri को सुरक्षित विद्यालय ऐन 25

विद्यालय हिंसा तथा प्रतिरोधी व्यवहारात्मक हस्तक्षेपहरू 26

क्षुद्र अपराधहरूको वर्गीकरण 26

प्रकार I क्षुद्र अपराधहरू: क्षुद्र अपराध/घटनाहरू 27

प्रकार II क्षुद्र अपराधहरू: क्षुद्र अपराध/घटनाहरू 29

प्रकार III क्षुद्र अपराधहरू: क्षुद्र अपराध/घटनाहरू 31

प्रकार IV क्षुद्र अपराधहरू: क्षुद्र अपराध/घटनाहरू 33

प्रविधि तथा विद्यार्थीको व्यवहार 34

निलम्बन 35

निलम्बनसम्बन्धी उचित प्रक्रियाका कार्यविधिहरू 35

निलम्बन वा वैकल्पिक स्थान नियोजनसम्बन्धी अपिल प्रक्रिया 36

निष्कासन 36

निष्कासनसम्बन्धी उचित प्रक्रियाका कार्यविधिहरू 37

पुनः भर्ना वा भर्ना हुने अनुमति 37

असक्षमता भएका व्यक्तिका लागि शिक्षा ऐन (IDEA) को अनुपालन 38

Missouri राज्यको हाई स्कुलका क्रियाकलापसँग सम्बन्धित योग्यता 41

ग्रेजुएसनका कार्यहरूमा सहभागितासम्बन्धी नीति 41

सूचनाहरू

FERPA अन्तर्गतका अभिभावकीय तथा योग्य विद्यार्थीका अधिकारहरू 42

SLPS को हरेक विद्यार्थीको सफलता ऐनसम्बन्धी उजुरी कार्यविधिहरू 44

SLPS को नागरिक उजुरी फारम 46

उजुरी विवादमा बदलिने हुँदा मानक उजुरी समाधान प्रक्रिया 48
घरविहीन बालबालिका तथा युवाको शिक्षाका सम्बन्धमा

निर्णयका सम्बन्धमा विवाद समाधान कार्यविधिहरू 49

फोस्टर केयरका बालबालिका वा युवाका लागि

शब्दकोश 50

Education City of Saint Louis को बोर्ड 60

गैरभेदभावसम्बन्धी सूचना 60

शिक्षा बोर्डले स्कुल डिस्ट्रिक्टको व्यवस्थापन गर्नका निम्ति डिस्ट्रिक्टका नीतिहरू स्वीकार गरेको छ। नीतिहरूको सहायताले स्कुल डिस्ट्रिक्टको दैनिक डिस्ट्रिक्ट कार्य गर्न सकिन्छ। SLPS डिस्ट्रिक्टको वेबसाइटमा गई नीति पढ्न सकिन्छ।www.slps.org/Page/6

# St. Louis Public School District को दृष्टिकोणसम्बन्धी जानकारी

St. Louis Public Schools भनेको Saint Louis क्षेत्रमा विश्व स्तरको कक्षा शिक्षा प्रदान गर्ने परिवारहरूको रोजाइको डिस्ट्रिक्ट हो र यसलाई विद्यार्थीको उपलब्धी र शिक्षाकर्मीको गुणस्तरमा प्रथम विद्यालयका रूपमा राष्ट्रिय रूपमा चिनिएको छ।

# St. Louis Public School District को लक्ष्यसम्बन्धी जानकारी

हामी सबै विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने छौँ र उनीहरूलाई उनीहरूको पूर्ण बौद्धिक क्षमता जान्न सक्षम बनाउने छौँ।

# St. Louis Public School District का मुख्य मान्यताहरू

**सर्वप्रथम विद्यार्थीहरू।** परिस्थिति जे जस्तो भए तापनि विद्यार्थीहरू भनेका हाम्रो एकमात्र केन्द्रबिन्दुमा पर्छन्। SLPS का सदस्यका रूपमा हामी सधैँ हाम्रा विद्यार्थीहरूको उत्कृष्ट इच्छाअनुसार कार्य गर्न अत्यधिक तथा चिरस्थायी रूपमा प्रतिबद्ध छौँ। त्यसैले हामी हाम्रा विद्यार्थीका लागि उत्कृष्ट तथा उच्च गुणस्तरका विकल्पहरू सिर्जना गर्ने कार्यमा केन्द्रित रहने छौँ।

**मान्छेहरूको महत्त्व।** विद्यार्थीहरूलाई शिक्षा दिनु भनेको मान्छेहरूको सरोकारको विषय हो। हाम्रा विद्यार्थीहरूको जीवनमा प्रभाव पार्ने मान्छेहरूलाई पेसाकर्मीका रूपमा वास्तवमै मान्यता दिइन्छ, सम्मान गरिन्छ तथा ख्याल राखिन्छ भन्ने कुरा सुनिश्चित गर्नका निम्ति यसले हामी सबैबाट एक स्तरको प्रतिबद्धता, सरोकार र जिम्मेवारीको अपेक्षा राख्दछ। हामी आफ्ना मान्छेका हकमा थप कुराको माग गर्ने संस्था भएकोमा आफ्नै कदर गर्छ र यस कुराको गर्व गर्छौं। साथै, हाम्रा विद्यार्थीहरूको जीवनमा बहुमूल्य लगानी गर्ने मान्छेहरूको वृद्धि तथा विकासको समर्थन गर्नका निम्ति हामी समान रूपमा आफूले नै बढी मेहनत गर्न इच्छुक र जिम्मेवार छौँ।

**जानकारीमा आधारित निर्णयहरू।** हामी एक अध्ययनशील संस्था बन्ने प्रयास गरिरहेका छौँ। उक्त कार्य गर्न हामी जानकारीका आधारमा डिस्ट्रिक्टका रूपमा हाम्रो स्थान कहाँ छ भनी मूल्याङ्कन गर्न जारी राख्ने छौँ। हाम्रा प्रगति, कमजोरी र समग्र नीतिको सामान्य व्याख्या गर्ने हाम्रो प्रतिबद्धताले हाम्रा बालबालिकाका हकमा उत्कृष्ट निर्णयहरू लिने हाम्रो उत्साहलाई मात्र बढाउँछ।

# महत्त्वपूर्ण टेलिफोन नम्बरहरू

St. Louis Public Schools • 801 N. 11th St. • St. Louis, MO 63101 • (314) 231-3720

अन्य उपयुक्त फोन नम्बर तथा इमेल ठेगानाहरू डिस्ट्रिक्टको वेबसाइट www.slps.org मा भेट्टाउन सकिन्छ

A+ संयोजक: (314) 345-2315

एथलेटिक प्रशासक: (314) 345-4405

करियर तथा प्राविधिक शिक्षा: (314) 345-4531

निलम्बन भर्तीकर्ता: (314) 345-4424

प्रारम्भिक बाल्यावस्था: (314) 331-6150

भर्नासम्बन्धी जानकारी: (314) 633-5200

ESOL को द्विभाषी प्रवासी कार्यक्रम: (314) 664-1066

पारिवारिक तथा सामुदायिक सङ्लग्नता: (314) 345-4490

अभिभावकका सरोकारहरू: (314) 345-2480 or 345-4573

खाद्य सेवाहरू: (314) 345-2308

प्रतिभाशाली तथा गुणवान (Gifted & Talented): (314) 345-4548

घरबारविहीन तथा फोस्टर केयर सेवाहरू: (314) 345-5750

मानव संशोधनहरू: (314) 345-2379

प्रगतिशील मार्गहरू: (314) 345-4575

Magnet and Choice Schools: (314) 633-5200

विद्यालयको सुरक्षा र संरक्षण: (314) 865-2020

विद्यालय तथा सामुदायिक सुरक्षाको SLPS हटलाइन:

स्थानीय: (314) 241-SLPS (7577)

टोल फ्री: 1-866-610-SLPS (7557)

विशेष शिक्षा: (314) 633-5344

विद्यार्थी भर्ना तथा स्थान नियोजन कार्यालय: (314) 633-5200

विद्यार्थी/ट्रान्सक्रिप्ट कार्यालय: (314) 645-2648

यातायात:

परिवर्तनका लागि (314) 389-2202

बससम्बन्धी सरोकार वा बससम्बन्धी समस्याका लागि (314) 633-5106

1000 बाट सुरु हुने सबै मार्गहरूको बस स्टाटसका लागि (314) 772-3184

(314) 389-1111, एक्सटेन्सन 2000 बाट सुरु हुने सबै मार्गहरूको बस स्टाटसका लागि 1

स्वयंसेवी सेवाहरू: (314) 345-4577 or (314) 345-4554

# सेन्ट लौइस पब्लिक स्कुल जिल्ला
## २०२१-२२ शैक्षिक बर्षको पात्रो
## ०८/२३/२०२१ देखि ०५/२६/२०२२

| आइ | सोम | मङ्गल | बुध | बिहा | शुक्र | शनि | दिन | जलाइ २०२१ |
|---|---|---|---|---|---|---|---|---|
| २७ | २८ | २९ | ३० | १ | २ | ३ | ५ | बिदा - जिल्ला बन्द |
| ४ | **एच** | ६ | ७ | ८ | ९ | १० | | ११.५ - महिना कर्मचारी काममा फर्किए ०७/१६/२०२१ |
| ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | | ११ - महिना कर्मचारी काममा फर्किए ७/२६/२०२१ |
| १८ | १९ | २० | २१ | २२ | २३ | २४ | | |
| २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | | |
| | | | | | | | | **अगष्ट २०२१** |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | | १०.५ - महिना कर्मचारी काममा फर्किए ०८/०२/२०२१ |
| ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | १० - महिना कर्मचारी काममा फर्किए ०८/०९/२०२१ |
| १५ | १६ | १७ | १८ | १९ | २० | २१ | ९ | साइट आधारित पिडी |
| २२ | **२३** | २४ | २५ | २६ | २७ | २८ | १०-१३ | जिल्ला पिडी |
| २९ | ३० | ३१ | | | | | १६-१७ | साइट आधारित पिडी |
| | | | | | | | १८ | नेटवर्कको दिन |
| | | | | | | | १९-२० | कक्षाकोठाको तयारी |
| | | | | | | | २३ | स्कूलको पहिलो दिन |
| | | | | | | | | **सेप्टेम्बर २०२१** |
| | | | १ | २ | ३ | ४ | ६ | बिदा - श्रमिक दिवस; जिल्ला बन्द |
| ५ | **एच** | ७ | ८ | ९ | १० | ११ | १७ | चौथाइ १ को लागि अन्तरिम उपलब्धि रिपोर्ट |
| १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | | |
| १९ | २० | २१ | २२ | २३ | २४ | २५ | | |
| २६ | २७ | २८ | २९ | ३० | | | | |
| | | | | | १ | २ | | **अक्टबर २०२१** |
| ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १५ | चौथाइ १ को समाप्त |
| १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १५ | साइट-आधारित पिडी/जिल्ला आधारित पिडी |
| १७ | १८/पिपाट | १९/पिपाट | २०/पिपाट | २१/पिपाट | २२ | २३ | १८ | दोस्रो चौथाइको सुरु |
| २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | १८-२१ | अभिभावक-शिक्षक सम्मेलन |
| ३१ | | | | | | | २२ | विद्यार्थीहरु होइन |
| | १ | २ | ३ | ४ | ५ | ६ | | **नभेम्बर २०२१** |
| ७ | ८ | ९ | १० | **एच** | १२ | १३ | ११ | भेटेरन दिन-जिल्ला बन्द |
| १४ | १५ | १६ | १७ | १८ | १९ | २० | १२ | Q2 को लागि अन्तरिम उपलब्धि रिपोर्ट |
| २१ | २२ | २३ | **एच** | **एच** | **एच** | २७ | २४ - २६ | बिदा- दिएकोमा धन्यवाद; स्कूल बन्द हुन्छ |
| २८ | २९ | ३० | | | | | | |
| | | | १ | २ | ३ | ४ | | **डिसेम्बर २०२१** |
| ५ | ६ | ७ | ८ | ९ | १० | ११ | २२-२३ | जाडो बिदा- स्कूल बिदा हुन्छ, स्कूलको कर्मचारी मात्र; १२-महिना कामहरु |
| १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | २४-२७ | बिदा - जिल्ला बन्द |
| १९ | २० | २१ | **डब्ल्यु.ब** | **डब्ल्यु.ब** | **एच** | २५ | २८-३० | जाडो बिदा- स्कूल बिदा हुन्छ, स्कूलको कर्मचारी मात्र; १२-महिना कामहरु |
| २६ | **डब्ल्यु.ब** | **डब्ल्यु.ब** | **डब्ल्यु.ब** | **डब्ल्यु.ब** | **एच** | | ३१ | बिदा - जिल्ला बन्द |
| | | | | | | १ | | **जनवरी २०२२** |
| २ | **३** | **४** | ५ | ६ | ७ | ८ | ३ | रेकर्ट राख्दे |
| ९ | १० | ११ | १२ | १३ | १४ | १५ | ४ | तेस्रो चौथाइको सुरु |
| १६ | **एच** | १८ | १९ | २० | २१ | २२ | १७ | बिदा- डा.मार्टिन लुथर किङ्ग,जेआर. को दिन;जिल्ला बन्द |
| २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | | |
| ३० | ३१ | | | | | | | |
| | | १ | २ | ३ | ४ | ५ | | **फेब्रुअरी २०२२** |
| ६ | ७ | ८ | ९ | १० | ११ | १२ | ४ | ३ चौथाइको लागि अन्तरिम उपलब्धिको रिपोर्ट |
| १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | १८ | साइट-आधारित पिडी/जिल्ला आधारित पिडी |
| २० | **एच** | २२ | २३ | २४ | २५ | २६ | २१ | बिदा - राष्ट्रपति दिन; जिल्ला बन्द |
| २७ | २८ | | | | | | | |
| | | १ | २ | ३ | ४ | ५ | | **मार्च २०२२** |
| ६ | ७ | ८ | ९ | १० | ११ | १२ | ११ | |
| १३ | १४/पिपाट | १५/पिपाट | १६/पिपाट | १७/पिपाट | १८ | १९ | १४ | चौथो चौथाइको सुरु |
| २० | २१ | २२ | २३ | २४ | २५ | २६ | १४-१८ | स्कूल पछि अभिभावक-शिक्षक सम्मेलन |
| २७ | २८ | २९ | ३० | ३१ | | | १८ | विधार्थीहरु होइन |
| | | | | | | | २१-२५ | वसन्तको ब्रेक |
| | | | | | १ | २ | | **अप्रिल २०२२** |
| ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| १० | ११ | १२ | १३ | १४ | १५ | १६ | | |
| १७ | १८ | १९ | २० | २१ | २२ | २३ | | |
| २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | | |
| | | | | | | | | **मे २०२२** |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | २६ | स्कूलको अन्तिम दिन |
| ८ | ९ | १० | ११ | १२ | १३ | १४ | २७ | रेकर्ट राख्दे |
| १५ | १६ | १७ | १८ | १९ | २० | २१ | ३० | बिदा - स्मरणको दिन; जिल्ला बन्द |
| २२ | २३ | २४ | २५ | २६ | **२७** | २८ | | |
| २९ | **एच** | ३१ | | | | | | |
| | | | १ | २ | ३ | ४ | | **जुन २०२२** |
| ५ | ६ | ७ | ८ | ९ | १० | ११ | | |
| १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | २-३ | गर्मीमा पिडी सिक्दे-कक्षाकोठाको तयारी |
| १९ | २० | २१ | २२ | २३ | २४ | २५ | ६-३० | गर्मीमा सिक्दे-बैठक १ ( क्रेडिट रिकोभरी & एडमेन्टम) |
| २६ | २७ | २८ | २९ | ३० | | | | |
| | | | | | | | | **जलाइ २०२२** |
| | | | | | १ | २ | १ | गर्मीमा सिक्नको लागि अन्तिम दिन |
| ३ | **४** | ५ | ६ | ७ | ८ | ९ | ४ | बिदा-जिल्ला बन्द |
| १० | ११ | १२ | १३ | १४ | १५ | १६ | | १०-महिने कामदारहरुको लागि लागि अन्तिम दिन ०५/२७/२०२२ |
| १७ | १८ | १९ | २० | २१ | २२ | २३ | | १०.५-महिने कामदारहरुको लागि लागि अन्तिम दिन ०६/०३/२०२२ |
| २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | | ११-महिने कामदारहरुको लागि लागि अन्तिम दिन ०६/१०/२०२२ |
| ३१ | | | | | | | | ११.५-महिने कामदारहरुको लागि लागि अन्तिम दिन ०६/३०/२०२२ |

# **भर्नासम्बन्धी कार्यविधिहरू**

विद्यार्थी भर्ना तथा विद्यार्थी स्थान नियोजन कार्यालयले St. Louis Magnet, Choice वा Neighborhood School मा सहभागी हुन इच्छुक परिवारहरूलाई सहयोग गर्न तत्पर रहन्छ। भर्ना प्रक्रियासम्बन्धी जानकारी प्राप्त गर्न कृपया (314) 633-5200 मा फोन गर्नुहोस्।

आमाबुवाहरूले आफ्ना बालबालिका(हरू) भर्ना गर्नका लागि निम्न जानकारी पेस गर्नु पर्ने छ

- आफ्नो बच्चाको जन्मदर्ता
- आफ्नो बच्चाको खोपसम्बन्धी रेकर्डहरू
- आफ्नो बच्चाको विद्यालयका ट्रान्सक्रिप्ट वा सबैभन्दा पछिल्लो रिपोर्ट कार्ड
- St. Louis City को निवासस्थानको प्रमाण (जस्तैः हालको भुक्तानी नगरिएको उपयोगिता बिल, लिस वा दस्तावेज वा व्यक्तिगत सम्पत्तिको करसम्बन्धी कागजातको प्रतिलिपि)

आफ्नो बच्चा Neighborhood School मा (Early Childhood वा Magnet/Choice School मा होइन) ग्रेस K-12 मा भर्ना गर्न कृपया (314) 633-5200 मा फोन गर्नुहोस्।

तपाईंको बच्चालाई हाम्रो प्रारम्भिक बाल्यावस्था कार्यक्रममा भर्ना गर्न कृपया (314) 331-6150 मा फोन गर्नुहोस्।

अङ्ग्रेजीबाहेक अन्य भाषा बोल्ने/बुझ्ने बच्चालाई भर्ना गर्न ESOL कार्यालय (314) 664-1066 मा फोन गर्नुहोस्।

Magnet र Choice School सम्बन्धी जानकारीका लागि कृपया www.slpsmagnetschools.org मा गई -2022 वा 2022-2023 विद्यालय वर्षका लागि आवेदन दिने तरिकाको बारेमा रहेको जानकारी पढ्नुहोस्।

तपाईंको बच्चाको प्रतिभा परीक्षणसम्बन्धी जानकारीका लागि वा उक्त परीक्षणको समय तोक्न कृपया प्रतिभाशाली तथा गुणवान कार्यालयमा (314) 345- 4548 मा फोन गर्नुहोस्।

MOCAP सम्बन्धी जानकारीका लागि www.slps.org मा जानुहोस्।

# **आमाबुवा/अभिभावकको सङ्लग्नता तथा सञ्चार**

**डिस्ट्रिक्टको सञ्चार**

डिस्ट्रिक्ट आमाबुवा तथा अभिभावकहरूलाई विद्यालय वर्षको अवधिमा गरिने क्रियाकलाप तथा कार्यक्रमका बारेमा जानकारी दिइराख्न प्रतिबद्ध छ। SLPS ले स्वचालित फोन सिस्टम, आमाबुवा/अभिभावकका प्रिन्ट गरिएका पत्र, टेक्स्ट म्यासेज, इमेल, वेबसाइट पोस्टिङ, सामाजिक मिडिया म्यासेजिङ तथा ब्रोडकास्ट मिडिया आउटलेटहरू प्रयोग गरी जानकारी सेयर गर्न सक्छ।

आमाबुवा/अभिभावकहरू डिस्ट्रिक्टको वेबसाइट www.slps.org मा गएर डिस्ट्रिक्टका इमेलहरू प्राप्त गर्नका निम्ति साइन अप गर्न र Twitter तथा Facebook ठेगानाहरू प्राप्त गर्न सक्छन्।

कठोर मौसमका कारण विद्यालय बन्द रहने जानकारी सुरुमै स्थानीय टेलिभिजन तथा रेडियो स्टेसनहरूलाई सम्पर्क गरिनुअघि नै डिस्ट्रिक्टको वेबसाइटको होमपेजमा पोस्ट गरिने छ।

**आमाबुवा/अभिभावकहरूले समयमै सबै महत्त्वपूर्ण सन्देशहरू प्राप्त गर्न सकून् भन्नका खातिर उनीहरूलाई आफ्नो बच्चाको विद्यालयसँग सबैभन्दा हालको सम्पर्क जानकारी छ भन्ने कुरा सुनिश्चित गर्न प्रोत्साहन गरिन्छ।** अभिभावकीय सम्पर्क जानकारीमा घरको फोन नम्बर, अभिभावकका सेल फोन नम्बर र आकस्मिक फोन सम्पर्क जानकारीका साथै लागूयोग्य भएमा इमेल ठेगानाहरू समावेश हुन्छन्।

**विद्यालयसँग अभिभावकको सञ्चार/सङ्लग्नता**

तल तपाईंको बच्चाको विद्यालयसँग अत्यधिक सञ्चार गर्ने सुझावहरू छन्।

- Open House मा सहभागी हुनुहोस् - यो तपाईंको बच्चाका शिक्षाकर्मीहरूसँग सम्बन्ध बनाउने उत्कृष्ट तरिका हो। यसमार्फत तपाईं सकारात्मक परिस्थितिहरूको समयमा शिक्षाकर्मी(हरू)सँग भेट्ने, कक्षा र विद्यालयका कार्यविधिका बारेमा बुझ्ने र शिक्षाकर्मीहरूले विद्यार्थीहरूबाट आशा गरेको अपेक्षाका बारेमा जान्ने अवसर पाउनुहुन्छ।

- कर्मचारीका फोन नम्बरहरू एकत्रित गर्नुहोस् - विद्यालयका सबै महत्त्वपूर्ण सम्पर्क ठेगानाहरूको फोन सूची - फ्रन्ट अफिस, ग्रेस स्तरको कार्यालय, उपस्थिति सम्पर्क ठेगाना, शिक्षाकर्मी र अन्य सहायक कर्मचारी बनाउनुहोस्।
- कर्मचारीका इमेल ठेगानाहरू एकत्रित गर्नुहोस् - शिक्षाकर्मीहरूलाई आफ्ना समयतालिकाको कारण कहिलेकाहिँ फोन कलहरूमा फेरि सम्पर्क गर्न कठिनाइ हुन्छ। इमेल शैक्षिक प्रगति र व्यवहारसम्बन्धी अद्यावधिक जानकारीका लागि तपाईंको बच्चाका शिक्षाकर्मीहरूसँग सम्पर्कमा रहने उत्कृष्ट तरिका हुन सक्छ।
- विद्यालय तथा डिस्ट्रिक्ट कन्फेरेन्सहरूमा सहभागी हुनुहोस् - हामी तपाईंलाई आफ्नो बच्चाका शिक्षाकर्मीहरूसँग कुराकानी गर्न कन्फेरेन्सका लागि अपोइन्टमेन्ट तय गर्न प्रोत्साहन गर्छौं।
- निर्णय लिने कार्यमा सहभागी हुन आफ्नो आमाबुवाको संस्थामा सहभागी हुनुहोस्।
- क्रियाकलाप/प्रतियोगिताहरू सफल बनाउन आफ्नो बच्चाको विद्यालयमा स्वयंसेवा गर्नुहोस्।

## पारिवारिक तथा सामुदायिक सङ्‌लग्नता कार्यालय

पारिवारिक तथा सामुदायिक सङ्‌लग्नता कार्यालयले Louis Public Schools का अभिभावक तथा विद्यार्थीहरूसँग मिलेर अमूल्य प्रयासहरू गर्छ। विद्यालयका कार्यक्रम, पारिवारिक अभ्यास र विद्यार्थीको विकास सुद्धढ गर्ने गरी डिजाइन गरिएको पारिवारिक तथा सामुदायिक विशेषज्ञ (Family and Community Specialists) ले अभिभावकको सङ्‌लग्नतालाई सरल बनाउँछ।

पारिवारिक तथा सामुदायिक विशेषज्ञ (Family and Community Specialist) को उद्देश्य भनेको
परिवारहरूलाई निम्न कार्य गर्न सघाउनु हो:

- बालबालिकालाई विद्यार्थीका रूपमा समर्थन गर्ने गृह वातावरण स्थापना गर्न
- विद्यालय तथा घरका बिचमा प्रभावकारी सञ्चार प्रवर्धन गर्न
- भर्ना गर्न र अभिभावकीय सङ्‌लग्नता तथा समर्थन व्यवस्थित गर्न
- घरमा अध्ययन परिष्कृत गर्न जानकारी तथा विचारहरू प्रदान गर्न
- अभिभावकहरूलाई विद्यालयको निर्णय लिने प्रक्रियामा नेतृत्वकर्ता तथा प्रतिनिधिका रूपमा सङ्‌लग्न गराउन
- विद्यालयका कार्यक्रम, पारिवारिक अभ्यास र विद्यार्थीको विकास सुद्धढ बनाउन सामुदायिक स्रोतहरू पहिचान गर्न र एकीकरण गर्न

अभिभावकीय
सरोकारहरू

1. अपोइन्टमेन्टको समय निर्धारण गर्न विद्यालयमा काम गर्ने कर्मचारी सदस्यलाई वा पारिवारिक तथा सामुदायिक विशेषज्ञ (Family and Community Specialist) मा सम्पर्क गर्नुहोस्
2. विद्यालयको प्रशासनिक कर्मचारी (सहायक प्रधानाध्यापक वा प्रधानाध्यापक) लाई सम्पर्क गर्नुहोस्
3. अभिभावकीय सरोकार कार्यालयमा (314) 345- 4490 मा सम्पर्क गर्नुहोस्

टिपोट: यहाँ उल्लेख गरिएका कार्यविधिहरू विशेष गरी अन्य विद्यमान सङ्घीय, राज्य वा स्थानीय नियमावलीअनुसार व्यवस्थित गरिने उजुरीका साथै विद्यार्थी निलम्बन तथा निष्कासन, कर्मचारीका गुनासो, विशेष शिक्षासम्बन्धी अपिल, FERPA वा ADA समाधान गर्नका लागि प्रयोग गरिँदैनन्।

## अभिभावकीय कारबाही बोर्ड (PAC) –डिस्ट्रिक्टव्यापी अभिभावकीय संस्था

अभिभावकीय कारबाही बोर्ड (PAC) ले डिस्ट्रिक्ट अभिभावकीय सङ्‌लग्नता संस्थाका रूपमा काम गर्ने छ। पारिवारिक तथा सामुदायिक सङ्‌लग्नता कार्यालयको सहकार्यमा अभिभावकीय कारबाही बोर्ड मा हरेका St. Louis Public School बाट तीन जना अभिभावकीय प्रतिनिधि रहने छन्। अभिभावकीय कारबाही बोर्डले सफल साझेदारका मुख्य आधारहरू: छ प्रकारका सङ्‌लग्नता कार्यान्वयन गर्ने प्रयोजनले मासिक बैठकहरू सञ्चालन गर्ने छ।

- दृष्टिकोण: St. Louis Public Schools को अभिभावकीय कारबाही बोर्डले विद्यार्थीको शैक्षिक विकास गर्नका निम्ति परिवार, विद्यालय तथा समुदायका बिचमा प्रभावकारी सहकार्य गराउन मद्दत गर्ने डिस्ट्रिक्ट अभिभावकीय सङ्‌लग्नता संस्थाका रूपमा काम गर्नु पर्ने हुन्छ।
- लक्ष्य: St. Louis Public Schools को अभिभावकीय कराबाही बोर्डले St. Louis Public Schools का सबै परिवारहरूलाई सङ्घीय, राज्य, सिटी तथा डिस्ट्रिक्टका नीति, कार्यविधि, कार्यक्रम र विद्यार्थीको शिक्षा तथा उपलब्धिसँग सम्बन्धित व्यक्तिगत विषयका सम्बन्धमा सुमधुर बोर्ड तथा कारबाही नेटवर्कका रूपमा सघाउनु पर्ने हुन्छ।

अभिभावकीय कारबाही बोर्डलाई (314) 345-5722 मा फोन गरेर वा pac@slps.org मा इमेल पठाएर सम्पर्क गर्न सकिन्छ।

# पोशाक/ड्रेस कोडसम्बन्धी अपेक्षा

विद्यालयको साइटमा विद्यार्थी, आमाबुवा(हरू)/ कानुनी अभिभावक(हरू) र विद्यालयका कर्मचारीसँग साझेदारी गरेर पोशाक/ड्रेस कोडसम्बन्धी कार्यविधि बनाउनु पर्छ। ड्रेस कोडसम्बन्धी कार्यविधिले विद्यालयको सुरक्षा र विद्यार्थीको स्वास्थ्य प्रवर्धन गर्ने पोशाक पहिचान गरेर विद्यालयको सकारात्मक संस्कृतिलाई समर्थन गर्ने छ। सबै अवस्थामा विद्यालयका प्रधानाध्यापक वा डिजाइनीले विद्यार्थी, आमाबुवा(हरू)/ कानुनी अभिभावक(हरू) र विद्यालय समूहलाई विद्यालयको पोशाक/ड्रेससम्बन्धी कार्यविधिका बारेमा जानकारी दिनु पर्छ। सबै विद्यार्थी तथा आमाबुवा(हरू)/अभिभावक(हरू)ले लिखित कार्यविधिको पालना गर्ने अपेक्षा राखिन्छ।

**अनुपयुक्त पोशाक मिलाउने कार्यविधिहरू**:

विद्यालयका प्रधानाध्यापक र कर्मचारीले विद्यार्थीहरूले अनुपयुक्त पोशाक लगाएका अवस्थामा निम्न कार्यविधिहरू एकसमान लागू गर्नु पर्छ। विद्यालयका कर्मचारीले विद्यार्थीलाई निर्देशनात्मक प्रक्रिया वा विद्यालय परिसरबाट बाहिर निकाल्नु हुँदैन। कर्मचारी विद्यार्थीहरूलाई अनुपयुक्त पोशाक मिलाउन निर्देशन दिने छन्।
अनुपयुक्त पोशाक तुरुन्तै मिलाउन सकिँदैन भने कर्मचारी निम्न चरणहरू अपनाउन सक्छन्:

- अभिभावकलाई सम्पर्क गर्नु
- विद्यार्थीलाई परामर्शदाता वा सामाजिक कार्यकर्ताकहाँ निर्दिष्ट गर्ने
- विशेषाधिकारहरू हटाउने (विद्यालय र कक्षा कोठा)
- पहिचान प्रणालीमार्फत व्यवहार तय गर्ने

# उपस्थितिसम्बन्धी अपेक्षा

सात) 7 (र सत्र) 17 (वर्ष उमेरबिचको बच्चाको संरक्षण वा नियन्त्रण गर्ने कुनै पनि आमाबुवा ,अभिभावक वा अन्य व्यक्तिले बच्चाको सार्वजनिक , निजी ,पारोकियल विद्यालय ,गृह स्कुल वा विद्यालयहरूको संयोजनमा नाम दर्ता छ र विद्यालय वर्षको पूर्ण अवधिसम्म नियमित रूपमा उपस्थित हुन्छ भनी सुनिश्चित गर्नु पर्छ भन्ने कुरा विधान167 .031, RSMOले उल्लेख गर्छ।

- "डिस्ट्रिक्टका लागि अनिवार्य उपस्थित हुने उमेर" भन्ने शब्दले सत्र (17) वर्ष उमेरलाई जनाउँछ।
- पाँच (5) र सात (7) वर्ष उमेरबिचका बालबालिकाले विद्यालयमा नाम दर्ता गराउन आवश्यक पर्छ। यद्यपि, उनीहरूको सार्वजनिक विद्यालयमा नाम दर्ता छ भने उनीहरूको आमाबुवा वा अभिभावकले उनीहरू नियमित रूपमा उपस्थित हुन्छन् भनी सुनिश्चित गर्नु पर्छ।

उपस्थिति नियमनमा एकमात्र अपवाद विद्यालयद्वारा प्रमाणित र क्षमा गरिएका गणना गरिएका लघुकारी परिस्थितिहरू हुने छन्। विद्यार्थीहरूलाई निम्न कारणका लागि उपस्थिति नियमनबाट अस्थायी रूपमा छुट दिनु पर्ने छ:

- अस्पताल भर्ना - डिस्चार्ज स्टेटमेन्टमा प्रमाणित भएअनुसार विस्तारित अस्पताल बसाई
- विद्यार्थीको बिमारी - निम्न मध्ये एउटा अवस्थाद्वारा प्रमाणित भएअनुसार चिकित्सक, दन्त चिकित्सक वा नर्स पेशेवरद्वारा प्रमाणित दुर्घटनाबाट भएको व्यक्तिगत, शारीरिक वा भावनात्मक बिमारी वा विस्तारित आरोग्य लाभ:
    - चिकित्सक/नर्स अभ्यासकर्ताको कागजातका साथ सङ्क्रामक
    - चिकित्सकको सिफारिस गरिएको अनुपस्थित समयका बारेमा नोट
    - दीर्घकालीन/अनिरन्तर बिमारीको विवरण समावेश गरिएको चिकित्सकको नोट
    - 504 योजना जसले दीर्घकालीन/अनिरन्तर बिमारी र सुविधाहरूलाई सम्बोधन गर्छ
- टाउकोमा जुम्रा - बढीमा एक दिन (स्कूल नर्सद्वारा जुम्रा जाँच गरेर फिर्ता नआउँदासम्म)
- अभिभावक पत्रद्वारा कागजातीकरण गरिएको (प्रथम भाषामा) र ESOL कार्यक्रमद्वारा धार्मिक बिदाहरूको पात्रोद्वारा प्रमाणित भएअनुसार विद्यार्थीको आफ्नै आस्थाको विशेष र परिचित बिदाहरूको अनुसरण
- कागजातीकरण गरिएको पारिवारिक आपतकालीन अवस्था
- निकायद्वारा आवश्यक बैठक (उदाहरण, अदालतको मिति, बाल डिभिजन पारिवारिक सहायता बैठक, आप्रवासन सम्बन्धित अपोइन्टमेन्टहरू)

विद्यार्थीको आमाबुवा(हरू)/कानुनी अभिभावक(हरू) ले लघुकारी परिस्थितिहरूमा भवन प्रधानाध्यापकलाई औपचारिक अपिल गर्नु पर्छ।

उपस्थिति नियमनहरूमा एकमात्र अन्य अपवाद प्रधानाध्यापक वा उहाँको डिजाइनद्वारा तल उल्लेख गरिएअनुसार प्रमाणित गरिएका अन्य अनुपस्थितिहरू हुने छन्:
• पूर्व विद्यालय प्रणालीद्वारा स्वीकृत शैक्षिक यात्रा
• परिवारमा कसैको मृत्यु (एक हप्ताभन्दा बढी होइन)
• प्राकृतिक महाविपत्ति र/वा प्रकोप

यो स्वीकृत निर्देशनात्मक कार्यक्रमको भाग नभएसम्म विद्यार्थीहरूलाई कुनै पनि काम गर्नका लागि विद्यालयबाट क्षमा गरिने छैन।

इलिमेन्टरी र सेकेण्डरी स्कूलका विद्यार्थीका लागि अनुपस्थित हुने दिनमा अस्थायी अक्षम्य अनुपस्थिति, अक्षम्य अनुपस्थिति र निलम्बनहरू समावेश हुने छन्।

**कार्य पूरा गर्ने:**

- लघुकारी परिस्थितिहरू पूरा गर्न प्रमाणित भएका र ग्रेडहरू प्राप्त गर्न योग्य भएका विद्यार्थीहरूले कार्य पूरा गर्न वा पाठ्यक्रममा उत्तीर्ण हुन असक्षम भएमा ती ग्रेडहरू प्राप्त गर्ने छैनन्।
- विद्यालयबाट टाढा रहनु पर्ने खालका विद्यालयद्वारा स्वीकृत क्षेत्र यात्राहरू वा अन्य निर्देशनात्मक क्रियाकलापहरूमा सहभागी हुने विद्यार्थीहरूलाई उपस्थित भएको मानिने छ र कार्य पूरा गर्न अवसर प्रदान गरिने छ।
- विद्यार्थीहरूलाई परिवारमा व्यक्तिगत बिमारी, गम्भीर बिमारी, मृत्यु भएमा (एक हप्ताभन्दा बढी होइन) वा विद्यार्थीको विश्वासको परिचित धार्मिक बिदाहरूमा विद्यालयबाट अस्थायी रूपमा क्षमा गरिने छ र कार्य पूरा गर्न अवसर प्रदान गरिने छ।

**अनुपस्थिति वा ढिलाइका बारेमा सूचना:**

- विद्यार्थीलाई स्वास्थ्य कारणहरूले गर्दा घरमा बस्न आवश्यक पर्दा आमाबुबाले विद्यालय प्रशासकीय कार्यालयहरूमा र स्कूल नर्सलाई सूचित गर्नु पर्ने छ। विद्यार्थी विद्यालय फर्किँदा आमाबुवा(हरू)/अभिभावक(हरू) बाट आफू अनुपस्थित हुनुको कारण दिने एक हस्ताक्षर गरिएको विवरण लिएर आउनु पर्ने छ। माथि आउटलाइन गरिएका अन्य कागजात आवश्यक पर्न सक्छ (जस्तै, चिकित्सकको पत्र, डिस्चार्ज विवरण, अदालतको कागजात, आदि)
- विद्यार्थी विद्यालयमा ढिलो हुँदा आमाबुवा वा अभिभावकले ढिलाइ हुनुको एक लिखित कारण उपलब्ध गराउनु पर्ने छ।
- विद्यार्थी अनुपस्थित वा ढिलो हुँदा र आमाबुवा(हरू)/अभिभावक(हरू) ले अनुपस्थित हुनुको कारणका बारेमा विद्यालयमा सूचित नगर्दा विद्यालयले आमाबुवा(हरू)/अभिभावक(हरू) लाई सम्पर्क गर्ने छ।

विद्यार्थी लगातार तीन (3) दिनसम्म अनुपस्थित हुँदा (अक्षम्य वा अस्पष्ट अनुपस्थितिहरू) वा समग्रमा 3 देखि 5 दिन अनुपस्थित हुँदा विद्यालयले आमाबुवा(हरू)/अभिभावक(हरू) का लागि पहिलो पत्र तयार गरेर पठाउने छ। अतिरिक्त अक्षम्य र/वा अस्पष्ट अनुपस्थितिहरूलाई निम्न तरिकामा सम्बोधन गरिने छ:
• 6-9 अनुपस्थितिहरू = दोस्रो अभिभावक पत्र

- 10 वा सोभन्दा बढी अनुपस्थितिहरू = तेस्रो अभिभावक पत्र र Missouri बाल सेवा डिभिजन, नाबालिग अदालत र/वा सहरको अदालतलाई सूचना।

अनुपस्थित विद्यार्थीहरूको आमाबुबालाई सामाजिक कार्यकर्ताद्वारा सम्पर्क गरिने छ। विद्यालयको सामाजिक कार्यकर्ताले आमाबुवा(हरू)/कानुनी अभिभावक(हरू) को सहयोग प्राप्त गर्नु हुने छ र विद्यार्थीलाई उपस्थिति र/वा समयको पालना सुधार गर्नमा मद्दत गर्नका लागि हरेक उचित प्रयास गर्नु हुने छ। अतिरिक्त पाठ्यक्रम क्रियाकलापहरूमा सहभागी हुनबाट बहिष्करण गर्ने, सामुदायिक सहायता निकायहरूमा, अन्य पारिवारिक सहायता समुदायमा आधारित निकायहरूमा सिफारिस र/वा नाबालिग अदालत, सहरिया अदालत र/वा Missouri बाल सेवा डिभिजनमा सिफारिस गर्ने सहितका अनुशासनात्मक कार्यवाहीका लागि अत्याधिक अनुपस्थिति र ढिलाइ पर्याप्त कारण हुन सक्छ।

# नेशनल स्कूल लन्च प्रोग्राम/स्कूल ब्रेकफास्ट प्रोग्राम

Saint Louis Public Schools (SLPS) ले नेशनल स्कूल ब्रेकफास्ट तथा लन्च प्रोग्रामहरूअन्तर्गत सामुदायिक योग्यता प्रावधान (CEP) कार्यक्रम सञ्चालन गर्न जारी राख्ने छ। CEP कार्यक्रमले योग्य स्कूल डिस्ट्रिक्टहरूलाई सबै विद्यार्थीहरूलाई निःशुल्क खानाको सेवा प्रस्ताव गर्न अनुमति दिन्छ। यस कार्यक्रममा, SLPS विद्यालयका सबै बालबालिकाले निःशुल्क ब्रेकफास्ट, लन्च र स्न्याक प्राप्त गर्छन्।

सबै विद्यार्थीहरूले स्वस्थ खानाको साथमा आफ्नो दिन सुरु गर्छन् भनी सुनिश्चित गर्नका लागि डिस्ट्रिक्टले नयाँ वैकल्पिक ब्रेकफास्ट कार्यक्रमहरू कार्यान्वित गरेको छ: कक्षा कोठामा ब्रेकफास्ट (BIC), ग्र्याब 'एन' गो कार्टहरू र दोस्रो अवसर कार्यक्रमहरू। यी कार्यक्रमहरूले विद्यार्थीहरूलाई दिनको समयमा निःशुल्क खानाहरू पहुँच गर्नका लागि थप अवसरहरू प्रदान गर्छन्। सबै इलिमेन्टरी स्कूलहरूमा BIC प्रस्ताव गरिन्छ। सबै इलिमेन्टरी, मिडल र हाइ स्कूलहरूमा ग्र्याब 'एन' गो कार्टहरू र दोस्रो अवसर कार्यक्रम थपिएका छन्।

SLPS ले Missouri स्वास्थ्य तथा सिनियर सेवा विभाग (MDHSS) द्वारा सञ्चालित बाल तथा वयस्क स्याहार खाद्यान्न कार्यक्रम (CACFP) समावेश गरेको छ। CACFP मा विद्यालय पश्चातको कार्यक्रम छ, जसले कुनै पनि विद्यार्थीलाई नि: शुल्कमा स्न्याक र/वा रातिको खाना खान सक्षम बनाउँछ।

खाद्य तथा पोषण सेवा विभाग, मासिक मेनु र प्रवर्द्धनका बारेमा थप जानकारीका लागि ww.slps.org मा जानुहोस्। **अभिभावक तथा विद्यार्थी ट्याबमा क्लिक गरेर खाद्य तथा पोषणसम्बन्धी सेवाहरूमा जानुहोस्।**

तपाईंको सुविधाका लागि स्वास्थ्य तथा स्वास्थ्यता नीति पनि SLPS डिस्ट्रिक्टको वेब पेज www.slps.org मा स्थित छ। **अभिभावक तथा विद्यार्थी ट्याबमा क्लिक गरेर स्वास्थ्य तथा स्वास्थ्य लाभमा जानुहोस्।** तपाईंसँग कुनै पनि प्रश्न भएमा खाद्य तथा पोषण सेवा विभागलाई (314) 345-4519 वा (314) 345-2308 मा सम्पर्क गर्नुहोस्।

### विशेष आहारसम्बन्धी आवश्यकताहरू

विशेष खाद्य योजना आवश्यक हुने वा विशेष खाद्य एलर्जीहरू भएका विद्यार्थीहरूसँग पूरा गरिएको OHS 18 (विशेष आहारका लागि औषधि पर्चा) हुनु पर्छ। यो फारम तपाईंको स्वास्थ्य नर्सबाट वा **www.slps.org अभिभावक तथा विद्यार्थीहरू, विद्यार्थीको स्वास्थ्य**मा गएर प्राप्त गर्न सकिन्छ। चिकित्सा प्रदायकको हस्ताक्षर र आमाबुबाको हस्ताक्षर दुवै आवश्यक पर्छ। जीवनलाई जोखिम पुर्‍याउने खालका खाद्य एलर्जीहरू भएका विद्यार्थीका लागि खाद्य एलर्जी कार्य योजना साथसाथै निर्देशित औषधिहरू (उदाहरण, बेनाड्रिल, इपि पेन्स) विद्यालयको स्वास्थ्य कार्यालयमा उपलब्ध गराउनु पर्छ। यी औषधिका लागि आमाबुवा र चिकित्सकद्वारा पूरा गरिने OHS 14 (औषधि सेवन गर्नका लागि अधिकार) आवश्यक पर्छ। औषधिहरूमा औषधि पर्चाको लेबुल लगाइएको र मौलिक भाँडोमा हुनु पर्छ भन्ने कुरामा ध्यान दिनुहोस्। आमाबुवा(हरू)/अभिभावकहरूले तपाईंको स्कूल नर्स वा स्वास्थ्य सेवाको नर्स समन्वयकलाई (314) 345-4401 मा सम्पर्क गर्नु पर्छ।

विद्यालयहरू र तिनीहरूको फोन नम्बरहरूको सूचीकरणका लागि कृपया डिस्ट्रिक्टको वेबसाइट www.slps.org मा जानुहोस्, तपाईं विद्यालय पुगेपछि स्कूल नर्सलाई सोध्नुहोस्।

# <u>प्रारम्भिक बाल शिक्षा</u>

**हाम्रो लक्ष्य** भनेको सबै SLPS प्रि-केजी विद्यार्थीहरू किन्डरगार्टेन र माथिका लागि तयार छन् भनी सुनिश्चित गर्नु हो।

**<u>मान्यताह</u>**
**<u>रू</u>**

- सबै बालबालिकाले सामाजिक आर्थिक स्थिति, जाति वा लिङ्ग जे भए तापनि अध्ययन गर्न सक्छन्।
- अध्ययन जन्मबाट नै सुरु हुन्छ।
- आमाबुबाहरू शिक्षा प्रक्रियामा सङ्‌लग्न भएको हुनु पर्छ।
- विद्यार्थीको अध्ययनका लागि निः पूर्ण, ध्यानमा राख्ने र सही तरिकाले समर्थित शिक्षाकर्मीहरू आवश्यक हुन्छन्।
- सबै बालबालिकाका लागि उच्च उपलब्धि प्रोत्साहन गर्नका लागि समुदाय सङ्‌लग्न हुनु पर्छ।
- St. Louis Public Schools विद्यार्थीहरूलाई विद्यालय समुदायमा साझेदारीहरू बनाएर अध्ययनमा बाधा पुर्‍याउने कुनै पनि अवरोधहरू आउन नदिनका निम्ति मद्दत गर्न प्रतिबद्ध छ।

**<u>लक्ष्यह</u>**
**<u>रू</u>**

- जन्मिएदेखि प्रिस्कूल उमेरको हुँदासम्म बालबालिकाको सामाजिक तथा भावनात्मक, शारीरिक, संज्ञानात्मक र भाषा विकास प्रोत्साहन गर्ने।
- हरेक बच्चाको विकासात्मक सीपहरूमा सुधार ल्याउने विकासात्मक रूपमा उपयुक्त क्रियाकलापहरूमा प्रत्येक परिवारलाई सङ्‌लग्न गराउने।
- आमाबुवा, बालबालिका, कर्मचारी र सामुदायिक साझेदारहरूलाई घर र विद्यालयबिचको सम्बन्ध बलियो बनाउने अनुभवहरू साझा गर्ने र योजना बनाउने कार्यमा सङ्‌लग्न गराउने।
- Saint Louis सहरमा बसोबास गर्ने सबै 3 र 4 वर्ष उमेरका बालबालिकालाई अध्ययनमा पहुँच उपलब्ध गराउने।

**<u>नामांकन</u>**

SLPS प्रि-केजी कार्यक्रमका लागि रजिस्ट्रेसन अर्को विद्यालय वर्षको फेब्रुअरी महिनाको पहिलो अवधिमा सुरु हुन्छ। थप जानकारीका लागि (314) 331-6150 मा कल गर्नुहोस् वा Slps.org/Early Childhood Education को सन्दर्भ लिनुहोस्।

परिवारहरूले रजिस्ट्रेसनमा विद्यालयको असाइनमेन्ट प्राप्त गर्नका लागि निम्न कागजातहरू लिएर आउनु पर्छ। कृपया सबै आवश्यक कागजातहरू ECE कार्यालयमा पेस नगरिँदासम्म तपाईंको रजिस्ट्रेसन प्रक्रिया सुरु हुन सक्दैन भन्ने कुरामा ध्यान दिनुहोस्।

- अधिकारी राज्यले जारी गरेको जन्म-दर्ता प्रमाणपत्र वा स्थापित सिल समावेश भएको राहदानी।
- आमाबुवा/कानुनी अभिभावकको पहिचान – मान्य सरकारद्वारा जारी गरिएको परिचय पत्र वा राहदानी।
- निवासको प्रमाण – आफ्नो वर्तमान ठेगानाका लागि आफ्नो नाममा वर्तमान उपयोगिता बिल (अमेरेन, स्पाइर वा St. Louis सहरको पानी विभागबाट प्राप्त) सहित St. Louis सहरको निवासी हुनु पर्छ। डिस्ट्रिक्ट कर्मचारीहरूले निवासका आवश्यकताहरू पनि पूरा गर्नु पर्छ।
- वार्षिक आम्दानीको प्रमाण – निम्नमध्ये एउटा: वर्तमान कर फिर्ता; W-2, SSI पत्र वा विवरण; SSA बजेट/लाभ प्रमाणीकरण पत्र; TANF पत्र; वा सबैभन्दा हालको फुड स्ट्याम बजेटको सारांश जसमा तपाईंको आम्दानी समावेश छ *(यसले $0.00 नगद लाभ सङ्केत गरे पनि)।*
- तपाईंको बच्चाको पछिल्लो वर्षको वर्तमान खोपसम्बन्धी रेकर्ड वा छुट प्राप्त कार्ड।
- लागू योग्य भएमा, बच्चाको वर्तमान स्वास्थ्य बीमाको प्रमाण।
- पछिल्लो वर्षका लिड र हेमोग्लोबिन सङ्‌ख्यात्मक नतिजाहरूसहित बच्चाको चिकित्सकद्वारा पूरा गरिएको वर्तमान शारीरिक परीक्षण।
- पछिल्लो वर्ष बच्चाको दन्त चिकित्सकद्वारा पूरा गरिएको वर्तमान दन्त चिकित्सा फारम।

**<u>ECE पाठ्यक्रमसम्बन्धी जानकारी</u>**

St. Louis Public Schools को ECE पाठ्यक्रमले मूल शैक्षिक क्षेत्रहरूमा औपचारिक रूपमा शिक्षा प्रदान गर्नु पर्ने छ। पाठ्यक्रमका क्षेत्रहरूमा सञ्चार कला (अङ्‌ग्रेजी), गणित, सामाजिक शिक्षा र विज्ञान पर्दछन्। पाठ्यक्रमले विद्यार्थीहरूलाई कला, व्यावहारिक कला, व्यावसायिक वा प्राविधिक शिक्षा र अन्य क्षेत्रहरूमा प्रदर्शन गर्नका लागि विशेष प्रतिभा र रुचिहरू विकास गर्न अवसरहरू पनि प्रदान गर्नेछ। शिक्षण र अध्ययन प्रक्रियामा आविष्कारशीलता र सिर्जनशीलताका लागि विचारणीय अवसर हुँदा अध्ययनको निरन्तरता सुनिश्चित गर्नका लागि विद्यालय प्रणालीमा सम्पूर्ण पाठ्यक्रम सामान्य हुने छ।

पाठ्यक्रम भनेको Missouri प्रारम्भिक अध्ययन मानकद्वारा मार्ग निर्देशित विद्यार्थीहरूको क्रमबद्ध शिक्षा अनुभवहरूको र परियोजना निर्माणका लक्ष्य र उद्देश्यहरूको योगफल हो। पाठ्यक्रमले बच्चाको योग्यता, विकास दर र अध्ययन शैलीहरूमा भिन्नता पहिचान गर्छ।

प्रत्येक विषय क्षेत्रको लिखित पाठ्यक्रम र/वा व्यक्तिगत पाठ्यक्रमका लागि शिक्षा बोर्डद्वारा स्वीकृत गरिने छ र शैक्षिक उपलब्धिमा सुधार ल्याउन बोर्डको प्रमुख प्राथमिकतालाई प्रतिबिम्बित गर्ने छ। पाठ्यक्रमले बोर्डद्वारा स्वीकृत रणनीतिक योजनामा समावेश भएका सिफारिसहरूलाई प्रतिबिम्बित गर्ने छ। डिस्ट्रिक्टले विद्यार्थीका शैक्षिक आवश्यकताहरूको आधारमा पाठ्यक्रमको मूल्याङ्कन, निरीक्षण र समीक्षा गर्ने छ।

SLPS प्रि-केजी कक्षा कोठाहरूमा परियोजना निर्माण कार्यान्वयनमा छ, जुन *प्रारम्भिक बाल्यावस्था पाठ्यक्रम प्रारूप हो जहाँ शिक्षा कर्मीहरूले* प्रत्येक बच्चालाई शारीरिक र सामाजिक संसारमा आफ्ना अन्तरक्रियाहरूको परिणाम स्वरूप आफ्नो ज्ञान र मान्यताहरू सक्रियताका साथ निर्माण गर्न प्रोत्साहित गर्नुहुन्छ। हाम्रा कक्षा कोठाहरूले Missouri प्रारम्भिक अध्ययन मानक र डिस्ट्रिक्टको परिपूर्ण पाठ्यक्रमसँग पङ्क्तिबद्ध भएका व्यक्तिगत तथा सामूहिक क्रियाकलापहरूको पनि योजना बनाउँछन्।

SLPS ले "DRDP" को रूपमा चिनिने इच्छित नतिजाहरूको विकासात्मक प्रोफाइल भनिने Missouri इलिमेन्टरी तथा सेकेण्डरी शिक्षा विभागको सिफारिस गरिएका मूल्याङ्कन अपनाएको छ। DRDP भनेको युवा बालबालिका र परिवारका लागि एक रचनात्मक मूल्याङ्कन साधन हो जुन निर्देशन र कार्यक्रम विकासको बारेमा सूचित गर्न प्रयोग गरिन्छ।

थप जानकारीका लागि कृपया यहाँ जानुहोस्:
• SLPS पाठ्यक्रमको संक्षिप्त विवरण: *http://sab.slps.org/Board_Education/policies/6140.htm*
• परियोजना निर्माण: *projectconstruct.org*
• इच्छित नतिजाहरूको विकासात्मक प्रोफाइल (DRDP): *desiredresults.us*
• सहयोग पूर्ण कक्षा कोठा केन्द्र (CCC): *collaborativeclassroom.org*
• इलिमेन्टरी तथा सेकेण्डरी शिक्षा विभाग (DESE): *dese.mo.gov*

**अनुशासनसम्बन्धी अपेक्षाहरू**

- शिक्षा कर्मीहरूले बच्चा र अवस्थाको आधारमा विभिन्न रणनीतिहरूको प्रयोग गर्न सक्नुहुन्छ। यी रणनीतिहरूमा निम्न पर्दछन् तर यतिमा मात्र सीमित छैन: बच्चाको ध्यानाकर्षण प्राप्त गर्ने, बच्चासँग नजिक रहने, बच्चालाई नियम र अपेक्षाका बारेमा सम्झाउने, सीमाहरू सेट गर्नु अघि भावनाहरू स्वीकार गर्ने, व्यवहारलाई पुनर्निर्देशित वा डाइभर्ट गर्ने, उमेरसँग उपयुक्त हुने छनोटहरू प्रस्ताव गर्ने र प्राकृतिक परिणामहरूको परिभाषित गर्ने।
- बच्चासँग सम्बन्ध भएका वयस्कहरूको जिम्मेवारी अनुशासन हुने छ। बच्चाले अस्वीकार्य व्यवहारको ढाँचा प्रदर्शन गर्दा शिक्षाकर्मी/प्रधानाध्यापकले आमाबुबालाई यसबारे सूचित गर्नु हुने छ।
- शिक्षाकर्मी/प्यारा-पेशागत कर्मचारी वा प्रधानाध्यापकले बच्चाका आवश्यकताहरू पूरा गर्ने बाहिरी सिफारिसहरूसहित तर यतिमा मात्र सीमित नभई योजना तयार गर्नका लागि बच्चाको आमाबुवा र/वा अभिभावकसँग भेटघाट गर्नु हुने छ।

प्रारम्भिक बाल्यावस्था विशेष शिक्षा, उपस्थिति, चिकित्सा जानकारी, अभिभावकका स्रोतहरू: कृपया http://www.slps.org//Domain/36 मा जानुहोस्

# स्वास्थ्य सेवाहरू

**कृपया विद्यार्थीहरूले नयाँ खोपहरू लगाउँदा अद्यावधिक रेकर्डहरू उपलब्ध गराएर खोपसम्बन्धी रेकर्डहरू नवीनतम छन् भन्ने कुरा सुनिश्चित गर्नुहोस्। अभिभावकहरू** https://www.slps.org/Page/43936 **मा गएर चिकित्सा फारमहरू पुनः प्राप्त गर्न सक्नुहुन्छ**।

**शारीरिक जाँचहरू**

चियरलिडिङ र एथलेटिक टोलीसँग सहभागी हुने सबै विद्यार्थीहरूले स्कूल नर्स र एथलेटिक कार्यालयसँग खेलकुदको शारीरिक परीक्षण रिपोर्ट दायर गर्नु पर्ने छ। एथलेटिक शारीरिक फारम स्कूल नर्स, प्रशिक्षाकर्मी मार्फत वा डिस्ट्रिक्टको वेबसाइट https://.www.slps.org/Page/43936 मा उपलब्ध छ।

-

**खोपहरू**

(राज्य कानुनको खण्ड 167.181RSMo) ले विद्यार्थीहरूलाई विद्यालयमा उपस्थित हुनका लागि नवीनतम सट रेकर्ड दायर गर्न आवश्यक गराउँछ। प्रिस्कूल र विद्यालय जाने उमेरका बालबालिकाका लागि तालिकाहरू अभिभावक तथा विद्यार्थी लिङ्क, विद्यालय स्वास्थ्यअन्तर्गत स्कूल डिस्ट्रिक्टको वेबसाइटमा छन्।

रेकर्ड पूरा गर्नका लागि यसमा खोप लगाएको महिना, मिति र वर्ष समावेश छ भनी सुनिश्चित गर्नुहोस्।

**औषधिहरू:**

नीति P5141.5 विद्यालयमा औषधिसम्बन्धी बोर्डको नीति हो।

विद्यार्थीलाई औषधि दिनका लागि अधिकार (OHS-14) र/वा औषधि बोक्न र स्वयम् सेवन गर्नका लागि अनुमति (OHS-15) फारम, जुन विद्यार्थी स्वास्थ्य वेबसाइटमा वा स्कूल नर्सबाट प्राप्त गर्न सकिन्छ, ले विद्यालयमा प्रत्येक विद्यार्थीलाई औषधि दिँदा पालना गर्नु पर्ने प्रक्रिया पहिचान गर्छ। **फार्मेसीमा वा उत्पादित लेबल लगाइएको भाँडो वा प्याकेजमा भएका सबै औषधिहरू उपलब्ध गराउनका लागि आमाबुवा/अभिभावकहरू जिम्मेवार हुन्छन्।** विद्यालयले अधिकार प्राप्त कर्मचारीलाई मात्र प्रतिबन्धित पहुँच दिएर औषधिका लागि एक सुरक्षित, लक गरिएको भण्डारण उपलब्ध गराउने छ। यदि औषधिको पर्चा विद्यालय र घरबिच विभाजित भइरहेको छ भने विद्यालयमा प्रयोग गर्नुपर्ने आपूर्ति औषधि पर्चाको लेबुलसँगै एउटा भाँडोमा छ भन्ने कुरा सुनिश्चित गर्नुहोस्।

कृपया विद्यालयले आमाबुवा/अभिभावक र चिकित्सकद्वारा हस्ताक्षर गरिएको औषधि बोक्ने र स्वयं सेवन गर्ने अनुमति (OHS 15) प्राप्त नगर्दासम्म उनीहरूसँग विद्यालयमा औषधि नपठाउनुहोस्। आमाबुवा/अभिभावकहरू वा उहाँहरूद्वारा निर्दिष्ट गरिएको जिम्मेवार वयस्कले सबै औषधिहरू विद्यालयमा डेलिभर गरेर सिधै स्कूल नर्स वा नर्सको डिजाइनीलाई दिनु पर्छ। Schedule 2s भनिने केही प्रकारका औषधिहरू ल्याउने वयस्क र प्राप्त गर्ने कर्मचारी सदस्यद्वारा वास्तविक रूपमा गणना गरिएको हुनु पर्छ।

तपाईं वा औषधि निर्देशित गर्ने चिकित्सकका लागि प्रमाणीकरण फारमहरू विद्यार्थी स्वास्थ्यमा क्लिक गरेर आमाबुवा तथा विद्यार्थी लिङ्कअन्तर्गत हाम्रो वेबसाइट www.slps.org मा उपलब्ध छन्। कृपया थप जानकारीका लागि आफ्नो बच्चाको विद्यालयमा स्कूल नर्सलाई सम्पर्क गर्नुहोस्।

**विशेष आहारसम्बन्धी आवश्यकताहरू**

विशेष खाद्य योजना (उदाहरण, खाद्यान्न एलर्जीका लागि वा टन्सिललेक्टोमी भएपछि) आवश्यक पर्ने विद्यार्थीहरूसँग आवश्यक पर्ने खाद्य योजनाको प्रकारलाई सङ्केत गर्ने चिकित्सकको औषधि पर्चा हुनु पर्ने छ। आमाबुवा(हरू)/अभिभावक(हरू) ले थप जानकारीका लागि खाद्य सेवाहरूलाई (314) 345-2308 वा (314)345-4519 मा सम्पर्क गर्नु पर्छ। (**OHS-18 फारम – *विशेष आहारका लागि औषधि पर्चा* - कृपया फारमको कुनामा आफ्नो बच्चाको नवीनतम फोटो राख्नुहोस्।** यो फारममा आमाबुवा र चिकित्सा प्रदायकद्वारा हस्ताक्षर गरिन्छ। यो डिस्ट्रिक्टको वेबसाइट http://www.slps.org/Domain/71 मा छ

**जीवनलाई जोखिम पुर्‍याउने खालका खाद्यान्न एलर्जीहरू**

खाद्यान्न एलर्जी कार्य योजनाको कार्यान्वयनमा अर्डर गरिएका इपि पेन्स र बेनाड्रिल जस्ता आपतकालीन औषधिहरूमा औषधि विक्रेताद्वारा सही तरिकाले लेबल लगाइएको हुनु पर्छ र स्कूल नर्सलाई उपलब्ध गराउनु पर्छ। औषधिहरूमा कार्य योजनाका अर्डरहरूसँग मेला खाने फार्मेसी लेबल हुनु पर्छ। कृपया विद्यालयको पहिलो दिन स्कूल नर्सलाई निर्धारित आपतकालीन औषधि र औषधि दिनका लागि अधिकार फारम (OHS 14) उपलब्ध गराउनुहोस्। भोजन प्रतिस्थापनहरूको प्रावधान चिकित्सकको आदेशद्वारा मात्र हुन्छ- OHS-18। इलिमेन्टरी तथा सेकेण्डरी शिक्षा विभाग (DESE) ले विद्यार्थीलाई प्रदान गरिएको भन्दा केही फरक दिनका लागि चिकित्सकको आदेश आवश्यक गराउँछ। हाम्रो एलर्जीसम्बन्धी सम्पूर्ण नीति तथा कार्यविधिहरू www.slps.org >>बोर्डको नीतिहरू>>अनुच्छेद 5, 5142P र 5142R मा राखिएका छन्।

थप मद्दतको आवश्यक परेमा स्कूल नर्स समन्वयकलाई 314-345-4401 मा सम्पर्क गर्नुहोस्।

# सुरक्षा र संरक्षण

St. Louis पब्लिक स्कूलको सुरक्षा तथा संरक्षण विभागले हाम्रा विद्यार्थी, कर्मचारी, कामदार र आगन्तुकहरूलाई सुरक्षित र संरक्षित अध्ययन र कार्य वातावरण उपलब्ध गराउनका लागि उद्योगहरूको उत्कृष्ट अभ्यास र अत्याधुनिक सुरक्षा प्रविधिको उपयोग गर्छ। सुरक्षा तथा संरक्षण विभाग सबै व्यक्तिहरूलाई निष्पक्षता, मर्यादा र सम्मानका साथ व्यवहार गरेर सर्वसाधारणको विश्वास र आत्मविश्वास कायम राख्ने आवश्यकता प्रति सधैँ सचेत रहन्छ।

व्यवस्थापन, सुपरभाइजर र कर्मचारीहरू St. Louis सहरको प्रहरी आयुक्त बोर्डद्वारा इजाजतप्राप्त भएका राम्रोसँग प्रशिक्षित पेशेवरहरू हुन् र St. Louis Public Schools का विद्यार्थी, कर्मचारी र आगन्तुकहरूको सुरक्षा गर्नका लागि सशक्त छन्। हामीले प्रत्येक विद्यालयमा आगन्तुकको प्रवेश निरीक्षण गर्नका लागि एक-बिन्दु प्रविष्टि प्रणाली, भिडियो निरीक्षण र इन्टकम छ भनी सुनिश्चित गरेर यसो गर्छौं। सुरक्षा विभाग सबै इलिमेन्टरी, मिडल र हाई स्कूलका स्थानहरूमा निर्दिष्ट गरिएका 140 अधिकारीहरूले बनेको हो। सबै स्थानहरूमा दिनहुँ 14 मोबाइल इन्सपेक्टरहरूद्वारा निरीक्षण गरिन्छ।

सुरक्षा विभागले प्रशिक्षण र शैक्षिक अवसरका लागि विद्यालय प्रशासक, जोखिम व्यवस्थापनमा टोली, आमाबुवा तथा विद्यार्थी सङ्लग्नता विभाग, पारिवारिक अदालत, सङ्घीय आपतकालीन व्यवस्थापन निकाय, शिक्षा विभाग, St. Louis महानगरीय प्रहरी विभाग र अन्य बाह्य निकायहरूसँग पनि नजिकबाट काम गर्छ।

सुरक्षा कर्मचारी SLPS सम्पत्तिको भित्री र बाहिरी परिधिमा पेट्रिलिङ गर्न र यहाँ इलिमेन्टरी, मिडल र हाइ स्कूलका स्थानहरूमा घट्ने घटनाहरूमा प्रतिक्रिया जनाउनका लागि जिम्मेवार हुन्छ, भवनमा प्रवेश गर्ने प्रत्येक व्यक्तिलाई स्टेसनरी मेटल डिटेक्टरद्वारा वा त्यसपछि ह्याण्ड वान्डद्वारा स्क्रिन गरिनु पर्छ र उनीहरूको ठेगाना हरेक समय लेखेर राख्नु पर्छ। कर्मचारीहरूलाई निरीक्षणको क्रममा दृश्यवान कम्पनी पहिचान उत्पादन गर्न अनिवार्य ठानिन्छ।

विद्यार्थी सङ्लग्न भएका घटनाहरूसँग सम्बन्धित सबै सोधपुछहरू सर्वप्रथम विद्यालय प्रशासकसँग गरिनु पर्छ, त्यसपछि अनुसन्धानको अनुसरणका लागि उचित सूचनाहरू बनाइने छ।

# यातायात

स्कूल बसमा यात्रा गर्नु एक सुविधा हो – अधिकार होइन। अनुचित व्यवहारको परिणाम स्वरूप विद्यार्थीलाई अस्थायी वा स्थायी रूपमा बसमा यात्रा गर्नबाट वञ्चित गर्न सकिन्छ। बसको चालक उत्तरदायी व्यक्ति हो। विद्यार्थीहरूले चालकको आज्ञा पालन गर्नु पर्छ। डिस्ट्रिक्टको स्वामित्वमा रहेको वा करार गरिएको बसमा विद्यार्थीद्वारा गरिने कुनै पनि अपराधका लागि त्यसैगरी दण्डित गरिने छ जसरी विद्यार्थीको निर्दिष्ट विद्यालयमा अपराध गर्दा गरिएको थियो। बस भनेको कक्षा कोठाको विस्तार हो र दुर्व्यवहार सहन गरिने छैन। विद्यार्थीहरू आफ्नो निर्दिष्ट गरिएका बसहरूमा यात्रा गर्नु पर्ने छ। बसमा हुने क्रियाकलाप रेकर्ड गर्नका लागि हरेक बसमा र बसको ढोकामा दुई (2) वटा डिजिटल क्यामेरा छ।

**बसमा यात्रा गर्नका लागि प्रतीक्षा गर्ने विद्यार्थीका जिम्मेवारीहरू**

1. आफ्नो निर्धारित समयभन्दा पाँच (5) मिनेट अगावै बस बिसौनीमा आइ पुग्नुहोस्। बस निर्दिष्ट गरिएको समयमा हिँड्नु पर्छ। बस कम्पनीलाई बस ढिलो भएको सम्बन्धमा सम्पर्क गर्नका लागि बसको निर्धारित समय भएपछि दश (10) मिनेट पर्खनुहोस्।
2. बस नरोकिँदासम्म पर्खनुहोस्।
3. सडकमा बस आइरहने हुँदा त्यहाँबाट अलि टाढा उभिनुहोस्।
4. बसमा चढ्नका लागि शान्त तरिकाले सीधा लाइन बनाउनुहोस्।
5. बस बिसौनीको वा नजिकैको सम्पत्तिमा फोहोर गर्ने वा क्षति पुऱ्याउन निषेधित छ। फुटपाथमा पुस्तक, कपडा र अन्य सामग्रीहरू नराख्नुहोस्।
6. विद्यार्थीको व्यवहारलाई नियन्त्रण गर्ने सबै आचरण नियमहरूको अनुसरण गर्नुहोस्।
7. प्रधानाध्यापक, आमाबुवा/अभिभावकलाई कुनै पनि संदिग्ध व्यक्ति वा क्रियाकलापका बारेमा रिपोर्ट गर्नुहोस्।
8. समूहसँगै बस्नुहोस् अपरिचित व्यक्तिहरूसँग कुरा गर्ने वा अपरिचित कारमा जाने नगर्नुहोस्।

**सुरक्षा नियमहरू: हाम्रा बालबालिकाको सुरक्षा हाम्रो लागि महत्त्वपूर्ण छ। कृपया तपाईंको विद्यार्थीले बस बिसौनीमा मास्क लगाउनुभएको र सामाजिक दूरी अभ्यास गर्नुभएको कुरा सुनिश्चित गर्नुहोस्। नयाँ कोरोना भाइरस (COVID-19) महामारीका मार्गनिर्देशनहरूको कारणले गर्दा तपाईंको बच्चाले बसमा यात्रा गर्ने समयमा फेस मास्क लगाउन आवश्यक पर्छ। प्रत्येक विद्यार्थीले निर्दिष्ट गरिएको सिट पाउने छ र पूर्वाह्न तथा अपराह्नको समयमा निर्दिष्ट गरिएको रुटमा मात्र यात्रा गर्ने छ। विद्यार्थीहरूले बस र COVID-19 विरुद्धका सुरक्षा नियमहरूको अनुपालन गर्नु पर्छ।**

**आफ्नो GOOGLE PLAY वा APPLE STORE बाट FIRST VIEW एप डाउनलोड गरेर त्यसमा साइन अप गर्नुहोस्।**

**बसमा यात्रा गर्दा विद्यार्थीका जिम्मेवारीहरू**

1. तुरुन्तै र अगाडि फर्केर बस्नुहोस्। तपाईंको बिसौनीमा बस नपुग्दासम्म र तपाईंले बसबाट झर्ने निर्देशनहरू प्राप्त नगर्दासम्म बसि राख्नुहोस्।
2. पुस्तक र सबै व्यक्तिगत सामग्रीहरू आफ्नो काखमा राख्नुहोस्। बसको गल्ली ब्लक नगर्नुहोस्।
3. कुनै पनि जातिका घरपालुवा जनावर र जनावरलाई बसमा ल्याउने अनुमति छैन।
4. बसको बाहिर हात, खुट्टा वा टाउको लम्बाउन निषेधित छ।
5. बसभित्र वा झ्याल बाहिर वस्तुहरू फाल्न निषेधित छ।
6. आपतकालीन अवस्थामा बाहेक अरू बेला बस चालकलाई कुरामा भुलाउने काम नगर्नुहोस्।
7. बसको उपकरण हेरफेर गर्न वा क्षति पुर्‍याउन निषेधित छ। विद्यार्थी र आमाबुवा/अभिभावकहरूलाई उत्तरदायी ठहर गराइने छ।
8. लड्ने, धकेल्ने, ठेल्ने वा ठूलो आवाजमा अवरोधहरू सिर्जना गर्ने कार्य निषेधित छ।
9. धूम्रपान गर्ने, खाने र पिउने कार्यका लागि अनुमति छैन।
10. फोहोरलाई बस अगाडि नजिकै उपलब्ध गराइएको डब्बामा फाल्नुहोस्।
11. अपशब्द वा अश्लीलता इशाराहरूको प्रयोग गर्न निषेधित छ।
12. कुनै पनि प्रकारका हतियार वा खतरनाक साधनहरू ल्याउन निषेधित छ।
13. St. Louis महानगरीय प्रहरीले कुनै पनि समयमा कुनै पनि स्कूल बसलाई रोकेर गैरकानुनी वस्तुहरू खोज्न सक्छ भन्ने कुरामा सचेत रहनुहोस्। हतियार, मदिरा, लागू पदार्थ, आदिसँग भेटिएका विद्यार्थीहरूलाई गिरफ्तार गरिने छ।
14. विद्यार्थीको व्यवहारलाई नियन्त्रण गर्ने सबै आचरण नियमहरूको अनुसरण गर्नुहोस्।

**आमाबुवाका जिम्मेवारीहरू**

1. यो खण्ड र पेज 18 को यातायात खण्ड पढ्नुहोस्, त्यसबारे छलफल गर्नुहोस् र समीक्षा गर्नुहोस्
2. तपाईंका बालबालिकालाई सबै स्थापित मार्गनिर्देशनहरूको अनुसरण गर्न प्रोत्साहित गर्नुहोस्।
3. आफ्नो बस चालकका बारेमा थाहा पाउनुहोस्।
4. लापरवाही तरिकाले चलाइरहेको कुनै पनि स्कूल बसका कुनै पनि सम्बन्धित ट्राफिक खतरा वा दुरुपयोगका बारेमा (314)633-5107 मा रिपोर्ट गर्नुहोस्।
5. स्कूल बस र स्कूल बसका बिसौनीहरूमा अवलोकन गरिएका सबै दुर्व्यवहारका बारेमा प्रधानाध्यापकलाई रिपोर्ट गर्नुहोस्।
6. बस चालकले आवश्यक परेको बेला पुनः प्राप्त गर्न सक्ने ठाउँमा आफ्नो बच्चाको पहिचान राख्नुहोस्।
7. बसमा चढ्ने/बसबाट झर्ने बिसौनीहरूमा अवलोकन गरिएका कुनै पनि अपरिचित व्यक्तिका बारेमा प्रहरीलाई रिपोर्ट गर्नुहोस्।
8. बसको निर्धारित समयभन्दा पाँच (5) मिनेट अगाडि बालबालिका बस बिसौनीमा पुगेका छन् भनी हेर्नुहोस्।
9. आमाबुवा/अभिभावकले प्रिस्कूल र किन्डरगार्टेन विद्यार्थीहरूलाई दिउँसोको बस बिसौनीमा लीन आउनुभएको वा एक जिम्मेवार, निर्दिष्ट गरिएको युवा सहोदरले सम्हाल्नुभएको कुरा सुनिश्चित गर्नुहोस्।

**यातायातसम्बन्धी सरोकारका लागि कृपया यसमा सम्पर्क गर्नुहोस्:**

रुटसम्बन्धी परिवर्तन, सरोकार वा बसका समस्याका लागि (314) 389-1111, एक्सटेन्सन 1 (मार्ग विभाग)।
बसको स्थिति **"2"** बाट सुरु हुने र तपाईंको बच्चाले बस छुटाउनु भएमा सबै रुटका लागि (314) 389-1111, एक्सटेन्सन 2 (डिस्प्याच)
।
बसको स्थिति **"1"** बाट सुरु हुने र तपाईंको बच्चाले बस छुटाउनु भएमा सबै रुटका लागि (314) 772-3184 ।

## क्याम्पसमा आउने आगन्तुकहरू

Saint Louis Public Schools ले हाम्रा विद्यार्थी, कर्मचारी र आगन्तुकका लागि स्वागतमय र सुरक्षित वातावरण उपलब्ध गराउन प्रयास गर्दछ। हाम्रा विद्यालयहरूमा सबैजनाको सुरक्षाका लागि र व्यवस्थित रूपमा अध्ययन गर्ने वातावरण कायम राख्नका लागि निम्न नियमनहरू डिस्ट्रिक्ट स्कूलका सबै भवनहरूमा कार्यान्वयन गरिएका छन्:

• आमाबुवा, डिस्ट्रिक्ट कर्मचारी र स्वयंसेवकलगायतका सबै आगन्तुकहरू भवनमा प्रवेश गर्दा विद्यालयको कार्यालयमा

उपस्थित हुन आवश्यक छ। आगन्तुकहरूलाई आगन्तुक ब्याज दिइने छ र उहाँहरूले विद्यालयमा हुँदा त्यो देखाउन आवश्यक छ।

- कक्षा कोठामा अवलोकन गर्न चाहनुभएका आमाबुवा/अभिभावकहरूले विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको डिजाइनीसँग स्वीकृति लिएपछि त्यसो गर्न सक्नुहुन्छ।
- सबै आगन्तुकहरूलाई व्यक्तिगत पहिचान कार्ड उपलब्ध गराउन अनुरोध गरिने छ।
- सबै आगन्तुकहरूले विद्यालयको अध्ययन वातावरणलाई सम्मान गर्न आवश्यक पर्छ। अशान्त व्यवहारमा सङ्लग्न हुने आगन्तुकहरूले अनधिकार प्रवेश निषेध आदेश प्राप्त गर्न सक्छन्, गिरफ्तार हुन सक्छन् र अभियोग लाग्न सक्छ।

# धम्कीसम्बन्धी सचेतना

"धम्की" भनेको डराउन दिने, अनावश्यक आक्रामक व्यवहार वा उत्पीडन हो जुन दोहोरिन्छ वा मूलभूत रूपमा दोहोरिने सम्भावना हुन्छ र उचित विद्यार्थीलाई उनीहरूको शारीरिक सुरक्षा वा सम्पत्तिमा डर हुन्छ; अपवादविना कुनै पनि विद्यार्थीलाई शैक्षिक प्रदर्शन, अवसर वा लाभहरूमा मूलभूत रूपमा हस्तक्षेप गर्छ; विद्यालयको क्रमिक सञ्चालन मूलभूत रूपमा अस्त-व्यस्त हुन्छ। धम्कीमा इशारा वा मौखिक कार्य, साइबर बदमासी, विद्युतिय वा लिखित सञ्चार र उक्त कार्य रिपोर्ट गरिएमा प्रतिशोधको कुनै पनि खतरासहित शारीरिक कार्यहरू समावेश छन्। विद्यालय सम्पत्ति, विद्यालयको कुनै पनि कार्य वा विद्यालय बसमा विद्यार्थीलाई धम्की दिन पाइँदैन।

**धम्कीसम्बन्धी तथ्यहरू**

- धम्की जिस्काउनेभन्दा ठुलो कार्य हो।
- धम्की कुनै व्यक्तिको सामाजिक स्थितिमा जानीबुझी क्षति पुर्‍याउन दिइने गरिन्छ।
- जोकोहीले पनि धम्की दिन सक्छन्।
- जोकोही पीडित हुन सक्छन्।
- धम्की आधुनिक समस्या होइन।
- धम्कीले सबै जनालाई प्रभाव पार्छ।
- धम्की गम्भीर समस्या हो।
- विद्यालय, परिवार र समुदायले यसका समाधानहरू खोज्नका निम्ति मिलेर काम गर्न सक्छन्।
- विस्तृत योजनामार्फत उत्कृष्ट नतिजाहरू प्राप्त हुने छन्।
- जोखिममा भएका बालबालिकालाई मद्दत गर्न सकिन्छ।
- बालबालिकाको सुरक्षाका लागि विद्यालय, परिवार र समुदाय उत्तरदायी हुन्छन्।
- धम्की संयुक्त राज्य अमेरिकामा मात्र नभई संसारभर नै दिइने गरिन्छ; विद्यालयहरूमा धम्की सर्वव्यापी छ।

**धम्कीका प्रकारहरू**

- शारीरिक – धकेल्ने, धक्का दिने, हिर्काउने, खुट्टाले हान्ने, घुम्ने, चिमोट्ने, आदि
- मौखिक – जिस्काउने वा नाम भनेर बोलाउने, अपमान गर्ने वा लज्जास्पद टिप्पणी गर्ने, खतराहरू, आदि
- सामाजिक – अफवाह फैलाउने, झुटो बोल्ने वा कुरा काट्ने; डराउन दिने, दबाब दिने, बहिष्कार गर्ने
- साइबर बदमाशी – अर्को विद्यार्थीलाई डराउन दिन, उत्पीडन गर्न वा बाधा पुर्‍याउन प्रविधि प्रयोग गर्ने
- प्रत्यक्ष – धम्की शारीरिक तथा मौखिक धम्की जस्ता तक्काल दिइने धम्की हुँदा। यो पहिचान गर्न अझ सजिलो छ।
- अप्रत्यक्ष – धम्की तत्कालीन नहुँदा र पहिचान गर्न कठिन हुँदा। यसमा मौखिक, सामाजिक र साइबर बदमाशीहरू पर्छन्।

**विद्यार्थीहरू किन धम्की दिन्छन्**

विद्यार्थीहरूले धम्की दिने केही एकदमै सामान्य कारणहरू निम्न हुन्:

- अर्को विद्यार्थीमाथि पावर देखाउन र नियन्त्रण गर्न मन पराउने भएकाले
- साथीहरूलाई सुरक्षित गर्न वा प्रतिशोध लीन चाहेकाले
- आफू उदासीबाट मुक्त हुन र रमाउन चाहेकाले
- व्यवहार लुकाउन वा वयस्कहरूले सूचित नगर्दा त्यसो गर्न राम्रोसँग आउने भएकाले
- अन्यसितको विवादका बारेमा उत्साहित महसुस हुनाले
- अन्यलाई आफ्नो समस्या र कार्यका सम्बन्धमा आरोप लगाउने भएकाले

- अन्यलाई प्रभावित पारेर ध्यानाकर्षण केन्द्रित गर्न मन पर्ने भएकाले
- अन्य माथि प्रभुत्व राख्न वा हेरफेर गर्न खोज्ने भएकाले। अन्यलाई सम्मान गर्नुहुन्न।
- अन्य विद्यार्थीको डर, असहजता वा दुखाइबाट सन्तुष्टि वा आनन्द प्राप्त गर्ने भएकाले
- अन्यका लागि थोरै वा कत्ति पनि नभएको सहानुभूति महसुस गर्ने भएकाले
- अन्य प्रति असहिष्णुता र पक्षपात देखाउने भएकाले

**विद्यार्थीलाई धम्की दिइएको हुन सक्ने सङ्केतहरू**

- विद्यालयको कार्य वा कार्यको गुणस्तरमा रुचि घटेको
- अस्थिर विद्यालय उपस्थिति, उच्च अनुपस्थिति
- अबेरसम्म विश्राम गर्न जाने र छिट्टै फर्कने। लन्च, खाली समयमा वयस्कहरूको साथलाई प्राथमिकता दिने।
- मजा लिएपछि विद्यालय क्रियाकलापहरू ड्रप गर्ने
- कक्षामा ध्यान केन्द्रित गर्न कठिनाइ वा मनोदशा वा व्यवहारमा तत्काल परिवर्तनहरू
- अलग बस्ने, छुट्टिने, चिन्तित, डराएको, स्वयंलाई आरोप लगाउने देखिने
- "पीडित" को शारीरिक हाउभाउ प्रयोग गर्ने – काँध झुकाउने, टाउको निहुराउने, आँखा जुधाउन नखोज्ने
- कम वा केही सामाजिक सीपहरू: साथीहरू नबनाउने वा केही साथीहरू बनाउने
- मजाक गर्ने मनोवृतिमा कमी वा अनुपयुक्त हास्यको प्रयोग
- अन्य विद्यार्थीहरूलाई धम्की दिन अचानक सुरु गर्ने
- कम वा कत्ति पनि नभएको आत्मविश्वास वा आत्म सम्मान। निराशाको बढी दर।
- बारम्बार बिमारी वा अस्पष्ट कोतर्ने, चोट लाग्ने वा कपडा वा सम्बन्धमा क्षति
- उनलाई अन्य विद्यार्थीहरूबाट छुट्टाउने विशेषता प्रति लज्जित भएको देखा पर्ने
- भाग्ने, आत्महत्या गर्ने वा अन्य खतरनाक व्यवहारका बारेमा कुराकानी गर्ने

**विद्यार्थीहरू: आफूलाई धम्की आएमा के गर्ने**
**यी कार्य गर्नुहोस्:**

- सक्दो छिटो टाढा ज ानुहोस्
- आफूले विश्वास गर्ने वयस्कलाई बताउनुहोस् जसकारण उहाँ धम्की रोक्न सक्नुहुन्छ। आफूलाई कस्ले धम्की दियो, के भयो र कहाँ र कहिले भयो भन्ने कुराको रिपोर्ट गर्नुहोस्। रिपोर्ट गर्नु भनेको कसैलाई सूचित गर्नु होइन – यसले तपाईं र अन्यलाई सुरक्षित राख्ने छ।
- साथी वा परिचित व्यक्तिलाई घनिष्ठ बनाउनुहोस्। धम्की दिने मान्छेहरूले धेरैजसो आफू जस्तै विद्यार्थीलाई धम्की दिने गर्छन्।
- तपाईंले धम्की दिने व्यक्तिको समाना गर्दा सोचेर धम्कीबाट बच्नुहोस् र उक्त स्थानहरूबाट टाढा रहनुहोस्। यो तपाईं जानु पर्ने ठाउँ हो भने आफूसँग साथीलाई लिएर जानुहोस्।
- तपाईं खतरा अवस्थामा हुनुहुन्न भने आफ्नो लागि उठ्नुहोस्। सीधा उठ्नुहोस्, धम्की दिने मान्छेको आँखामा हेर्नुहोस् र आत्मविश्वासको साथमा "मलाई एक्लै छाडिदिनुहोस्" भन्नुहोस्।

**यी कार्य नगर्नुहोस्:**

- झगडाले धम्की दिने मान्छेलाई अझ उदास बनाउने र उसले तपाईंलाई चोट पुर्‍याउन सक्ने भएकाले झगडा नगर्नुहोस्।
- धम्कीसम्बन्धी परिस्थितिको वेवास्ता नगर्नुहोस् र यो रोकिने छ भन्ने आशा गर्नुहोस्।
- आफ्नै मनमा राखी नराख्नुहोस्। वयस्कलाई बताउन नभुल्नुहोस्।

**अभिभावकहरू: आफ्नो बच्चालाई धम्की आएमा के गर्ने**
**यी कार्य गर्नुहोस्:**

- विद्यालयले सम्पर्क गरेका खण्डमा शान्त रहनुहोस् र आक्रामक नबन्ने वा नरिसाउने प्रयास नगर्नुहोस्।
- यो कुरालाई गम्भीर रूपमा लिनुहोस् र क्षमा नमाग्नुहोस्।
- धम्कीका परिणामहरू निर्धारण गर्नुहोस्, तपाईंको बच्चालाई परिणामहरू थाहा छन् भन्ने कुरा सुनिश्चित गर्नुहोस् र ती परिणामका बारेमा निष्पक्ष ढङ्गले र निरन्तर रूपमा सम्झाउनुहोस्।
- आफ्नो बच्चालाई नरिसाउने र निराश नहुने उपयुक्त तरिकाहरू सिकाउनुहोस्।
- आफ्नो बच्चालाई धम्की स्वीकारयोग्य छैन भनी स्पष्ट रूपमा र दृढतापूर्वक बताउनुहोस्।
- आफ्नो बच्चालाई सकारात्मक व्यवहारका लागि पुरस्कार दिनुहोस्।
- आफ्नो बच्चालाई अन्यमा धम्कीले गर्दा परेको प्रभावका बारेमा बुझ्न मद्दत गर्नुहोस्।
- आफ्नो बच्चाका लागि धम्की परिशोध गर्ने सम्बन्धमा काम गर्नुहोस्।
- धम्की निरन्तर आएमा मद्दत वा परामर्श खोज्नुहोस्।

**अभिभावकहरू: आफ्नो बच्चालाई धम्की आएमा के गर्ने**
**यी कार्य गर्नुहोस्:**

• आफ्नो बच्चालाई धम्की आउनु उसको गल्ती होइन भन्ने कुरा सुनिश्चित गर्नुहोस्।
• आफ्नो बच्चालाई उसले एक्लै धम्कीको सामना गर्नु पर्दैन भन्ने कुरा थाहा दिनुहोस्।
• विद्यालय/प्रधानाध्यापक/शिक्षाकर्मीसँग आफ्नो बच्चालाई धम्कीबाट सुरक्षित राख्ने तरिकाका बारेमा कुराकानी गर्नुहोस्।
• आफ्नो बच्चालाई धम्कीहरूको जवाफ दिने उपयुक्त तरिकाका बारेमा बताउनुहोस्।
• आफ्नो बच्चालाई धम्कीप्रति प्रतिक्रिया जनाउनु हुँदैन तर धम्की जारी रहेका खण्डमा केही नगरी मद्दत लिनु पर्छ भन्ने कुरा बताउनुहोस्।
• आफ्नो बच्चालाई स्वीकारात्मक बन्न तर आक्रामक नबन्न सिकाउनुहोस्।
• आफ्नो बच्चालाई धम्की आउने बित्तिकै विश्वासिलो वयस्कलाई त्यसको बारेमा रिपोर्ट गर्न भन्नुहोस्।
• आफ्नो बच्चाको व्यवहार र अन्तरक्रियाको शैली ख्याल गर्नुहोस् र आफू उसलाई भविष्यमा यस्ता खालका परिस्थितिहरू व्यवस्थापन गर्न कसरी मद्दत गर्न सक्नुहुन्छ भन्ने विचार व्यक्त गर्नुहोस्।
• सहायता प्राप्त गर्न विद्यालयमा सम्पर्क गर्नुहोस्।
• उपयुक्त भएमा आफ्नो बच्चाका लागि परामर्श लिनुहोस्।

**यी कार्य नगर्नुहोस्:**

• बालबालिकालाई धम्कीसम्बन्धी समस्या आफै समाधान गर्न नभन्नुहोस्। मान्छेअनुसार सहन सक्ने शक्ति फरक हुने भएकाले धम्की पाएको बच्चामा बढी प्रभाव पर्न सक्छ। धम्कीसम्बन्धी समस्याहरू समाधान गर्न वयस्कको मद्दत चाहिन्छ।
• धम्की पाएको बच्चालाई धम्कीसँग लड्न नभन्नुहोस्। यसले कुनै पनि कुरा समाधान हुने छैन, कसैलाई दुःख लाग्न सक्छ र झगडा गर्नु विद्यालयसम्बन्धी नीतिविरुद्ध हुन्छ।
• धम्कीको परिस्थितिका बिचमा पर्ने प्रयास नगर्नुहोस्। "समस्याहरू समाधान" गर्न धम्की पाएका बालबालिकालाई अन्य धम्कीहरू दिनु कहिल्यै पनि राम्रो विचार भने होइन। धम्की पाएको बच्चाले कुनै कार्य गलत गरेको छैन भने मध्यस्थतामार्फत गलत सन्देश दिन्छ।
• पीडित वा धम्की पाएको व्यक्तिमध्ये कसैलाई पनि तुरुन्तै दोष नलगाउनुहोस्। यसको साटो के भइरहेको छ भन्ने कुरा पत्ता लगाउन सकेसम्म बढी जानकारी सङ्कलन गर्नुहोस् र सहायता प्राप्त गर्न विद्यालयमा सम्पर्क गर्नुहोस्।

# धम्की विरोधी नीति

**I. उद्देश्य**

डिस्ट्रिक्टको धम्की विरोधी नीति सबै विद्यार्थीहरूलाई एक सुरक्षित वातावरण आवश्यक हुन्छ भन्ने धारणामा आधारित छ। यस नीतिको उद्देश्य भनेको विद्यालय वातावरणमा विद्यार्थीहरूमाथि बदमासी, उत्पीडन वा अभित्रासको सम्बन्धमा, पीडितहरू माथि गरिएको समान प्रकारको बदमासी, उत्पीडन वा धम्काउने कार्यका बारेमा रिपोर्ट गर्ने व्यक्ति, साक्षी, वरिपरिका मानिसहरूको विरुद्धमा कुनै पनि प्रतिहिंसा वा प्रतिशोधको सम्बन्धमा डिस्ट्रिक्टको निषेधाज्ञा निर्धारित गर्नु र यस नीतिका उल्लङ्घनहरूको रिपोर्टिङ तथा अनुसन्धान प्रक्रिया र अनुशासनात्मक परिणामहरू स्थापित गर्नका लागि डिस्ट्रिक्टलाई निर्देशित गर्नु हो।

**II.**
**परिभाषाहरू**

A. "धम्की" भनेको डराउन दिने, अनावश्यक आक्रामक व्यवहार वा उत्पीडन हो जुन दोहोरिन्छ वा मूलभूत रूपमा दोहोरिने सम्भावना हुन्छ र उचित विद्यार्थीलाई उनीहरूको शारीरिक सुरक्षा वा सम्पत्तिमा डर हुन्छ; अपवादविना कुनै पनि विद्यार्थीलाई शैक्षिक प्रदर्शन, अवसर वा लाभहरूमा मूलभूत रूपमा हस्तक्षेप गर्छ; विद्यालयको क्रमिक सञ्चालन मूलभूत रूपमा अस्त-व्यस्त हुन्छ।

धम्कीमा इशारा वा मौखिक कार्य, साइबर बदमासी, विद्युतिय वा लिखित सञ्चार र उक्त कार्य रिपोर्ट गरिएमा प्रतिशोधको कुनै पनि खतरासहित शारीरिक कार्यहरू समावेश छन्।

विद्यालय सम्पत्ति, विद्यालयको कुनै पनि कार्य वा विद्यालय बसमा विद्यार्थीलाई धम्की दिन पाइँदैन।

B. "साइबर बदमासी" भन्नाले टेलिफोन, तारविहीन टेलिफोन वा अन्य तारविहीन सञ्चार यन्त्र, कम्प्युटर वा पेजरसहित तर यसमा मात्र सीमित नभएको विधुतिय यन्त्रको माध्यमद्वारा सन्देश, पाठ, ध्वनि वा फोटोसहितका सञ्चार प्रसारणमार्फत II (A) मा परिभाषित गरिएअनुसार गरिने बदमासी हो।

## III. नीतिसम्बन्धी मापदण्डहरू

A. निषेधाज्ञा

1. डिस्ट्रिक्टले विद्यालय सम्पत्तिमा वा विद्यालयद्वारा आयोजित समारोहहरूमा वा पब्लिक स्कूलमा विद्युतिय सञ्चारको प्रयोग गरेर कुनै पनि विद्यार्थीमाथि बदमासी, उत्पीडन वा अभित्रास हुनबाट निषेध गर्दछ।

2. डिस्ट्रिक्टले बदमासी, उत्पीडन वा अभित्रासका कार्यका बारेमा रिपोर्ट गर्ने व्यक्तिहरू वा पीडित, साक्षी, वरिपरिका मानिसहरू वा त्यस्ता कार्यका बारेमा विश्वसनीय जानकारी भएका अन्य व्यक्तिहरूको विरुद्धमा प्रतिहिंसा वा प्रतिशोध हुनबाट निषेध गर्दछ।

B. बदमासीका परिणामहरू

1. परिणाम र उपचारात्मक कार्यवाहीहरू बदमासी, उत्पीडन वा अभित्रासका कार्यहरूमा सङ्लग्न भएर यस नीतिको उल्लङ्घन गरेका; प्रतिहिंसा वा प्रतिशोधको कार्यमा सङ्लग्न भएका; वा यस नीतिको उल्लङ्घन भएको भनी गलत अभियोगहरू लगाउने व्यक्तिहरूमा लागू हुने छन्।

2. उपयुक्त अनुसन्धानमा यस नीतिको उल्लङ्घन भएको हो भनी खुलासा भएपछि सुपरिवेक्षकद्वारा विकास गरिएका परिणाम र उपचारात्मक कार्यवाहीहरू निरन्तर रूपमा र निष्पक्ष ढङ्गले लागू गरिने छ।

यस नीतिअन्तर्गत राम्रो नियतले बदमासी, उत्पीडन वा अभित्रासका कार्यका बारेमा रिपोर्ट गर्ने C. Saint Louis Public Schools का कर्मचारीहरू रिपोर्ट गर्दा कुनै पनि कार्य वा भूलचुक भएमा वा बदमासी, उत्पीडन वा अभित्रासका कार्यका बारेमा रिपोर्ट गर्न असफल भएमा शिष्टतापूर्वक उत्तरदायी हुँदैनन्।

## IV. कार्यान्वयनका रणनीतिहरू

A. रिपोर्टिङ

1. डिस्ट्रिक्टले बदमासी, उत्पीडन वा अभित्रासका कार्यहरू बा रिपोर्ट गर्नका लागि स्थापित प्रक्रियाहरू कायम राख्दछ (बदमासीको रिपोर्टिङ र अनुसन्धानसम्बन्धी नियमन)।

2. डिस्ट्रिक्टले बदमासीका घटनाका बारेमा रिपोर्टहरू प्राप्त गर्नका लागि डिस्ट्रिक्टको प्रत्येक विद्यालयमा एउटा व्यक्ति नियुक्त गर्नु पर्ने छ। उक्त व्यक्ति प्रत्येक विद्यालयमा प्रधानाध्यापक वा उहाँद्वारा नियुक्त गरिएको व्यक्ति (शिक्षाकर्मी तह वा उच्च तहको) हुनु पर्ने छ र बदमासीका घटनाका बारेमा रिपोर्टहरू प्राप्त गर्ने छ। बदमासीको उदाहरण रिपोर्ट गर्नका लागि प्रधानाध्यापक वा उहाँद्वारा नियुक्त व्यक्तिले भौतिक प्रतिलिपिमा वा विद्युतिय रूपमा पूरा गरिएको बदमासी रिपोर्ट फारम पेस गर्न आवश्यक हुन्छ (बदमासी रिपोर्ट फारम)।

3. डिस्ट्रिक्टका सबै कर्मचारीहरूले घटनाको साक्षी बसेको 2 दिनभित्र बदमासीका घटनाका बारेमा रिपोर्टहरू प्राप्त गर्नका लागि कर्मचारीलाई प्रत्यक्ष जानकारी भएको बदमासीको कुनै पनि उदाहरणको बारेमा विद्यालयमा नियुक्त गरिएको व्यक्तिलाई रिपोर्ट गर्न आवश्यक हुन्छ।

B. अनुसन्धान

डिस्ट्रिक्टले बदमासी, उत्पीडन वा अभित्रासका कथित कार्यहरूको प्रोम्प्ट अनुसन्धानका लागि स्थापित प्रक्रियाहरू कायम राख्दछ (बदमासीको रिपोर्टिङ र अनुसन्धानसम्बन्धी नियमन) हेर्नुहोस्।

विशेष गरी बदमासीको बारेमा रिपोर्ट/उजुरी प्राप्त गर्दा भवन प्रधानाध्यापक वा उहाँद्वारा नियुक्त गरिएको व्यक्तिले निम्न प्रक्रियाको पालना गर्नु पर्ने छ:

(a) बदमासीको घटनाका बारेमा रिपोर्ट प्राप्त गर्नेको दुई विद्यालय दिनभित्र, विद्यालयको प्रधानाध्यापक वा उहाँद्वारा नियुक्त व्यक्तिले

घटनाको अनुसन्धान सुरु गर्नु पर्ने छ;

(b) विद्यालयको प्रधानाध्यापकले अनुसन्धानमा सहायताका लागि अन्य विद्यालय कर्मचारीलाई नियुक्त गर्न सक्नुहुन्छ र

(c) अनुसन्धानको प्रकियालाई विस्तार गर्नका लागि राम्रो कारण नहुँदासम्म लिखित रिपोर्टको मितिबाट दश विद्यालय दिनभित्र अनुसन्धान पूरा गरिएको हुनु पर्छ।

C. नीतिको प्रकाशन

(a) डिस्ट्रिक्टको वेबसाइटमा, कर्मचारी हाते पुस्तिकामा र विद्यार्थी
आचार संहितामा नीति उपलब्ध गराइने छ। सबै शिक्षाकर्मी र कर्मचारीहरूलाई वार्षिक शिक्षाकर्मी तथा कर्मचारी प्रशिक्षणको अवधिमा नीति वितरण गरिने छ।

(b) डिस्ट्रिक्टले विद्यार्थीहरूसँग उल्लेखनीय सम्बन्ध भएका सबै विद्यालय कर्मचारी र स्वयंसेवकहरूलाई यहाँ व्याख्या गरिएका नीति तथा प्रक्रियाहरूको सूचना उपलब्ध गराउनु पर्ने छ।

(c) डिस्ट्रिक्टले विद्यार्थी, आमाबुवा वा अभिभावक र कर्मचारीहरूलाई आफ्नो बदमासी विरोधी नीतिको वार्षिक सूचना प्रदान गर्नु पर्ने छ। D. विद्यार्थी

छलफल र कर्मचारी प्रशिक्षण

1. डिस्ट्रिक्टले वार्षिक शिक्षाकर्मी तथा कर्मचारी सेवामा विद्यार्थीहरूसँग उल्लेखनीय सम्बन्ध भएका सबै कर्मचारी र स्वयंसेवकहरूलाई बदमासी र उपयुक्त प्रशिक्षाकर्मीसँग सम्बन्धित जानकारी उपलब्ध गराउने छ।

2. डिस्ट्रिक्ट प्रशासनले आफ्ना विद्यालय परामर्शदाता, सामाजिक कार्यकर्ता, मानसिक स्वास्थ्य पेशेवर र विद्यालय मनोवैज्ञानिकहरूलाई बदमासीका नकारात्मक प्रभावहरू कम गर्ने प्रविधिका बारेमा बदमासीबाट पीडित भएका विद्यार्थीहरूलाई शिक्षित गर्न निर्देशन दिनु पर्ने छ।

3. डिस्ट्रिक्ट प्रशासनले बदमासीलाई सम्बोधन गर्न, बदमासीका पीडितहरूलाई निन्दित नगराउने र स्रोत वा सिफारिसहरू उपलब्ध गराउने तरिकामा उक्त आचरणप्रति प्रतिक्रिया जनाउनका लागि कार्यक्रम र अन्य पहलहरू कार्यान्वयन गर्नु पर्ने छ।

4. डिस्ट्रिक्टले विद्यार्थीहरूलाई बदमासी, बदमासीका हानिकारक प्रभावहरूलाई निषेध गर्ने स्कूल डिस्ट्रिक्टको नीतिसँग सम्बन्धित जानकारीसहित बदमासीसँग सम्बन्धित शिक्षा र जानकारी र बदमासीको कार्य रिपोर्ट गर्ने कुनै पनि व्यक्तिको विरुद्धमा बदमासी, प्रतिहिंसा वा प्रतिशोधमा सङ्लग्न भएका व्यक्तिका लागि उत्तरदायित्व र नीति प्रवर्तन उपलब्ध गराउन विद्यार्थी पियर-टु-पियर पहलहरूसहित बदमासीलाई सम्बोधन गर्नका लागि अन्य प्रचलित पहलहरू उपलब्ध गराउनु पर्ने छ।

डिस्ट्रिक्टले समय-समयमा आफ्नो बदमासी-विरोधी नीतिको समीक्षा गर्ने छ र आवश्यक पर्दा संशोधन गर्ने छ। डिस्ट्रिक्टको विद्यालय बोर्डले नीतिको समीक्षा र संशोधन गर्दा विद्यालय कर्मचारी, विद्यार्थी र प्रशासकहरूको सहायता प्राप्त गर्ने छ।

# यौन दुर्व्यवहार/लैङ्गिक भेदभावसम्बन्धी नीति

कानुनद्वारा संरक्षित यौन दुर्व्यवहार यो डिस्ट्रिक्टमा निषेधित छ। शीर्षक IX अन्तर्गत यौन दुर्व्यवहारको परिभाषामा निम्नमध्ये एक वा थप पूरा गर्ने यौनको आधारमा आचरण समावेश हुन्छ:

- अनिच्छित यौन व्यवहारमा व्यक्तिको सहभागितासम्बन्धी शिक्षा कार्यक्रम वा क्रियाकलापको सहभागितामा सहायता, लाभ वा सेवालाई अनुकूलन गर्ने डिस्ट्रिक्ट कर्मचारी;
- एकदमै गम्भीर, व्यापक र उद्देश्यपूर्ण अपराधजनक हुन उचित व्यक्तिद्वारा निर्धारित अनिच्छित व्यवहार जसले शिक्षण कार्यक्रम वा क्रियाकलापमा व्यक्तिको समान पहुँचलाई प्रभावकारी रूपमा अस्वीकार गर्छ; वा
- 20 U.S.C. 1092(f)(6)(A)(v) मा परिभाषित गरिएअनुसार "यौन दुर्व्यवहार" 1092(f)(6)(A)(v), 34 U.S.C. 12291(a)(10) मा परिभाषित गरिएअनुसार "भेटघाट हिंसा", 34 U.S.C. 12291(a)(8) मा परिभाषित गरिएअनुसार "घरेलु हिंसा वा 34 U.S.C. 12291(a)(30) मा परिभाषित गरिएअनुसार पछ्याउने"।

कर्मचारीको व्यवहार "इच्छित" वा अन्यथा निमन्त्रित भए तापनि विद्यालय कर्मचारीद्वारा विद्यार्थीहरूसँग गरिने यौन दुर्व्यवहार निषेधित छ। यो नीति र नियमनका उद्देश्यका लागि मात्र, निषेधाज्ञामा क्याम्पसभन्दा बाहिर विद्यालयद्वारा प्रायोजित क्रियाकलापहरूसहित विद्यालय परिसरहरू र/वा विद्यालय क्रियाकलापहरूमा जाने सबै स्वयंसेवक र कुनै पनि गैर-कर्मचारीसहित पूर्ण-कालीन, आंशिक-समय, प्रतिस्थापित र अन्य कर्मचारीहरू समावेश हुन्छन्।

**<u>यौन दुर्व्यवहारका गैर-समावेशी उदाहरणहरू</u>**

**यौन प्रस्तावहरू**
अनिच्छित यौन प्रस्तावहरू विभिन्न मामिलाको आधारमा निर्धारित गरिन्छ र निम्नसहित तर यतिमा मात्र सीमित नरहेर समावेश हुन सक्छ:

- निमन्त्रणा जति नै सूक्ष्म भए तापनि यौनजन्य सम्पर्क निम्ताउनका लागि अभिप्रेरित कुनै पनि निमन्त्रण वा प्रस्ताव; वा
- विद्यालयसँग असम्बन्धित सामाजिक क्रियाकलापहरूमा सहभागी हुने निमन्त्रणाहरू जसमा सहभागी हुन अस्वीकार गरिएमा शैक्षिक अवसरहरू गुम्ने वा प्रतिकूल कार्यहरू निम्ताउने।

**यौन प्रकृतिको मौखिक व्यवहार**
यौन प्रकृतिको मौखिक व्यवहार विभिन्न मामिलाको आधारमा निर्धारण गरिन्छ र निम्नसहित यतिमा मात्र सीमित नरहेर समावेश हुन सक्छ:

- यौन रूपमा उत्तेजक वा सुस्पष्ट वाचन; वा
- सार्वजनिक रूपमा अभिव्यक्त गरिएका यौनजन्य कल्पनाहरू; वा
- यौन वा अश्लील प्रकृति बारे मजाकहरू; वा
- वर्गको रूपमा कुनै पनि लिङ्गसँग सम्बन्धित अपमानजनक टिप्पणीहरू; वा
- अपमानजनक टिप्पणीहरू; वा
- यौन प्रस्तावहरू पेस गर्न असफल भएकोमा परिणाम स्वरूप धम्कीहरू; वा
- यौन रूपमा सुस्पष्ट लेख वा अन्य यौनजन्य चित्रणहरू।

**यौन प्रकृतिको शारीरिक व्यवहार**
यौन प्रकृतिको शारीरिक व्यवहार विभिन्न मामिलाको आधारमा निर्धारण गरिन्छ र निम्नसहित यतिमा मात्र सीमित नरहेर समावेश गर्न सकिन्छ:

- अनुचित वा अनिच्छित तरिकाले छुने, चुम्बन गर्ने आदि;
- यौन रूपमा अपमानजनक मजाकहरू; वा
- यौन रूपमा सुस्पष्ट कार्टुन, ग्राफिटी वा अन्य यौन चित्रणहरू; वा
- यौन रूपमा सुझाव मूलक इशाराहरू

**विद्यार्थीहरूको यौन दुर्व्यवहार**
माथि सेट गरिएका उदाहरणहरूको साथमा, विद्यार्थीका अद्वितीय परिस्थितिहरूले परिणाम स्वरूप विद्यार्थीहरूको दुर्व्यवहार निम्ताउन सक्छ जुन वयस्क मात्र विषयमा यौन दुर्व्यवहारको रूपमा तुरुन्तै पहिचान गरिँदैन तर फेरि पनि डिस्ट्रिक्टबाट प्रतिक्रिया आवश्यक पर्छ।

**यौन प्रकृतिका विद्यार्थीहरूतर्फ व्यवहार**
यौन प्रकृतिका विद्यार्थीहरूतर्फ व्यवहार विभिन्न मामिलाद्वारा निर्धारण गरिन्छ र निम्न सहित यतिमा मात्र सीमित नरहेर समावेश हुन सक्छ:

- छुने जस्ता अनिच्छित यौन व्यवहार, यौन रूपमा सुस्पष्ट वा अन्तर्निहित टिप्पणीहरू, यौनजन्य व्यवहारमा आधारित हल्ला, फोटो, मजाक, ठट्टा, शारीरिक रूपमा घेर्ने/अर्काका गतिविधिहरूलाई रोक्ने, स्नेहका सार्वजनिक प्रदर्शनहरू; वा
- विद्यार्थीहरूलाई सहकर्मी र/वा कर्मचारीहरूको यौनजन्य वा यौन रिमार्क/टिप्पणीहरूमा आधारित रहेर प्रमुख रूपमा एकल-लिङ्ग कक्षा कोठा सेटिङमा राख्ने; वा
- विद्यार्थीलाई औजारहरू/उपकरणमा पहुँच गर्नबाट रोकेर, लैङ्गिकतामा कार्यसम्पादन मूल्याङ्कन स्थापना गरेर; उपकरण लुकाएर वा विद्यार्थीलाई उहाँको लिङ्गको कारणले शैक्षिक सेटिङमा पर्नु हुँदैन भनी सुझाव दिएर प्रमुख रूपमा वा ऐतिहासिक रूपमा एकल-लिङ्ग शैक्षिक वातावरणमा विद्यार्थीको शैक्षिक अवसरसँग हस्तक्षेप गर्ने।
- लिङ्गको आधारमा शैक्षिक अवसरहरूमा पहुँचलाई सीमित वा अस्वीकार गर्ने

**यौन दुर्व्यवहारको क्षेत्र**
यौन दुर्व्यवहार निम्नमध्ये कसैका बीचमा पनि घट्न सक्छ:

- विद्यार्थी र विद्यार्थीका बीचमा
- कर्मचारी र विद्यार्थीका बीचमा
- कर्मचारी र कर्मचारीका बीचमा
- पुरुष र पुरुषका बीचमा
- महिला र महिलाका बीचमा
- पुरुष र महिलाका बीचमा
- महिला र पुरुषका बीचमा
- विद्यार्थी र कर्मचारीका बीचमा

**यौन दुर्व्यवहारका उजुरीहरूको अनुसन्धान**
**विद्यार्थीका उजुरीहरू**

1. विद्यार्थीलाई यौन दुर्व्यवहार भएको छ भन्ने कुराको उजुरी/गुनासो आफ्नो राम्रो नियतको विश्वासमा आधारित हुँदा उक्त उजुरी वा गुनासो दायर गर्न यहाँ उल्लेख गरिएका कार्यविधिहरू उपयोग गर्न कुनै पनि विद्यार्थीको विरुद्धमा कुनै प्रतिशोध वा प्रतिकूल व्यवहार गरिने छैन। उजुरीकर्ताको विरुद्धमा प्रतिशोधको कार्यमा सङ्लग्न हुने कुनै पनि कर्मचारी/विद्यार्थीलाई बर्खास्त वा निष्कासनसहित अनुशासनात्मक कार्यवाही गरिने छ।
2. विद्यार्थीलाई आफूलाई यौन रूपमा दुर्व्यवहार भएको विश्वास गर्नुहुन्छ वा विद्यार्थीले आफ्नो सहकर्मी विद्यार्थीलाई यौन दुर्व्यवहार भएको छ भनी विश्वास गर्नुहुन्छ भने विद्यार्थीले यो जानकारीका बारेमा आफ्नो शिक्षाकर्मी/प्रधानाध्यापकलाई रिपोर्ट गर्नु पर्छ।
3. विद्यार्थी उक्त जानकारीका बारेमा आफ्नो शिक्षाकर्मी/प्रधानाध्यापकलाई रिपोर्ट गर्न अनुपयुक्त हुन्छ भनी विश्वास गर्नुहुन्छ, अवस्थालाई शिक्षाकर्मी/प्रधानाध्यापकद्वारा सन्तोषजनक रूपमा समाधान गरिँदैन वा विद्यार्थी आफ्नो शिक्षाकर्मी/प्रधानाध्यापकलाई रिपोर्ट गर्न मात्र असहज हुनुहुन्छ भने विद्यार्थीले निम्न स्थानमा अवस्थित डिस्ट्रिक्टको शीर्षक IX संयोजकलाई सम्पर्क गर्नु पर्छ:

St. Louis City Public Schools
801 N. 11th St.
St. Louis, MO 63101
Title IX Coordinator
(314) 345-4483

**यौन हिंसासम्बन्धी नीतिको प्रवर्तन**

विद्यार्थीको निगरानीका जिम्मेवारीहरू भएको प्रत्येक भवन स्तरको प्रशासक वा अन्य डिस्ट्रिक्ट कर्मचारी यौन दुर्व्यवहारबाट मुक्त शैक्षिक र कार्य वातावरण कायम राख्नका लागि जिम्मेवार हुनुहुन्छ। विद्यार्थीको निगरानीका जिम्मेवारीहरू भएको प्रत्येक भवन स्तरको प्रशासक वा अन्य डिस्ट्रिक्ट कर्मचारीले निम्नसहित तर यतिमा मात्र सीमित नरहेर डिस्ट्रिक्टका यौन दुर्व्यवहारका नीति र नियमनहरूलाई प्रवर्तन गर्नका लागि तत्कालीन र उपयुक्त कार्यहरू अपनाउने डिस्ट्रिक्टको नीति हो:

1. भवन स्तरको प्रशासकले शैक्षिक वर्षको पहिलो पूर्ण पात्रो हप्ताको अन्त्यभन्दा ढिलो नगरिकन सबै कर्मचारीलाई यौन दुर्व्यवहार (विद्यार्थीहरू सङ्लग्न हुने यौन दुर्व्यवहारसहित) सँग सम्बन्धित भित्रि-सेवा उपलब्ध गराउने।
2. शैक्षिक वर्षको पहिलो पूर्ण पात्रो महिनाको अन्त्यभन्दा ढिलाइ नगरिकन किन्डरगार्टनदेखि बाह्र ग्रेडहरूसम्मका सबै विद्यार्थीहरूलाई यौन दुर्व्यवहार बारे निर्देशन उपलब्ध गराउने।
3. भवनबाट सबै प्रकारको अशिष्ट वा यौन रूपमा अश्लील ग्राफिटी हटाउने।
4. सबै गृहकोठा शिक्षा कर्मीहरूले शैक्षिक वर्षको पहिलो पूर्ण पात्रो हप्ताको अगिभन्दा ढिलाइ नगरिकन आफ्नो विद्यार्थीहरूसँग डिस्ट्रिक्टको यौन हिंसासम्बन्धी नीति र नियमनका बारेमा छलफल गर्नु हुने छ। यी छलफलहरूको बागको रूपमा, डिस्ट्रिक्टको यौन दुर्व्यवहारसम्बन्धी नीतिका लिखित प्रतिहरू छ देखि बाह्र ग्रेडहरूसम्मका प्रत्येक विद्यार्थीलाई प्रदान गरिने छ। यी छलफलहरू विद्यार्थीहरूलाई उनीहरूले कुनै पनि प्रकारको यौन दुर्व्यवहार सहनु पर्दैन भनी सूचित गराउने उद्देश्यसँग उमेर उपयुक्त तरिकामा सञ्चालन गरिने छ।
5. सबै शिक्षाकर्मी, परामर्शदाता र प्रशासकहरूले आवश्यकताको आधारमा शैक्षिक सेटिङभित्र भएका यौन दुर्व्यवहारका घटनाहरू रिपोर्ट गर्ने कार्यविधिहरू बारे उचित निर्देशन उपलब्ध गराउनु हुने छ।
6. भवन स्तरको प्रशासकले यौन हिंसाका उजुरीहरूको डिस्ट्रिक्टको शीर्षक IX संयोजकलाई यौन दुर्व्यवहारका उजुरीका बारेमा सूचित गर्नु हुने छ, त्यसकारण डिस्ट्रिक्टले शीघ्र कार्यवाही गर्न सक्छ।
7. डिस्ट्रिक्टको शीर्षक IX संयोजकको परामर्शमा, भवन स्तरको प्रशासकले भविष्यका घटनाहरू प्रतिकार गर्न र रोक्न उपयुक्त अनुशासनात्मक कार्यवाही गर्नु हुने छ।
8. यी जिम्मेवारीहरूलाई उपयुक्त र सन्तोषजनक रूपमा कार्यान्वयन गर्नमा कुनै पनि तरिकाले असफल भएमा रोजगारीको समाप्तिसम्म र योसहित अनुशासनात्मक कार्यवाहीको कारण बन्ने छ।

**अनुशासन/परिणामहरू**

यौन दुर्व्यवहारसम्बन्धी विद्यार्थीका उजुरीहरू

1. विद्यार्थीको सम्पत्तिमा हुँदा वा विद्यालयका क्रियाकलापहरू (जस्तै, विद्यार्थीले उपलब्ध गराएको यातायात) मा सहभागी हुँदा यौन दुर्व्यवहारमा सङ्लग्न हुने कुनै पनि विद्यार्थीलाई निष्कासनसम्म र यो सहित अनुशासनात्मक कार्यवाही गरिने छ।
2. विद्यार्थीको यौन दुर्व्यवहारलाई अनुमति दिने वा सङ्लग्न हुने कुनै पनि कर्मचारीलाई रोजगार समाप्तिसम्म र योसहित अनुशासनात्मक कार्यवाही गरिने छ।
3. विद्यार्थी सङ्लग्न भएको यौन दुर्व्यवहारको उजुरी प्राप्त गरेर भवन स्तरको प्रशासक र डिस्ट्रिक्टको शीर्षक IX समन्वयकलाई तुरुन्तै अगाडि नबढाउने कुनै पनि कर्मचारीलाई रोजगारीबाट खारेजीसम्म र योसहित अनुशासनात्मक कार्यवाही गरिने छ।
4. यौन दुर्व्यवहारको गलत आरोप लगाउने कुनै पनि विद्यार्थीले निष्कासनसम्म र योसहित उपयुक्त अनुशासन प्राप्त गर्ने छन्। यो नीतिको उद्देश्यका लागि "गलत आरोप" मा राम्रो नियतले उठाइएका उजुरीहरू समावेश हुने छैन तर पछिको अनुसन्धान डिस्ट्रिक्टद्वारा अप्रमाणित रहन्छ। यो नीतिको उल्लङ्घनका लागि "गलत आरोप" भनेको उजुरीको असत्यताको ज्ञान भएको व्यक्तिद्वारा दायर गरिएको उजुरी हो।

# विद्यार्थीसम्बन्धी आचार संहिता
# विद्यार्थीसम्बन्धी आचार संहिताको उदेश्य

- विद्यार्थीको व्यवहारका लागि अपेक्षाहरूको समान सेट सिर्जना गर्ने
- सकारात्मक व्यवहार आत्मसात गर्ने र विद्यार्थीहरूलाई उपयुक्त सामाजिक सीपहरू विकास गर्ने अवसरहरू प्रदान गर्ने
- अनुपयुक्त व्यवहारमा सङ्लग्न भएका विद्यार्थीका लागि हस्तक्षेप र परिणामहरू उल्लेख गर्ने
- विद्यालय समुदायका सबै सदस्यका अधिकार र जिम्मेवारीहरू व्याख्या गर्ने
- विद्यार्थीहरूलाई एक सुरक्षित, सकारात्मक र सहायक अध्ययन वातावरणमा सङ्लग्न गराउने

# विद्यार्थीको प्रतिज्ञा

- म हरेक दिन कक्षामा समयमै पुग्ने र हाजिर गर्ने प्रतिज्ञा गर्छु।
- म सुरक्षित, जिम्मेवार र सम्मान गर्ने व्यक्ति बन्ने प्रतिज्ञा गर्छु
- म समस्या समाधान गर्ने व्यक्ति बन्ने प्रतिज्ञा गर्छु
- म मेहनत, आफूले सक्ने प्रयास गर्ने र आफूप्रति नै गर्व गर्ने प्रतिज्ञा गर्छु

# व्यवहारात्मक अपेक्षा र जिम्मेवारीहरू

**विद्यालय समुदायका जिम्मेवारीहरू**:

सुरक्षित रहनुहोस्: विद्यार्थीको आचार संहिता र आचार संहितामा व्याख्या गरिएका अपेक्षाहरूलाई बुझ्नुहोस् र पालना गर्नुहोस्

जिम्मेवार हुनुहोस्: अन्य व्यक्तिहरूलाई प्रोत्साहन र सहायता गर्नुहोस्

शिष्ट बन्नुहोस्: विद्यार्थी, आमाबुवा/कानुनी अभिभावक, संकाय, कर्मचारी र आगन्तुकका अधिकारहरूको सम्मान गर्नुहोस्

तयार रहनुहोस्: सिक्नका लागि तयार भएर विद्यालयमा आउनुहोस्

**डिस्ट्रिक्ट प्रशासकका जिम्मेवारीहरू:**

- प्रत्येक विद्यालय साइटमा सकारात्मक व्यवहार हस्तक्षेप र सहायता, संकट रोकथाम हस्तक्षेप (CPI) र हिंसा रोकथाम प्रशिक्षण कार्यान्वयन गर्न आवश्यक भएअनुसार उपयुक्त प्रशिक्षण र स्रोतहरू उपलब्ध गराउने
- प्रत्येक विद्यालयलाई CPI कार्यविधिहरूमा प्रशिक्षित संकट टोली राख्न आवश्यक गराउने
- विद्यालय स्तरमा समस्याहरू समाधान गर्न असक्षम हुने आमाबुवा/कानुनी अभिभावकहरूलाई सहायता गर्ने
- विद्यालय स्तरका निर्णयहरू निर्धारण गर्न उपस्थिति र अनुशासन डेटाको समीक्षा गर्ने
- निष्कासन सम्मेलनहरूसहित डिस्ट्रिक्ट अनुशासन सम्मेलनहरू सञ्चालन गर्ने
- निलम्बन/निष्कासन अपिलहरूको समीक्षा गर्ने

**विद्यालय प्रशासकका जिम्मेवारीहरू:**

- विद्यार्थी, आमाबुवा/कानुनी अभिभावकहरू र सबै विद्यालय कर्मचारीलाई विद्यार्थीको आचार संहिता वितरण गर्ने
- विद्यालय कर्मचारीका लागि उपयुक्त प्रशिक्षण उपलब्ध गराउने
- विद्यार्थी आचार संहिता निष्पक्ष र निरन्तर तरिकामा कार्यान्वयन गर्ने
- विद्यालयको डेटामा आधारित रहेर PBIS कार्यान्वयन गर्न आवश्यक भएअनुसार उपयुक्त प्रशिक्षण र स्रोतहरू पहिचान गर्ने
- साना घटनाहरूलाई प्रमुख चुनौतीहरू बन्नबाट रोक्न अनुसन्धानमा आधारित अभ्यासहरू प्रयोग गर्ने
- विद्यार्थीको जानकारी प्रणाली (SIS) मा अनुशासन सन्दर्भहरूको सही र सामयिक प्रविष्टि सुनिश्चित गर्ने र अनुपालन कायम राख्ने (अर्थात् अक्षमताहरू भएका विद्यार्थीहरू, योग्य 504 जना विद्यार्थी, दश (10) दिनको निष्कासन नियम)
- अनुशासन सन्दर्भहरूको समीक्षा गर्ने र उपयुक्त हस्तक्षेप(हरू) वा परिणाम(हरू) निर्धारण गर्ने
- ग्रेड स्तरको र उमेर अनुकूल सुधारात्मक रणनीतिहरू प्रवर्तन गर्ने
- सुरक्षित, सकारात्मक र सहयोगी वातावरण सिर्जना गर्ने

**विद्यार्थीका जिम्मेवारीहरू:**

- विद्यालयमा उपस्थित हुने
- विद्यार्थीको आचार संहिता पालना गर्ने
- विद्यार्थीका अपेक्षा र नियमहरूको पालना गर्ने
- विद्यालयको पोसाक नियमावली पालना गर्ने
- विद्यालयको सम्पत्ति र अन्य व्यक्तिहरूको सम्पत्तिको सम्मान गर्ने
- कडा परिश्रम र आफूले सक्ने जति गर्ने
- समस्याहरू समाधान गर्न शिक्षाकर्मी, विद्यालयका सामाजिक कार्यकर्ता, पेशेवर परामर्शदाता, आमाबुवा/कानुनी अभिभावक, विद्यालय प्रशासक र अन्य वयस्कहरूलाई मद्दतका लागि अनुरोध गर्ने
- धम्की र साइबरमार्फत दिइने धम्कीको रिपोर्ट गर्ने
- अन्य व्यक्तिका सकारात्मक व्यवहारका विशेषताहरूलाई नमुना बनाउने

**आमाबुवा/कानुनी अभिभावकका जिम्मेवारीहरू:**

- विद्यार्थीको आचार संहिता पढ्ने र यसलाई आफ्नो बच्चासँग समीक्षा गर्ने
- आफ्नो बच्चालाई विद्यार्थीको आचार संहिता पालना गर्नमा सहायता गर्ने
- तपाईंका बच्चाका अधिकार र जिम्मेवारीहरू बुझ्ने
- तपाईंको बच्चालाई अन्य व्यक्तिका अधिकारहरूको सम्मान गर्न सिकाउने
- तपाईं बच्चा प्रत्येक दिन समयमा विद्यालयमा आउँछ र सिक्नका लागि तयार छ भनी सुनिश्चित गर्ने
- तपाईंको बच्चालाई विद्यार्थीको सम्पत्ति र अन्य व्यक्तिहरूको सम्पत्तिको सम्मान गर्न सिकाउने
- विद्यार्थी कर्मचारीले विद्यार्थीको आचार संहितालाई प्रवर्तन गर्नु पर्छ भनी पहिचान गर्ने
- तपाईंको बच्चालाई विद्यालय र समुदायभित्र सहायता र सहयोग गर्न उपलब्ध स्रोतहरू खोज्ने

**शिक्षाकर्मीका जिम्मेवारीहरू:**

- शैक्षिक सफलतालाई समर्थन गर्ने अध्ययन वातावरणलाई कायम राख्न उपयुक्त कक्षा कोठा व्यवस्थापनका रणनीतिहरू प्रयोग गर्ने
- विद्यार्थीको आचार संहिता पढाउने र सकारात्मक रूपमा सुदृढ बनाउने
- निलम्बन र निष्कासनका विकल्पहरूसहित PBIS र हस्तक्षेपमा प्रतिक्रिया (RTI) जस्ता विभिन्न प्रकारका हस्तक्षेपहरूबाट उल्लङ्घनहरूलाई सम्बोधन गर्ने
- चुनौतीपूर्ण व्यवहार प्रदर्शन गर्ने विद्यार्थीलाई सुधारात्मक निर्देशन उपलब्ध गराउने
- सुरक्षित र सकारात्मक सामुदायिक वातावरण सिर्जना गर्ने र विद्यार्थीहरूलाई यसलाई कायम राख्न सिकाउने
- सामान्य घटनाहरूलाई प्रमुख चुनौतीहरूमा परिवर्तन हुनबाट रोक्न पेशेवर निर्धारण प्रयोग गर्ने
- आवश्यकता भएअनुसार अतिरिक्त पेशेवर कर्मचारी वातावरण र/वा प्रशिक्षणको अनुरोध गर्ने

**डिस्ट्रिक्टका विद्यालय सुरक्षा कर्मचारी अधिकारीका जिम्मेवारीहरू:**

- हाम्रा विद्यालयहरूमा सुरक्षित र उपकारी अध्ययन वातावरण सिर्जना गर्नमा सहायता गर्ने
- विद्यालयहरूलाई अन-साइट सुरक्षा र स्थानीय कानुन प्रवर्तन निकायहरूसँग प्रत्यक्ष लिङ्क उपलब्ध गराउने
- PBIS का आदेश, हिंसा विरोध रोकथामका सिद्धान्तहरू र CPI प्रोटोकलसँग संयोजनमा काम गर्ने
- स्थानीय कानुन प्रवर्तन कार्यालय, पेशेवर विद्यालय परामर्शदाता, विद्यालय सामाजिक कामदार र विद्यालय प्रशासकहरूसँग सहकार्य गर्ने

# आचार संहिताको क्षेत्र

St. Louis Public School District को विद्यार्थीको आचार संहिता, यहाँ यसपछि आचार संहिताको रूपमा सन्दर्भ गरिने छ, सबै विद्यार्थीहरू विद्यालयमा उपस्थित छन् र अध्ययनमा सङ्लग्न छन् भनी सुनिश्चित गर्न समर्पित छ। St. Louis Public School District ले स्वयम्-अनुशासित, जिम्मेवार नागरिकहरू तयार पार्ने सकारात्मक अध्ययन वातावरणहरू सिर्जना गर्नका लागि आचार संहिता कार्यान्वयन गर्छ। आचार संहिताको हाते पुस्तिकाले विद्यार्थीको सकारात्मक र उपयुक्त व्यवहारको महत्त्वलाई दबाब दिन्छ।

विद्यार्थीको आचार संहितामा रहेको जानकारीले विद्यालयमा विद्यार्थीको व्यवहारका लागि निरन्तर अपेक्षाहरूलाई रेखाङ्कित गर्छ, उपयुक्त हस्तक्षेपका बारेमा व्याख्या गर्छ, विद्यार्थीका लागि परिणामका बारेमा रेखाङ्कित गर्छ र विद्यालय समुदायका सदस्यका अधिकार र जिम्मेवारीहरूलाई व्याख्या गर्छ। आचार संहिता विद्यालयको समय, विद्यालयमा आउने र जाने क्रममा, विद्यालयको सम्पत्तिमा, डिस्ट्रिक्टद्वारा प्रायोजित सवारी साधन र विद्यालयद्वारा प्रायोजित सबै कार्यक्रमहरूमा उपस्थित हुने अवधिमा विद्यार्थीका कार्यहरूमा लागू हुन्छ। यसमा विद्यार्थी विद्यालयद्वारा प्रायोजित क्रियाकलापहरूमा विद्यालयका क्षेत्रहरूबाट बाहिर हुँदा र उक्त क्रियाकलापमा आउने र जाने क्रमको कुनै पनि समय पनि समावेश हुन्छ। शैक्षिक प्रक्रियामा अवरोध पुऱ्याउने क्याम्पसभन्दा बाहिरका दुर्व्यवहारका कार्यहरू पनि अनुशासनात्मक कारबाही पर्छन्। यो आचार संहिता दुवै डिस्ट्रिक्ट र विद्यालयका प्रतिनिधिहरू र सामुदायिक साझेदारहरूसँगको सहकार्यमा विकास गरिएको थियो।

आचार संहितालाई मार्गदर्शनको रूपमा डिजाइन गरिन्छ र अनुशासनात्मक कार्यवाही, सम्भावित हस्तक्षेप वा परिणामहरू आवश्यक पर्ने सबै सम्भावित घटनाहरूलाई समेट्दैन। उक्त व्यवहार अधिकतम जरिबाना अपर्याप्त हुने गम्भीर प्रकृतिको छ वा विद्यार्थीको विगतको इतिहास थप धेरै जरिबाना अनुबद्ध गर्नुपर्ने खालको छ भने डिस्ट्रिक्टले अझ बढी जरिबाना लगाउन सक्छ। डिस्ट्रिक्टको निर्णयमा, विद्यार्थीहरूलाई यहाँ सूचीबद्ध गरिएका भन्दा अझै बढी जरिबानाहरू लगाउन सकिन्छ। यसका साथै, प्रत्येक विद्यालयहरूले विद्यार्थीको अनुशासन र पोसाकको सम्बन्धमा अतिरिक्त प्रावधानहरू विकास गर्न सक्छन्। यद्यपि, यी नियमहरूलाई यो आचार संहिताका प्रावधानका लागि प्रतिस्थापन वा परिमार्जन गर्न सकिँदैन।

प्रशासकहरूले विद्यार्थीको दुर्व्यवहारको सामना गर्नमा कुन अनुशासनात्मक कार्यवाही थप प्रभावकारी हुने छ भनी निर्धारण गर्नमा आफ्नो पेशेवर निर्धारण प्रयोग गर्नेछन्। प्रधानाध्यापकलाई विद्यार्थीको पहिलो अपराध भए तापनि संहिताका गम्भीर उल्लङ्घनका लागि उच्च स्तरका परिणामहरू लागू गर्ने अधिकार-प्रदान गरिएको छ। प्रधानाध्यापकले प्रकार । का अपराधका लागि सुपरिवेक्षकको निष्कासनलाई सिफारिस गर्न सक्नुहुन्छ।

यो कागजातले हस्तक्षेपहरू स्थापना गर्छ जुन लागू गरिने छ र विद्यार्थी उल्लङ्घनकर्ताहरूले सुधारात्मक सावधानी प्राप्त गर्ने प्रक्रियाको गतिमा सेट गरिन्छ। यी सुधारात्मक कार्यहरू एउटै विद्यालय, वैकल्पिक सेटिङ वा सार्वजनिक विद्यालय प्रणालीभन्दा बाहिरको सेटिङमा हुन सक्छ। कार्यविधिहरू अध्ययनमा उपकारी हुने वातावरणलाई कायम राख्न र सबै विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्नका लागि डिजाइन गरिएका हुन्।

विद्यार्थीको आचार संहिताले अनुपयुक्त व्यवहारका उपयुक्त प्रतिक्रिया र उपयुक्त व्यवहारका लागि सकारात्मक सहायताको दायरालाई रेखाङ्कित गर्छ:

- कमजोर शैक्षिक उपलब्धि दुर्व्यवहारको कार्य होइन। तसर्थ, विद्यार्थीको आचार संहिता कमजोर शैक्षिक उपलब्धि वा कार्यभारहरू पूरा गर्ने असफलताका लागि विद्यार्थीहरूलाई अनुशासनमा राख्न प्रयोग गर्नु हुँदैन।
- आफ्नो बच्चाको शिक्षालाई अनुपयुक्त तरिकाले सहायता गर्ने आमाबुवा(हरू)/कानुनी अभिभावक(हरू) को कार्यलाई बच्चाको भागमा दुर्व्यवहार मान्न सकिँदैन तर आमाबुवा(हरू)/अभिभावक(हरू) को भागमा उक्त दुर्व्यवहारले डिस्ट्रिक्टलाई विद्यालय भवनमा आमाबुवा(हरू)/अभिभावक(हरू) को पहुँचमा उचित प्रतिबन्ध लगाउने निम्ताउन सक्छ।
- विद्यार्थीको आचार संहिता सबै विद्यालयहरूमा लागू हुन्छन्। यद्यपि, अक्षमताहरू भएका विद्यार्थीका लागि सङ्घीय तथा राज्य अनुशासनात्मक कानुनअनुसार प्रबन्ध गरिने छ।
- विद्यार्थीको आचार संहिता विद्यालयको अवधिमा, विद्यालयमा आउने र जाने क्रममा, विद्यालयको सम्पत्तिमा हुँदा विद्यालय डिस्ट्रिक्टद्वारा प्रायोजित सवारी साधनहरूमा यात्रा गर्दा र सबै विद्यालयद्वारा प्रायोजित कार्यक्रमहरूको अवधिमा विद्यार्थीका कार्यहरूमा लागू हुन्छन्। यसमा विद्यार्थी विद्यालयद्वारा प्रायोजित क्रियाकलापहरूमा विद्यालय क्षेत्रहरूभन्दा बाहिर रहने वा उक्त क्रियाकलापमा आउने र जाने क्रमको कुनै पनि समय पनि समावेश हुन्छ। विद्यालय दिनलाई अवरोध पुर्याउने क्याम्पस बिदाको दुर्व्यवहारका कार्यहरू पनि अनुशासनात्मक कारबाहीको हकदार हुन्छ।
- तपाईं कुनै पनि विद्यालय वा कार्यक्रममा उपस्थित भएको बावजूद विद्यार्थीको आचार संहिता तपाईं एउटा नामकित विद्यार्थी हुँदासम्म लागू हुन्छ।

कृपया आचार संहिता पढ्न र यसको बारेमा आफ्नो बच्चासँग छलफल गर्न समय लिनुहोस्। अभिभावक तथा विद्यार्थी सङ्लग्नता कार्यालयको कर्मचारी आचरण संहिताको बारेमा तपाईंसँग भएका कुनै पनि प्रश्नको जबाफ दिन (314) 345- 4490 मा कल गरेर उपलब्ध हुनुहुन्छ। तपाईं स्थानीय विद्यालय प्रशासक पनि आचार संहिताका बारेमा प्रश्नहरूको जबाफ दिन उपलब्ध हुनुहुन्छ।

St. Louis Public School District का अनुशासन कार्यविधिहरू Missouri कानुनमा आधारित छ। यो हाते पुस्तिकामा भएको जानकारी विद्यालय वर्षको पाठ्यक्रमको अवधिमा अद्यावधिक गर्न सकिन्छ। नवीनतम संस्करण डिस्ट्रिक्टको वेबसाइट **www.slps.org** मा उपलब्ध छ।

# Missouri Safe Schools को ऐन

रिपोर्टिङ आवश्यकताहरूसहित विद्यार्थी आचरण र अनुशासनका समस्याहरू Missouri का संशोधित स्थितिका 160.261, 167.161 र 167.171 धाराहरूसहित तर यसमा मात्र सीमित नरहिकन Safe Schools को ऐनसँग निरन्तर हुने तरिकामा सम्हालिने छ। विद्यालय प्रशासकहरूलाई निम्न कुनै पनि अपराध वा कार्यको बारेमा उपयुक्त कानुन प्रवर्तन निकायलाई उचित रूपमा उपयुक्त हुन साथ रिपोर्ट गर्न आवश्यक हुन्छ जुन डिस्ट्रिक्टको तर्फबाट सेवा प्रदान गरिरहेको कुनै पनि विद्यालय बसमा वा विद्यालयका क्रियाकलापहरूमा सङ्लग्न हुँदा हुने कार्यहरूसहित तर यसमा मात्र सीमित नरहिकन वयस्कद्वारा विद्यालयको सम्पत्तिमा निम्न मध्ये कुनै एक अपराध गरिन्छ भने:

(1) 565.020 को धाराअन्तर्गत पहिलो डिग्री हत्या;

(2) 565.021 को धाराअन्तर्गत दोस्रो डिग्री हत्या;

(3) अपहरण जनवरी 1, 2107 पूर्व विद्यमान रहेकोले 565.110 को धाराअन्तर्गत अपहरण गर्ने वा 565.110 को धाराअन्तर्गत पहिलो डिग्रीमा अपहरण गर्ने;

(4) 565.050 को धाराअन्तर्गत पहिलो डिग्रीको आक्रमण;

(5)566.030 को धाराअन्तर्गत पहिलो डिग्रीमा बलात्कार;

(6) 566.060 को धाराअन्तर्गत पहिलो डिग्रीमा पुरुष मैथुन;

(7) 569.160 को धाराअन्तर्गत पहिलो डिग्रीमा डकैती;

(8) 569.170 को धाराअन्तर्गत दोस्रो डिग्रीमा डकैती;

(9) चोरी 1, 2017 भन्दा पूर्वदेखि विद्यमान रहेकोले 569.020 को धाराअन्तर्गत पहिलो डिग्रीमा चोरी वा 570.023 को धाराअन्तर्गत पहिलो डिग्रीमा चोरी;

(10) लागू पदार्थहरूको वितरण जनवरी 1, 2017 पूर्वदेखि विद्यमान रहेकोले 195.211 को धाराअन्तर्गत लागू पदार्थहरूको वितरण वा 579.055 को धाराअन्तर्गत नियन्त्रित पदार्थको उत्पादन;

(11) नाबालकलाई लागू पदार्थहरूको वितरण जनवरी 1, 2017 पूर्वदेखि विद्यमान रहेकोले 195.212 को धाराअन्तर्गत लागू पदार्थहरूको वितरण वा 579.020 को धाराअन्तर्गत नियन्त्रित पदार्थको डेलिभरी;

(12) 569.040 को धाराअन्तर्गत पहिलो डिग्रीमा आगजनी;

(13) 565.023 को धाराअन्तर्गत स्वैच्छिक रूपमा मानव हत्या;

(14) अनैच्छिक मानव हत्या जनवरी 1, 2017 पूर्वदेखि विद्यमान रहेकोले 565.024 को धाराअन्तर्गत अनैच्छिक मानव हत्या, 565.024 को धाराअन्तर्गत पहिलो डिग्रीमा अनैच्छिक मानव हत्या वा 565.027 को धाराअन्तर्गत दोस्रो डिग्रीमा अनैच्छिक मानव हत्या;

(15)दोस्रो डिग्रीको आक्रमण जनवरी 1, 2017 पूर्वदेखि विद्यमान रहेकोले 565.060 को धाराअन्तर्गत दोस्रो डिग्रीको आक्रमण वा 565.052 को धाराअन्तर्गत
दोस्रो डिग्रीको आक्रमण;

(16) 566.031 को धाराअन्तर्गत दोस्रो डिग्रीमा बलात्कार;

(17) दुराचारी अवरोध जनवरी 1, 2017 पूर्वदेखि विद्यमान रहेकोले 565.120 को धाराअन्तर्गत दुराचारी अवरोध वा 565.120 को धाराअन्तर्गत दोस्रो डिग्रीमा अपहरण गर्ने;

(18) 569.100 को धाराअन्तर्गत पहिलो डिग्रीमा सम्पत्तिको क्षति;

(19) 571 को च्याप्टरअन्तर्गत हतियारको धारण;

(20) बाल उत्पीडन जनवरी 1, 2017 पूर्वदेखि विद्यमान रहेकोले 566.067 को धाराको अनुसरणमा पहिलो डिग्रीमा बाल उत्पीडन वा 566.067, 566.068, वा 566.069 को धाराअन्तर्गत पहिलो, दोस्रो वा तेस्रो डिग्रीमा बाल उत्पीडन;

(21) 566.061 को धाराको अनुसरणमा दोस्रो डिग्रीमा पुरुष मैथुन;

(22) 566.083 को धाराको अनुसरणमा बाल सङ्लग्न हुने यौन दुर्व्यवहार;

(23) 566.100 को धारणको अनुसरणमा पहिलो डिग्रीमा यौन दुर्व्यवहार;

(24) दुर्व्यवहार जनवरी 1, 2017 पूर्वदेखि विद्यमान रहेकोले 565.090 को धाराअन्तर्गत दुर्व्यवहार वा 565.090 को धाराअन्तर्गत पहिलो डिग्रीमा दुर्व्यवहार; वा

(25) पछ्याउने जनवरी 1, 2017 पूर्वदेखि विद्यमान रहेकोले 565.225 को धाराअन्तर्गत पछ्याउने वा 565.225 को धाराअन्तर्गत पहिलो डिग्रीमा पछ्याउने;

Missouri को संशोधित अधिनियम 160.261.2 वा कुनै प्रकार I को व्यवहारमा सूचीबद्ध कुनै पनि
अपराधका लागि निलम्बित भएका विद्यार्थीहरू निम्नबाहेक कुनै पनि विद्यालयको 1,000 फिटभित्र हुन सक्दैन:

- विद्यार्थी आफ्नो आमाबुवा, कानुनी अभिभावक वा संरक्षकको प्रत्यक्ष निरीक्षण अन्तर्गत हुनुहुन्छ र सुपरिवेक्षक वा सुपरिवेक्षकको कर्मचारीले विद्यार्थीलाई विद्यालयको सम्पत्तिमा हुन अधिकार-प्रदान गर्नुभएको छ।
- विद्यार्थी आफ्नो आमाबुवा, कानुनी अभिभावक वा संरक्षकद्वारा विद्यार्थीलाई निलम्बित गर्ने विद्यालयको प्रधानाध्यापकलाई अग्रिम रूपमा लिखित अनुरोध गरेर निर्दिष्ट गरिएको अर्को वयस्कको प्रत्यक्ष निरीक्षण अन्तर्गत हुनुहुन्छ र सुपरिवेक्षक वा सुपरिवेक्षकको कर्मचारीले विद्यार्थीलाई विद्यालयको सम्पत्तिमा रहन अधिकार-प्रदान गर्नुभएको छ;
- विद्यार्थी अर्को डिस्ट्रिक्ट विद्यालयको 1,000 फिटभित्र अवस्थित वैकल्पिक विद्यालयमा नामांकित वा उपस्थित हुनुहुन्छ; वा
- विद्यार्थी पब्लिक स्कूलको 1,000 फिटभित्र बस्नुहुन्छ र उक्त सम्पत्तिमा हुनुहुन्छ।

# विद्यालयमा हिंसा र प्रतिबन्धात्मक व्यवहारसम्बन्धी हस्तक्षेप

St. Louis Public School बोर्डको नीति 5144.1 अनुसार SLPS विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूलाई शारीरिक दण्ड दिन र त्यस्ता दण्ड दिने अवस्था निम्त्याउनबाट डिस्ट्रिक्ट कर्मचारी र स्वयंसेवकहरू प्रतिबन्धित छन्।

शारीरिक दण्डलाई अनुशासन वा दण्डका उद्देश्यका लागि शारीरिक बलको प्रयोग वा धम्कीको रूपमा परिभाषित गरिन्छ।

प्रशिक्षित कर्मचारीद्वारा गरिने शारीरिक निरोधलाई शारीरिक दण्ड मानिने छैन। अनुशासनको उल्लङ्घन रोकथाम गर्ने वा रोक्ने अन्य माध्यम प्रभावकारी भएको प्रमाणित भएपछि मात्र शारीरिक निरोध प्रयोग गरिने छ। प्रशिक्षित कर्मचारीले निम्न कार्यका लागि उचित रूपमा आवश्यक ठानिएको खण्डमा मात्र विद्यार्थीमाथि न्यायसंगत शारीरिक निरोध प्रयोग गर्न सक्नुहुन्छ:

1) विद्यार्थीलाई स्वयम् हानी पुर्‍याउनबाट रोक्न
2) अन्य मान्छेहरूलाई
बचाउन
3) कर्मचारीको स्वास्थ्यताको सुरक्षा गर्न

# क्षुद्र अपराधहरू वर्गीकृत गर्ने

**अनुशासनका घटनाहरूलाई प्रकार I, प्रकार II र प्रकार III क्षुद्र अपराधहरूको रूपमा वर्गीकृत गरिने छ। बसमा हुने क्षुद्र अपराधहरूलाई प्रकार IV मानिन्छ।**

**प्रकार I क्षुद्र अपराधहरू** – कुनै व्यक्तिको सुरक्षा र अध्ययनमा गम्भीर तरिकाले हस्तक्षेप पुर्‍याउने, धम्कीपूर्ण वा हानिकारक व्यवहार, सुरक्षित विद्यालय उल्लङ्घनहरू जस्ता र प्रशासन, संकटकालीन टोली, सम्पूर्ण कर्मचारी र/वा सामुदायिक सहायताबाट तत्काल प्रतिक्रियाको ग्यारेन्टी दिने खालका अनुशासनका घटनाहरू प्रकार I क्षुद्र अपराधहरू हुन्।

**प्रकार II क्षुद्र अपराधहरू** – कुनै व्यक्तिको सुरक्षा र अध्ययनमा हस्तक्षेप पुर्‍याउने, धम्कीपूर्ण वा हानिकारक व्यवहार, कानुनी उल्लङ्घन जस्ता र प्रशासनिक हस्तक्षेपहरूको ग्यारेन्टी दिने खालका अनुशासनका घटनाहरू प्रकार 2 क्षुद्र अपराधहरू हुन्।

**प्रकार III क्षुद्र अपराधहरू** – शिक्षाकर्मीद्वारा सम्हाल्न सकिने र प्रधानाध्यापकलाई अनुशासनको सिफारिसको ग्यारेन्टी नदिने; न्यून स्तरको तीव्रता भएको कुनै पनि व्यवहार, व्यवहारमा निष्क्रिय र/वा धम्कीपूर्ण-रहित शिष्टता भएका अनुशासनका घटनाहरू प्रकार 3 क्षुद्र अपराध हुन्। क्षुद्र अपराधको बारम्बारता र असफल हस्तक्षेपहरूको इतिहासको कारणले गर्दा, प्रशासकलाई सिफारिसको ग्यारेन्टी दिन सकिन्छ।

**प्रकार IV क्षुद्र अपराधहरू** – डिस्ट्रिक्टद्वारा प्रदान गरिएको यातायातमा हुने अनुशासनका घटनाहरू।

# प्रकार I क्षुद्र अपराधहरू र यसका परिणामहरू

**मदिरा/धारण (ALCH)**
यसको अर्थ विद्यालय परिसरमा मदिराको प्रयोग, धारण, वितरण र बिक्री प्रतिबन्धित छ। शिक्षा बोर्डको नीतिका अनुसार विद्यालय परिसरमा हुँदा कुनै पनि बच्चाको मदिरा जन्य पेय पदार्थ र नशा जन्य पदार्थमा सङ्लग्न भएका विद्यार्थीहरूसँग व्यवहार गर्दा प्रशासनिक प्रक्रियाहरू लागू हुन्छन्। विद्यालय बोर्ड R5131.6.3।

**लागू पदार्थ/धारण (04-1)**
यसको अर्थ विद्यालय परिसरमा कुनै पनि प्रकारका अनधिकृत निर्देशित लागू औषध, इनह्यालेन्ट, मादक पदार्थ (मादक पदार्थको प्राथमिक अभिप्रेत उद्देश्य नशा होस् या नहोस्), यी मध्ये कुनै पनि नियन्त्रित पदार्थ वा अनुकरणसहित लागू पदार्थको गैर-कानुनी धारण, प्रयोग, वितरण र बिक्रीका लागि अनुमति दिइँदैन। लागू पदार्थसँग सम्बन्धित प्याराफेर्नालियाको धारण, प्रयोग, वितरण र बिक्री पनि प्रतिबन्धित छन्। यस नियमनको उल्लङ्घन गरेको पाइएका कुनै पनि व्यक्ति बोर्डको नीति तथा नियमन र अन्य कुनै पनि प्रचलित कानुन प्रावधानद्वारा प्रदान गरिएको तरिकामा विद्यालयबाट निलम्बन र/वा निष्कासनको विषय हुने छ। विद्यालय बोर्ड R5131.6.1।

**हतियार/धारण-SSA (01-1)**
यसको अर्थ ब्ल्याकज्याक, तोप (लोड गरिएको वा लोड नगरिएको), विस्फोटक हतियार, तोप साइलेन्सर, ग्याँस गन, मेसिन गन, प्रोजेक्टाइल हतियार, बुलेट(हरू), राइफल, छोटो ब्यारेल, छोटो बन्दुक, स्प्रिङ गन, कुनै पनि प्रकारको फायरवर्क (स्मोक बम वा फायरक्र्याकरहरू सहित), कुनै पनि प्रकारको विस्फोटक यन्त्रहरू वा स्विच-ब्लेड हुन्। कुनै पनि वस्तु, साधन वा यन्त्रको अनुचित प्रयोग पनि यस प्रावधानमा पर्दछ। SAB नीति 5131.6.

**हतियारहरू/प्रयोग- SSA (02-1)**
अर्को व्यक्ति विरुद्ध आक्रमण वा प्रतिरक्षाका लागि उचित रूपमा प्रयोग गर्न सकिने साधन, यन्त्र वा प्रोजेक्टाइल; अर्को व्यक्तिलाई धम्काउन, डर देखाउन वा शारीरिक चोट दिन वा हानी पुर्‍याउनका लागि उचित रूपमा प्रयोग गर्न सकिने कुनै पनि साधन वा यन्त्रको धारण र/वा प्रयोग। हतियारमा निम्नमध्ये कुनै पनि पर्न सक्छन्:
लम्बाइमा चार इन्च वा कम मापनको ब्लेड भएको साधारण पकेट चक्कु वा साधन;
पेन चक्कुहरू;
प्रोजेक्टाइल हतियार (जस्तै, पेलेट गन, बिबि गन, स्लिङशट, बो, क्रसबो, आदि);
ब्ल्याकज्याक;
नकलहरू;
पेपेर स्प्रे;
गदा;
"टेसर्स"; वा
अर्को व्यक्तिलाई आक्रमण गर्न, धम्काउन, डर देखाउन वा शारीरिक चोट दिन वा हानी पुर्‍याउनका लागि वास्तवमै एक हतियारको रूपमा प्रयोग गरिने (कैँची, नेल फाइल, चेन, लेजर बिम पोइन्टर, रेजर ब्लेड, बक्स कटर, कम्बिनेसन र/वा प्याड लकहरू, आदिसहित तर यतिमा मात्र सीमित नभई) सामान्य विद्यालय आपूर्ति, घरेलु वस्तुहरू वा अन्य सामग्रीहरू।

**लागू पदार्थ/बिक्री वितरण-SSA (05-01)**
गैर-कानुनी लागू पदार्थहरूको धारण जहाँ परिमाण, प्याकेजिङ वा अन्य परिस्थितिहरूको विशेषताअनुसार व्यक्तिगत प्रयोगका लागि गरिने भन्दा बढी रकम मानिन्छ जसले बिक्री/वितरण गर्ने अभिप्राय वा प्रयास प्रदर्शन गर्छ। यसमा कुनै पनि प्रकारका पदार्थ, मारिजुआनाको प्रभावित उत्पादनहरू बिक्री वा वितरण गर्ने अभिप्रायका साथ गरिएको धारण पर्दछ।

**आक्रमण/मारपिट - SSA (06-01)**
अर्को विद्यार्थी वा कर्मचारी सदस्यलाई गम्भीर शारीरिक हानी पुर्‍याउने, पुर्‍याउने प्रयास गर्ने अभिप्रायका साथ उनीहरूको इच्छा विना वास्तवमै र जानाजान छुने वा ध्यान आकर्षण गर्ने अथवा तत्कालीन शारीरिक चोटको डर देखाउने।

**बलात्कार/यौन उत्पीडन (07-1)**
यसको अर्थ अर्को व्यक्ति प्रति गरिने यौन वा अश्लील व्यवहार जुन डर, शरम वा मानसिक पीडालाई प्रेरित गर्ने वास्तविक वा धम्कीपूर्ण शारीरिक बलको प्रयोगले गरिन्छ।

**आगलागी- SSA (08-01)**
यसको अर्थ विद्यालय आधारहरूमा वा डिस्ट्रिक्टद्वारा भाडामा दिइएको वा ऋणमा लिइएको कुनै पनि सम्पत्तिमा अवस्थित विद्यालय भवन वा सम्पत्तिमा सुविचारित ढङ्गले जलाउने वा दुर्भावना पूर्ण रूपले जलाउने प्रयास गर्ने वा आगो लगाउने हो।

**विद्यालयको सुरक्षा र संरक्षणमा बलको धम्की/अन्य कुराको धम्की दिने-SSA (09-1)**
यसको अर्थ विद्यालयको सम्पत्ति, कुनै पनि विद्यालयद्वारा प्रायोजित क्रियाकलाप वा SLPS डिस्ट्रिक्टको तर्फबाट सेवा पुऱ्याउने कुनै पनि सवारी साधनमा बम, विस्फोटक यन्त्र वा तोपको धारण, प्रयोग वा स्थानसँग सम्बन्धित धम्की दिनु हो।

**गम्भीर भेदभाव पूर्ण आचरण (12-1)**
कुनै पनि प्रचलित कानुन वा डिस्ट्रिक्टको नीति  बमोजिम कोही व्यक्तिलाई जाति/प्रजाति, राष्ट्रिय मूल, वर्ण, धर्म, लिङ्ग, लैङ्गिक पहिचान वा अभिव्यक्ति, लैङ्गिक झुकाव, असक्षमता वा अन्य सुरक्षित समूह स्थितिको आधारमा निर्देशित गरिएका अनिच्छुक व्यवहार, बोली, लेखन वा फोटोहरू हुन्। भेदभाव पूर्ण आचरण स्पष्ट वा सूक्ष्म, एक घटना वा एक ढाँचा हुन सक्छ। आचरणको गम्भीरताको आधारमा, यो 12-1 प्रकार 1 आचरण वा 23-2 प्रकार 2 आचरणको रूपमा योग्य ठहरिन सक्छ। गम्भीर भेदभाव पूर्ण सामान्यतया एक गम्भीर एकल घटना वा व्यवहारको जारी ढाँचा हो।

**गिरोहसँग सम्बन्धित क्रियाकलाप (गिरोह)**
यसको अर्थ दुई वा बढी विद्यार्थीहरूको कुनै पनि जारी संगठन जसको पहिचान योग्य नाम वा पहिचान सङ्केत वा प्रतीक छ वा जसका सदस्यहरू व्यक्तिगत रूपमा वा सामूहिक रूपमा विद्यालय वा विद्यालयका सदस्यहरूको र साधारण समुदायको सुरक्षालाई खतरामा पार्ने वा अवरोध पुऱ्याउने क्रियाकलापको ढाँचामा सङ्लग्न हुन्छन् वा सङ्लग्न भएका छन्। गिरोह क्रियाकलापहरूमा निम्न पर्दछन्:

- विद्यार्थीलाई गिरोहको एक सदस्यको रूपमा अभिप्राय पूर्ण रूपले चिनाउने वा अन्यथा गिरोहको समर्थनको सङ्केत गर्ने खालको कुनै पनि कपडा, गहना लगाउने वा रङ अथवा चिन्ह प्रदर्शन गर्ने
- विद्यार्थीलाई गिरोहको एक सदस्यको रूपमा अभिप्राय पूर्ण रूपले चिनाउने वा अन्यथा गिरोहको समर्थनको सङ्केत गर्ने खालको कुनै पनि शब्द, वाक्यांश, लिखित सङ्केत वा इशारा प्रयोग गर्ने। विद्यार्थीले आफ्नो विद्यालयको नोटबुक, टेक्स्टबुक वा व्यक्तिगत वस्तुहरूमा गिरोहसँगको सम्बन्ध प्रदर्शन गर्न सक्दैन।
- दुई वा सोभन्दा बढी व्यक्तिहरूद्वारा गिरोहहरूलाई प्रोत्साहित गर्ने खालको क्रियाकलाप वा छलफलमा सङ्लग्न हुने।
- विद्यार्थीहरूलाई गिरोह वा असामाजिक व्यवहारमा नियुक्ति गर्ने।

**सामूहिक लडाई (10-1)**
यसको अर्थ हतियार वा अन्य वस्तुहरू (बन्दुक, चक्कु, ब्रास नकल, रेजर ब्लेड, ब्याटन, मेस, पेपेर स्प्रे, आदिसहित तर यतिमा मात्र सीमित नभई) प्रयोग गरेर वा नगरीकन हानी पुऱ्याउने वा चोट पुऱ्याउने अभिप्रायका साथ अन्य व्यक्ति प्रति शारीरिक बलको प्रयोग गर्ने वा अनुचित ढङ्गले कुटपिट गर्ने कार्यमा सङ्लग्न हुने धेरै विद्यार्थीहरूको गम्भीर आक्रमण हो।

**उत्पीडन, बदमासी, हिंसा, यौनजन्य वा अन्य गम्भीर दुर्व्यवहार**
विद्यार्थीले कोही व्यक्ति विरुद्ध बारम्बार वा खुल्लमखुल्ला ढङ्गले उत्पीडनका गम्भीर कार्यहरू गर्न सक्दैन। गम्भीर उत्पीडनमा यौनजन्य, मौखिक, शारीरिक, भावनात्मक वा विद्युतिय धम्की पर्दछ तर यतिमा मात्र सीमित छैन। कुनै पनि प्रकारको बदमासी भनेको उत्पीडनको प्रकार हो र निरन्तर बदमासीलाई प्रकार 1 क्षुद्र अपराधको रूपमा उन्नत गरिने छ। विद्यार्थीले अन्य व्यक्ति विरुद्ध गम्भीर हिंसासम्बन्धी धम्कीहरू दिन सक्दैन। विद्यार्थीले कपडा मार्फत छोएको होस् या नहोस् कसैको सहमति विना यौनजन्य तरिकामा अर्को व्यक्तिका यौन अङ्गहरूमा वा कुनै अन्य शरीरको भागमा छुन सक्दैन।

| केजी- 2 | 3-6 | 7-12 |
| --- | --- | --- |
| | वैकल्पिक स्थान नियोजन<br>सम्पर्क कानुन प्रवर्तन विस्तारित<br>निलम्बन अभिभावक सम्पर्क<br>वैकल्पिक कार्यक्रममा स्थान नियोजन पदार्थ दुरुपयोग सुधारका लागि सिफारिस<br>डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि सिफारिसका साथ 10 दिनसम्म OSS | वैकल्पिक स्थान नियोजन<br>सम्पर्क कानुन प्रवर्तन विस्तारित<br>निलम्बन अभिभावक सम्पर्क<br>वैकल्पिक कार्यक्रममा स्थान नियोजन<br>वैकल्पिक कार्यक्रममा पदार्थ दुरुपयोग सुधारका लागि सिफारिस<br>डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि सिफारिसका साथ 10 दिनसम्म OSS |

# प्रकार II क्षुद्र अपराधहरू र यसका परिणामहरू

**$500.00 सम्मको चोरी (15-2)**
यसको अर्थ अरूको पैसा वा सम्पत्ति चोर्ने वा चोर्ने प्रयास गर्नु हो।

**जानी बुझीकन प्राधिकरण विरुद्ध गलत अभियोग लगाउने वा दाबी गर्ने (53-2) गुन्डा गिरी देखाउने**

**(20-2)**
यसको अर्थ डिस्ट्रिक्ट/विद्यालयको सम्पत्ति वा अरूको सम्पत्तिमा जानी बुझीकन वा दुर्भावना पूर्ण ढङ्गले क्षति पुऱ्याउने, नष्ट गर्ने वा बिगार्ने (जस्तै, पाठ्यपुस्तक, लकर, उपकरण, भित्ता, फर्निचर, लेखन ग्याङ ग्राफिटी, आदिमा क्षति पुऱ्याउने)।

**लड्ने (25-2)**
यसको अर्थ दुई वा बढी व्यक्तिहरू बीच शारीरिक चोट नपुऱ्याउने गरी हिर्काउने, धकेल्ने, ठेल्ने, खुट्टाले झुक्क्याउने र अन्य शारीरिक कार्यहरूसहित तर यतिमा मात्र सीमित नभएको शारीरिक द्वन्द्व हो जसमा दुवै पक्षले मौखिक रूपमा वा शारीरिक कार्यमार्फत द्वन्द्वमा प्रतिबद्धता जनाएका हुन्छन्।

**सामूहिक लडाई (12-1)**
यसको अर्थ दुई वा बढी विद्यार्थीहरू बीच हुने शारीरिक झडप हो।

**डिस्ट्रिक्टको यौन उत्पीडन/लैङ्गिक भेदभाव नीतिको उल्लङ्घन (52-2)**
कृपया हाते पुस्तिकाको पेज 31 को सन्दर्भ लिनुहोस्।

**यौन दुर्व्यवहार (13-2)**
यस खण्ड अन्तर्गत यौन दुर्व्यवहार भन्नाले एउटा व्यक्तिले सहमतिका साथ यौन सम्पर्क मानिने तरिकाले अर्को व्यक्तिको शरीर र/वा कपडा छुनु हो। यौन दुर्व्यवहारमा सामाजिक सञ्जाल वा विद्युतिय माध्यम र/वा पोर्नोग्राफिक आइसी पत्रिकाहरू मार्फत यौन प्रस्ताव, यौनजन्य इशारा, यौन प्याराफेर्नालियाजि धारण र/वा वितरण, यौनजन्य वा पोर्नोग्राफिक सामग्री हेर्ने वा वितरण गर्ने कार्यका लागि अनिच्छित यौन प्रस्ताव वा अनुरोधहरू पनि पर्दछन्।

**अश्लील प्रदर्शन (14-2)**
यसको अर्थ जननाङ्ग, स्तन र/वा नितम्बहरू जानी-बुझी प्रदर्शन गर्नु हो। साथै, छ्याङ्ङ देखिने वा प्वाल भएका गार्मेन्ट लगाउन, कुनै पनि प्रकारको अन्तर्वस्त्र देखाउन, झोले प्यान्ट र साङ्केतिक कथन वा सङ्केतहरूको अश्लीलताका साथ कपडा लगाउन निषेधित छ। साथै यौन, लागू पदार्थ वा मदिराको विज्ञापन गर्ने वा बढावा दिने खालको कुनै पनि पोसाक लगाउन निषेधित छ। जुत्ताहरू सधैँ लगाउनुपर्छ।

**जुवा खेल्ने (18-2)**
यसको अर्थ तास वा पासाको खेलहरूसहित तर यसमा मात्र सीमित नभई पैसा वा केही मूल्यका लागि अवसर वा सीपको कुनै पनि खेल खेल्नु हो।

**अनधिकार प्रवेश (19-2)**
यसको अर्थ अनुमति नलिइकन वा विद्यालय परिसर वा बसबाट बाहिर जाने अनुरोधहरूको अनुपालन गर्न अस्वीकार गर्दै विद्यालय भवनमा वा विद्यालय आधारको केही स्थानमा वा स्कूल बसमा वा वरिपरि बस्नु हो। विद्यार्थी निष्कासन वा निलम्बन हुँदा भवन प्रधानाध्यापकको अनुमतिमा र आमाबुवा(हरू)/अभिभावक(हरू) को अनुरक्षणमा बाहेक अन्य अवस्थामा वैकल्पिक कार्यक्रममा निर्दिष्ट गरिएको बेला कुनै पनि विद्यालय फर्कन सक्दैन।

**झूटो अलार्म (16-2)**
आगलागी वा धुवाँ नहुँदा फायर अलार्म तान्ने र/वा झूटो बम रिपोर्ट बनाउने; आपतकालीन अवस्था नहुँदा आपतकालीन कर्मचारीलाई सतर्क गराउने।

**बदमासी (21-2)**
"बदमासी" भनेको डर देखाउने, अनिच्छित आक्रामक व्यवहार वा उत्पीडन हो, जुन बारम्बार हुन्छ वा दोहोरिने पर्याप्त सम्भावना हुन्छ र जसले गर्दा एक उचित विद्यार्थी आफ्नो शारीरिक सुरक्षाका लागि डराउँछ; कुनै अपवादविना कुनै पनि विद्यार्थीको शैक्षिक प्रदर्शन, अवसर वा लाभहरूमा पर्याप्त हदसम्म हस्तक्षेप पुऱ्याउँछ; वा विद्यालयको व्यवस्थित सञ्चालनमा पर्याप्त हदसम्म अवरोध पुऱ्याउँछ। बदमासीमा इशाराहरू सहितका शारीरिक कार्य वा मौखिक, साइबर बदमासी, विद्युतिय वा लिखित सञ्चार र त्यस्ता कार्यका बारेमा रिपोर्ट गरेको विरुद्धमा प्रतिशोधको कुनै पनि धम्की पर्दछन्। विद्यालयको सम्पत्तिमा, कुनै पनि विद्यालय समारोहमा वा स्कूल बसमा विद्यार्थीहरू प्रति बदमासी निषेधित छ। बोर्डको नीति 5131।

**भेदभाव पूर्ण आचरण (23-2)**
कुनै पनि प्रचलित कानुन वा डिस्ट्रिक्टको नीति  बमोजिम कोही व्यक्तिलाई जाति/प्रजाति, राष्ट्रिय मूल, वर्ण, धर्म, लिङ्ग, लैङ्गिक पहिचान वा अभिव्यक्ति, लैङ्गिक झुकाव, असक्षमता वा अन्य सुरक्षित समूह स्थितिको आधारमा निर्देशित गरिएका अनिच्छुक व्यवहार, बोली, लेखन वा फोटोहरू हुन्। भेदभाव पूर्ण आचरण स्पष्ट वा सूक्ष्म, एक घटना वा एक ढाँचा हुन सक्छ। आचरणको गम्भीरताको आधारमा, यो 12-1 प्रकार 1 आचरण वा 23-2 प्रकार 2 आचरणको रूपमा योग्य ठहरिन सक्छ।

**धूम्रपान (30-2)**
यसको अर्थ विद्यार्थीहरूले कुनै पनि प्रकारको सुर्तीजन्य उत्पादन वा सम्बन्धित प्याराफेर्नालिया धारण गर्ने, धूम्रपान गर्ने वा प्रयोग गर्ने कार्य गर्नुहुँदैन। विद्यालय बोर्ड R5131.6.2।

**लागू पदार्थ/मदिराको प्रभावमा रहने (03-2)**
प्रभावमा रहने भनेको नशाको स्थितिलाई व्याख्या गर्न प्रयोग गरिने शब्द हो।

**अनुमति नलिइकन विद्यालयबाट बाहिर निस्कने (48-2)**
यसको अर्थ विद्यार्थी अधिकृत वा लिखित अनुमति विना विद्यालय क्याम्पसबाट बाहिर निस्कनु हो।

**आइएसएस वा नजरबन्दमा उपस्थित हुन असफल हुने (49-2)**
यसको अर्थ विद्यार्थीले प्रशासकद्वारा निर्दिष्ट गरिएअनुसार आइएसएस वा नजरबन्दमा उपस्थित हुनबाट अस्वीकार गर्नु हो।

**डिस्ट्रिक्टको स्वीकार्य प्रयोग नीति-प्रविधिको उल्लङ्घन (22-2)**
डिस्ट्रिक्टको (प्रविधि स्वीकार्य प्रयोग नीति) मा आउटलाइन गरिएका अपेक्षा, आवश्यकता र/वा विद्यार्थीका जिम्मेवारीहरूको कुनै पनि उल्लङ्घन। यदि अस्वीकार्य तरिकाले सामाजिक सञ्जालको उपयोग गरेमा, जस्तै: व्यक्तिको गोपनीयतामा कब्जा गर्ने, कुनै प्रकारको निन्दात्मक, जातीय रूपमा अपमानजनक, अत्याचार पूर्ण, अश्लील, अपवित्र, लैङ्गिक झुकान वा धम्कीपूर्ण सामग्री वा सन्देशहरू सार्वजनिक वा निजी रूपमा प्रकाशन वा प्रदर्शन गर्ने र गैरकानुनी, उत्पीडन, गुन्डागिरी, अनुपयुक्त वा अश्लील क्रियाकलापका लागि डिस्ट्रिक्टको नेटवर्क प्रयोग गर्ने। व्यक्तिको सामान्य शिष्टाचार र नैतिकताको अपमान गर्ने हिसाबले सामग्री धारण गर्ने, प्रदर्शन गर्ने वा वितरण गर्ने।

**अव्यवस्थित आचरण**
क्याफेटेरियामा पर्याप्त हदसम्म अवरोध पुऱ्याउने उद्देश्यले कुनै विद्यार्थीको दुर्व्यवहारलाई अर्को विद्यार्थीद्वारा जानी बुझि बढावा दिने वा वकालत गर्ने।

| केजी- 2 | 3-6 | 7-12 |
|---|---|---|
| वैकल्पिक कार्यक्रम (शिक्षाकर्मी/कक्षाको परिवर्तन)<br>परामर्श निकायसँग सम्पर्कको प्रबन्ध मिलाउने<br>सम्भावित रूपमा पूरा नभएका आवश्यकताहरूको मूल्याङ्कन गर्ने व्यवहार सुधार योजना (BIP) (SST लाई सिफारिस)<br>वातावरणमा परिवर्तन (विशेष सिटको व्यवस्था, अतिरिक्त निरीक्षण, आदि)<br>चेक-इन चेक-आउट<br>अभिभावक/विद्यार्थी/विद्यालय कर्मचारीसँग सम्मेलन<br>नजरबन्द<br>प्रक्रियात्मक व्यवहार मूल्याङ्कन समूह परामर्श/व्यवहार शिक्षण गृह भेट<br>व्यक्तीकृत विद्यार्थी सुरक्षा योजना<br>आइएसएस/प्रतिबिम्ब/रिकभरी कक्ष<br>अभिभावक सम्पर्क<br>सहकर्मी मध्यस्थता प्रतिबिम्ब<br>क्रियाकलाप विशेषाधिकार हटाउने<br>पुनर्स्थापन-सामुदायिक सेवा कार्य<br>स्वस्थकर चक्र<br>पुनः शिक्षा दिने व्यवहारात्मक अपेक्षाहरू | परामर्श निकायसँग सम्पर्कको प्रबन्ध मिलाउने<br>व्यवहार सुधार योजना (BIP) (SST लाई सिफारिस)<br>वातावरणमा परिवर्तन (शिक्षाकर्मी निकटता, अतिरिक्त निरीक्षण, आदि) चेक-इन चेक-आउट<br>अभिभावक/विद्यार्थी/विद्यालय कर्मचारीसँग सम्मेलन<br>घर-देखि-विद्यालय विद्यालय-देखि-घरसम्म सञ्चार प्रणाली सिर्जना गर्ने नजरबन्द<br>कार्यात्मक व्यवहार मूल्याङ्कन<br>समूह परामर्श/व्यवहार शिक्षण<br>गृह भेट<br>परामर्शदाता पहिचान गर्ने र विद्यालय कार्यसम्पादनसँग सम्बन्धित क्रियाकलापहरूको तालिका स्थापना गर्ने<br>व्यक्तीकृत विद्यार्थी सुरक्षा योजना<br>अभिभावक सम्पर्क<br>डिस्ट्रिक्ट अनुशासनका लागि सिफारिस सम्मेलन<br>विशेषाधिकार हटाउने<br>पुनर्स्थापन - पर्यवेक्षित सामुदायिक सेवा कार्य<br>स्वस्थकर चक्र<br>निलम्बन | वैकल्पिक कार्यक्रम (शिक्षाकर्मी/कक्षाको परिवर्तन)<br>चेक-इन चेक-आउट<br>अभिभावक/विद्यार्थी/विद्यालय कर्मचारीसँग सम्मेलन गृह भेट<br>डिस्ट्रिक्ट अनुशासनका लागि सिफारिस सम्मेलन<br>विशेषाधिकार हटाउने पुनर्स्थापन - सामुदायिक सेवा कार्य स्वस्थकर चक्र<br>निलम्बन |

# प्रकार III क्षुद्र अपराधहरू र यसका परिणामहरू

**कक्षामा सहभागी नहुने (51-3)**
विद्यार्थीले कक्षाका क्रियाकलापहरूमा सहभागी हुन अस्वीकार गर्ने।

**गाली दिने (28-3)**
गाली भनेको सामाजिक रूपमा अपमानजनक भाषा हो, जसलाई अपशब्द पनि भन्न सकिन्छ।

**मौखिक दुर्व्यवहार (32-3)**

कुनै पनि भाषा, कार्य, अप्रिय टिप्पणी वा अभिव्यक्ति, नाम वा बदनामी वा अश्लील इशाराहरू सहितका अन्य कुनै व्यवहारको प्रयोग, जुन नम्रता वा शिष्टाचार प्रति अपमानजनक हुन्। व्यक्तिको लिङ्ग, जाति, धर्म, वर्ण, राष्ट्रिय मूल, वंश, उमेर, असक्षमता वा लैङ्गिक झुकावलाई प्रतिबिम्ब गर्ने खालको कुनै पनि अपशब्द, व्यङ्ग्योक्ति वा अन्य मौखिक आचरण, जसको उद्देश्य वा प्रभाव डर देखाउने, प्रतिरोधी वा आपत्तिजनक शैक्षिक वातावरण सिर्जना गर्ने हुन्छ

**अनुमति नलिइकन कक्षा कोठाबाट बाहिर निस्कने (47-3)**
यसको अर्थ विद्यार्थी अधिकृत वा लिखित अनुमति विना कक्षा कोठाबाट बाहिर निस्कनु हो।

**हर्सप्ले, प्ले-फाइटिङ, पोस्चरिङ धम्कीहरू (26-3)**
यसको अर्थ धाँधली, खराब वा रूखो तरिकाले खेल्ने हो।

**व्यक्तिगत विद्युतिय यन्त्रको अनधिकृत प्रयोग (44-3)**
यसको अर्थ डिस्ट्रिक्टद्वारा उपलब्ध नगराइएका कुनै पनि यन्त्र जसमा आइपोड, MP3 प्लेयर, हाते गेम कन्सोल, सेलुलर टेलिफोन र ल्यापटप्म कम्प्युटर साथसाथै समान क्षमताका साथ विकास गरिएको कुनै पनि नयाँ प्रविधि पर्दछन् तर यतिमा मात्र सीमित छैन।

**आफ्नो पहिचान खुलाउन अस्वीकार गर्ने**
**(29-3)**
यसको अर्थ विद्यार्थीले उचित पहिचान उपलब्ध गराउन अस्वीकार गर्नु हो।

**स्वाभाविक ड्रेस कोडको उल्लङ्घन (UNIF)**
शैक्षिक प्रक्रियामा सम्भावित रूपमा अवरोध पुऱ्याउने वा स्वास्थ्य वा सुरक्षासम्बन्धी सरोकार सिर्जना गर्ने खालको पोसाक वा रूप-रङ।

**सार्वजनिक स्थलमा स्नेहको प्रदर्शन (50-3)**
सार्वजनिक स्थलमा स्नेहको प्रदर्शन भन्नाले सार्वजनिक सेटिङमा जोडीहरूबिच कुनै पनि प्रकारको शारीरिक सम्पर्कलाई व्याख्या गर्न प्रयोग गरिने शब्द हो। यसमा चुम्बन गर्ने र अङ्गालो हाल्ने कार्यदेखि लिएर हातहरू समाउने वा नम्र स्पर्शहरू साटासाट गर्ने कार्यसम्म सबै कुरा पर्दछन्।

**दीर्घकालीन ढिलाइ (31-3)**
बारम्बार ढिलो आउने कार्य।

**जानी बुझीकन कक्षा बीचमै छोड्ने/ अनुमति**
**विना विद्यालयबाट बाहिर जाने (33-3)**
आमाबुवा/अभिभावकहरू र प्रशासनको सहमति विना विद्यालयबाट अनुपस्थित भएका विद्यार्थीहरूलाई अनुपस्थित भएको मानिने छ। विद्यालय प्रशासनले विद्यार्थीको अनुपस्थिति प्रमाणित वा अप्रमाणित हो वा होइन भनी निर्धारण गर्नेछ।

**अन्य विद्यार्थीहरूलाई जानी बुझीकन विचलित गराउने वा अवरोध पुऱ्याउने (25-3)**
कक्षा कोठामा, विद्यालय भवनमा वा विद्यालय आधारहरूमा अभिप्राय पूर्ण कार्यहरू वा आचरण जसले शैक्षिक प्रक्रियामा अवरोध पुऱ्याउँछ (जस्तै, कुरा गर्ने, होहल्ला गर्ने, अनुमति नलिइकन सिटबाट निस्कने, आदि)

| केजी- 2 | 3-6 | 7-12 |
|---|---|---|
| पहिचान प्रणालीसँग व्यवहार करार<br>वातावरणमा परिवर्तन (विशेष सिटको व्यवस्था,<br>ट्रिगरहरू हटाउने, विचलित गराउनेहरूलाई<br>हटाउने, आदि)<br>चेक-इन चेक-आउट<br>समस्या पूर्ण व्यवहारका लागि निरन्तर (कक्षा<br>कोठा) परिणामहरू<br>समस्या पूर्ण व्यवहारहरूमा निरन्तर<br>प्रतिक्रियाहरू<br>कक्षामा शान्त रहने स्थान<br>विशेषाधिकारको कमी<br>दिउँसोको खाना<br>नजरबन्द अभिभावक<br>सम्पर्क<br>अभिभावक सम्पर्क-गृह भेट विद्यार्थीसँग<br>निजी सम्मेलन छनोट उपलब्ध गराउने<br>SST लाई सिफारिस<br>प्रतिबिम्ब क्रियाकलाप पुनर्स्थापन-सामुदायिक<br>सेवा कार्यस्वस्थकर चक्र<br>दृढ न्याय<br>पुनः शिक्षा दिने व्यवहारात्मक अपेक्षाहरू<br>सुरक्षा योजना | सीपको स्तर मूल्याङ्कन गर्ने<br>सम्भावित रूपमा पूरा नभएका आवश्यकताहरूको<br>मूल्याङ्कन गर्ने<br>व्यवहार सुधार योजना<br>चेक-इन चेक-आउट<br>अभिभावक/विद्यार्थी/विद्यालय<br>कर्मचारीसँग सम्मेलन<br>प्रक्रियात्मक व्यवहार मूल्याङ्कन समूह<br>परामर्श/व्यवहार शिक्षण गृह भेट<br>गृह भेट सामाजिक कार्य सिफारिस<br>परामर्शदाता पहिचान गर्ने र विद्यालय<br>कार्यसम्पादनसँग सम्बन्धित क्रियाकलापहरूको<br>तालिका स्थापना गर्ने<br>व्यक्तीकृत विद्यार्थी सुरक्षा योजना<br>आइएसएस/प्रतिबिम्ब/रिकभरी कक्ष<br>सहकर्मी मध्यस्थता<br>स्वस्थकर चक्र | वैकल्पिक कार्यक्रम (शिक्षाकर्मी/कक्षाको<br>परिवर्तन)<br>व्यवहार सुधार योजना<br>अभिभावक/विद्यार्थी/विद्यालय<br>कर्मचारीसँग सम्मेलन नजरबन्द<br>प्रक्रियात्मक व्यवहार मूल्याङ्कन<br>समूह परामर्श/व्यवहार शिक्षण व्यक्तीकृत<br>विद्यार्थी सुरक्षा योजना<br>आइएसएस/प्रतिबिम्ब/रिकभरी कक्ष<br>OSS<br>अभिभावक सम्पर्क<br>अभिभावक बैठक<br>सहकर्मी मध्यस्थता<br>विशेषाधिकार हटाउने<br>स्वस्थकर चक्र |

# प्रकार IV क्षुद्र अपराधहरू र यसका परिणामहरू

बस बिसौनीमा हुँदा बस आउनु अघि र बस प्रस्थान भएपछि बच्चाको व्यवहारका लागि आमाबुवा(हरू)/अभिभावक(हरू) जिम्मेवार हुने छन्। बस बिसौनीमा निरीक्षणका लागि डिस्ट्रिक्ट उत्तरदायी छैन तर बस बिसौनीमा विद्यार्थीहरूको कार्यले गर्दा विद्यालयका सञ्चालनहरूमा भौतिक र वस्तुगत अवरोध पुग्दा वा पुग्ने सम्भावना हुँदा SLPS ले विद्यार्थीहरूलाई दण्ड दिन/अनुशासनमा राख्न सक्छ। SLPS का विद्यार्थीहरूको निरीक्षण उनीहरूको बसमा चढेपछि सुरु हुन्छ। विद्यार्थीहरूले बसको प्रतीक्षा गर्दा सडकबाट टाढा उभिन महत्त्वपूर्ण हुन्छ। अनुचित व्यवहारले विद्यार्थी बसमा यात्रा गर्नबाट अस्थायी वा स्थायी आधारमा निष्कासित हुन सक्छ। डिस्ट्रिक्टको स्वामित्वमा रहेको वा करार गरिएको बसमा विद्यार्थीद्वारा गरिने कुनै पनि अपराधलाई यस विद्यार्थी आचार-संहिताअनुसार सम्बोधन गरिने छ। **बस भनेको कक्षा कोठाको विस्तार हो र दुर्व्यवहार सहन गरिने छैन**। बसभित्र र बसको ढोकामा हुने क्रियाकलाप रेकर्ड गर्नका लागि हरेक बसमा दुई (2) वटा डिजिटल क्यामेरा लगाइएको छ।

1. बस चालक उत्तरदायी व्यक्ति हो। विद्यार्थीहरूले चालकको आदेश पालन गर्नु पर्छ।
2. बस चालकले हाल बसमा निर्दिष्ट गरिएका विद्यार्थीहरूको नामसूची प्राप्त गर्छ। प्रधानाध्यापकका साथै बस चालकसँग पनि सिटहरू निर्दिष्ट गर्ने अधिकार हुन्छ। विद्यार्थीहरू आफ्नै निर्दिष्ट बसहरूमा यात्रा गर्छन्।
3. सबै यातायात गरिएका विद्यार्थीहरूले निर्दिष्ट बस र रुट नम्बर सङ्केत गर्ने एउटा पास प्राप्त गर्छन्। विद्यार्थीहरूलाई उनीहरूको निर्दिष्ट बसमा मात्र यात्रा गराउनु पर्छ।
4. आमाबुवाहरूलाई बसमा यात्रा गर्न वा बसमा चढ्न अनुमति छैन।

**नोट: नामांकन प्याकेटमा वा अनलाइनमा स्कूल बसका जिम्मेवारीहरू-सम्बन्धी मार्गनिर्देशनहरूको सन्दर्भ लिनुहोस्**।

नियमहरूको उल्लङ्घन गरेमा विद्यार्थीलाई SLPS का बसहरूमा यात्रा गर्ने अनुमति अस्वीकार गर्न सकिन्छ। बसमा गम्भीर दुर्व्यवहार गरेमा निष्कासनका लागि सिफारिस निम्तिन सक्छ। बसका विशेषाधिकारहरूको निलम्बन अवधिमा, विद्यार्थीलाई विद्यालय पुऱ्याउनु वा विद्यालयबाट लिएर आउनु आमाबुवा(हरू)/अभिभावक(हरू) को जिम्मेवारी हो।

| क्षुद्र अपराधहरू | परिणामहरू |
|---|---|
| बसमा खाने वा पिउने (43-4)<br>बसमा चढ्दा/बसबाट झर्दा धकेल्ने/ठेल्ने (40-4)<br>झ्यालबाट बाहिर शरीरको भाग निकाल्ने (42-4)<br>बसमा बसिरहन अस्वीकार गर्ने (39-4)<br>आपतकालीन ढोकाको हेरफेर गर्ने (38-4)<br>बसभित्र वस्तुहरू फाल्ने (36-4)<br>झ्याल बाहिर वस्तुहरू फाल्ने (37-4)<br>झ्यालबाट चिच्याउने (41-4) | पहिचान प्रणालीसँग व्यवहार करार<br>बससम्बन्धी निलम्बन<br>वातावरणमा परिवर्तन (विशेष सिटको व्यवस्था, ट्रिगरहरू हटाउने, आदि)<br>अभिभावकिय सम्पर्क<br>विद्यार्थीसँग निजी सम्मेलन<br>बसबाट निष्कासन गर्ने कार्य<br>पुनः शिक्षा दिने व्यवहारात्मक अपेक्षाहरू<br>विद्यार्थीलाई नोक्सानको क्षतिपूर्तिका लागि निर्धारण गरिने - दृढ न्याय |

# प्रविधि र विद्यार्थीको व्यवहार

विद्यार्थी स्वीकार्य प्रयोगका नीति र नियमनहरूले साइबरमार्फत दिइने धम्कीसहित सबै प्रविधिको प्रयोगलाई नियन्त्रण गर्छन् (Mo Rev Stat 160.775)। उल्लङ्घनहरूले प्रयोगकर्ताका विशेषाधिकारहरूमा क्षति, निलम्बन, निष्कासन र नागरिक वा अपराधिक जरिबानाहरू निम्ताउन सक्छ। विद्यार्थीहरूले डिस्ट्रिक्ट प्रविधिमा आफूले सिर्जना गरेको, पठाएको, प्राप्त गरेको वा भण्डार गरेको कुनै पनि कुराको गोपनीयताको अपेक्षा गर्ने छैनन्। सेल फोन, विद्युतिय क्यामेरा र विद्युतिय सञ्चारका यन्त्रहरूको प्रयोगलाई विद्यार्थी कर्मचारीद्वारा अनुमति दिइनु पर्छ। सेल फोन, क्यामेरा र विद्युतिय यन्त्रहरूको अनधिकृत प्रयोगले वस्तुको अधिकरण वा खोज र जफत निम्ताउन सक्छ। अधिकरण गरिएका वस्तुहरू उचित समय सीमाभित्र विद्यालय अधिकारीहरूलाई भेटेपछि आमाबुवा(हरू)/अभिभावकलाई मात्र फिर्ता गरिने छ। डिस्ट्रिक्टको नीतिको उल्लङ्घन गरेर ल्याइएको र सोहीअनुसार अधिकरण गरिएका वस्तुका लागि डिस्ट्रिक्ट जिम्मेवार हुँदैन।

विद्यार्थीहरूलाई अन्य विद्यार्थीहरू र कर्मचारीको फोटोहरूको भिडियो खिच्नबाट निषेधित गरिएको छ। उक्त कार्य गर्नाले अन्य विद्यार्थीहरू र कर्मचारीका गोपनीयता अधिकारहरूको उल्लङ्घन हुन्छ र स्वीकार्य प्रयोगसम्बन्धी डिस्ट्रिक्टका नीतिहरू र परिवारको शैक्षिक अधिकार तथा गोपनीयता ऐन (FERPA) को अनुसार अनुशासनात्मक कार्यवाहीको हकदार हुन्छ। डिस्ट्रिक्टले विद्यार्थी प्रयोगकर्ताहरू र डिस्ट्रिक्टको उपकरणको सुरक्षा गर्न व्यवसायको नियमित अवधिमा डिस्ट्रिक्ट प्रविधिमा भण्डार गरिएको विद्युतिय सञ्चारहरू र जानकारीलाई निरीक्षण गर्छ। निश्चित परिस्थितिहरू अन्तर्गत विद्यालयको सञ्चालनमा बाधा पुर्‍याउने विद्यार्थीले क्याम्पस बिदा हुँदा गर्ने प्रविधिको प्रयोग पनि अनुशासनात्मक कार्यवाहीको हकदार हुन्छ (अर्थात् दुर्व्यवहार गर्न वा साइबरमार्फत धम्की दिन Facebook र अन्य मिडिया स्रोतहरूको प्रयोग)।

बोर्डले स्रोतहरू र निरीक्षण उपलब्ध हुने समयसम्म इन्टरनेट पहुँच सीमित गर्ने अधिकार आरक्षित गर्दछ। बोर्ड नेटवर्कलाई कानुनले अनुमति दिएको हदसम्म नजिकको फोरमको रूपमा मानिन्छ। शैक्षिक उद्देश्यका लागि बोर्डको कर्मचारीको ज्ञान र प्रोत्साहनद्वारा गरिँदा बाहेक विद्यार्थी प्रयोगकर्ताहरूले आफूले अन-लाइन (इन्टरनेट वा इन्ट्रानेट) मा भेटका व्यक्तिहरूसँग नभेट्ने सम्झौता गर्ने छन्। विद्यार्थी प्रयोगकर्ताहरूले आफूले कम्प्युटरबाट पहुँच गरेको कुनै पनि अनुपयुक्त सामग्री वा अनुपयुक्त हुने वा प्रयोगकर्तालाई असहज गराउने विद्यार्थीले प्राप्त गरेको कुनै पनि सन्देशको बारेमा आफ्नो शिक्षाकर्मी वा अन्य विद्यालय कर्मचारीसँग खुलासा गर्ने छन्।

## अनुशासन

माथि व्याख्या गरिएको नीति र नियमन डिस्ट्रिक्ट कम्प्युटर स्रोतका सबै प्रयोगकर्ताहरूमा लागू हुन्छ र व्यक्तिगत रूपमा नियन्त्रित, साझा गरिएको, स्ट्याण्ड-एलोन वा नेटवर्क गरिएको भएता पनि सबै कम्प्युटर/जानकारी स्रोतहरूलाई सन्दर्भ गर्छ। माथि उल्लेख गरिएको नीति र नियमन उल्लङ्घन गर्ने कर्मचारी वा विद्यार्थीहरू डिस्ट्रिक्टका प्रकाशित नीति र कार्यविधिहरू अनुसार अनुशासनात्मक कार्यवाहीहरूको हकदार हुने छन्। यो नीति र सङ्लग्न नियमनको उल्लङ्घनका लागि सजायको दायरा कम्प्युटर स्रोतका विशेषाधिकारहरूबाट निलम्बन/निष्कासनदेखि रोजगारीबाट खारेजी वा विद्यालयबाट विद्यार्थीको निलम्बन/निष्कासनसम्म हुन सक्छ। यसका साथै, यो नीति र नियमनको उल्लङ्घनले नागरिक र/वा अपराधिक जरिबानाहरू निम्ताउन सक्छ। माथि उल्लिखित प्रतिबन्धहरूको बावजूद, डिस्ट्रिक्टले कस्तो कुराले अनुपयुक्त प्रयोग स्थापना गर्छ भनी निर्धारण गर्ने अधिकार आरक्षित गर्दछ र अनुपयुक्त प्रयोगको प्रशासनको निर्धारणमा आधारित रहेर कुनै पनि समयमा कुनै पनि कर्मचारी वा विद्यार्थीको खाता अस्वीकार, खारेज, निलम्बन वा बन्द गर्न सक्छ। गल्तीपूर्वक अनुपयुक्त जानकारीमा पहुँच गर्ने कर्मचारी र/वा विद्यार्थीहरूले आफ्नो प्रत्यक्ष सुपेरिवेक्षक वा शिक्षाकर्मीलाई तुरुन्तै सूचित गर्नु पर्छ।

# निलम्बन

विद्यालयहरूमा राम्रो अर्डर र अनुशासनमा हानी पुऱ्याउने वा विद्यार्थीहरूको मनोबल वा राम्रो व्यवहारलाई बिगार्ने व्यवहारका लागि विद्यार्थीहरूलाई निलम्बन वा निष्कासन गर्न सकिन्छ। प्रधानाध्यापकद्वारा गरिने कुनै पनि निलम्बनको बारेमा कुनै पनि समयमा निलम्बन रद्द गर्न सक्ने सुपरिवेक्षक वा उहाँले नियुक्त गरेको व्यक्तिलाई तुरुन्तै रिपोर्ट गरिनु पर्छ।

- कुनै पनि विद्यार्थीलाई निलम्बनको रूपमा रिपोर्ट गरिएको कार्यविना विद्यालयबाट एक दिन भन्दा धेरै हटाउन सकिँदैन।
- प्रधानाध्यापकहरूलाई प्रकार II अतिक्रमणका लागि दश (10) विद्यालय दिनभन्दा धेरै नहुने अवधिसम्मका लागि विद्यार्थीलाई निलम्बन गर्ने अधिकार-प्रदान गरिएको छ।
- प्रधानाध्यापकहरूलाई प्रकार I अतिक्रमणका लागि दश (10) विद्यालय दिन सम्मका लागि निलम्बन गर्ने अधिकार-प्रदान गरिएको छ।
- किन्डरगार्टेन देखि दोस्रो ग्रेडसम्मका विद्यार्थीहरूलाई सुरक्षित विद्यालय ऐनसहित तर यसमा मात्र सीमित नरहेर Missouri का संशोधित अधिनियमका आवश्यकताहरूको सम्बन्धमा निलम्बन गर्न सकिँदैन।
- सुपरिवेक्षकले विद्यार्थीलाई 180 विद्यालय दिनभन्दा धेरै नहुने गरी निलम्बन गर्न सक्नुहुन्छ।
- विद्यार्थीलाई विद्यालयबाट निलम्बित गर्दा, अभिभावकलाई सम्पर्क गरिनु पर्छ र निलम्बनको पत्र प्राप्त गर्नु पर्छ।
- कर्मचारी वा अन्य विद्यार्थीहरूमाथि भएका आक्रमणहरूमा सङ्लग्न विद्यार्थीलाई आक्रमण भएको विद्यालयमा फर्कनका लागि जरिबाना लाग्न सक्छ।
- यो नीतिको सन्दर्भमा अनुशासनात्मक कार्यवाहीमा परेको विद्यार्थीलाई विद्यार्थीको सम्पत्तिको 1,000 फिटभित्र वा क्रियाकलाप डिस्ट्रिक्टको सम्पत्तिभित्र भए तापनि वा नभए तापनि उक्त डिस्ट्रिक्टको कुनै पनि क्रियाकलापमा उपस्थित हुने अनुमति छैन। निलम्बित विद्यार्थीसँग विद्यालयको सम्पत्तिमा रहनका लागि सुपरिवेक्षक वा सुपरिवेक्षकले नियुक्त गरेको व्यक्तिबाट अनुमति हुनु पर्छ। डिस्ट्रिक्टले क्याम्पसको शैक्षिक वातावरणमा नकारात्मक रूपमा प्रभाव पार्ने क्याम्पसभन्दा बाहिरको व्यवहारका लागि विद्यार्थीहरूलाई अनुशासनात्मक कार्यवाही गर्न सक्छ।

# निलम्बनका बाँकी प्रक्रिया

सबै विद्यार्थीहरूलाई गुनासो वा उजुरीहरू समाधान गर्नमा र कुनै पनि निलम्बन वा निष्कासनको निर्णयमा निष्पक्ष र इमान्दारीपूर्वक व्यवहार गरिने छ। निष्कासनका लागि वारेन्ट वा निलम्बनको सिफारिस गर्न सक्ने विद्यार्थीको आचार संहिताका उल्लङ्घनका लागि:

प्रधानाध्यापक वा डिजाइनीले उचित समयावधिभित्र विद्यार्थीको सम्मेलन र विद्यालय स्तरको अनुसन्धान सञ्चालन गर्नु पर्छ। निम्न कुराहरू नगर्दासम्म कुनै पनि विद्यार्थीलाई निलम्बन गरिने छैन:
1. विद्यार्थीलाई उनीहरू विरुद्ध लागेका आरोपहरूको मौखिक वा लिखित सूचना उपलब्ध गराइन्छ; र
2. विद्यार्थीले आरोपहरू अस्वीकार गर्छन् भने उसलाई प्रस्तावित निलम्बनको आधारका तथ्यहरूको मौखिक वा लिखित व्याख्या दिइने छ; र
3. विद्यार्थीलाई घटनाको आफ्नो संस्करण प्रस्तुत गर्ने अवसर दिइने छ; र
4. दश (10) दिनभन्दा बढीको निलम्बनको अवस्थामा, जहाँ विद्यार्थीले आफूले निर्णयको अपिल गर्न चाहेको भनी सूचना दिँदा, बोर्डले आफ्नो निर्णय परिवर्तन नगर्दासम्म निलम्बन रहिरहने छ, अन्यथा सुपरिवेक्षकको निर्णयमा, विद्यार्थीको उपस्थितिले व्यक्तिहरू वा सम्पत्ति वा शैक्षिक प्रक्रियामा बाधा पुर्याउने जारी डरमा निरन्तर खतरा धारण गरेको अवस्थामा, विद्यार्थीलाई विद्यालयबाट तुरुन्तै हटाउन सकिन्छ र सूचना र सुनुवाइ व्यावहारिक हुनासाथ अगाडि बढाइने छ।

प्रधानाध्यापक वा डिजाइनीले निलम्बनको सूचना दिन, निलम्बनको कारण उपलब्ध गराउन र विद्यार्थीलाई पुनः भर्ना गर्नका लागि आवश्यकता भएअनुसार प्रधानाध्यापक वा डिजाइनीसँग सम्मेलनका लगि मिति र समय निर्धारण गर्न आमाबुवा(हरू)/अभिभावक(हरू) लाई सम्पर्क गर्नु पर्छ । कुनै पनि विद्यार्थीलाई निलम्बनका लागि विशिष्ट दुर्व्यवहार र कारणको उचित कागजात विना घरमा पठाइने छैन।

विद्यार्थीलाई आफ्नो आमाबुवा(हरू)/अभिभावक(हरू) को स्याहारमा छोडिँदा बाहेक विद्यालय दिनको अन्त्यसम्म विद्यालयमा बस्नु पर्ने छ। विद्यालयमा उपस्थितिले कुनै पनि विद्यार्थी वा सम्पत्तिमा वा शैक्षिक प्रक्रियामा अवरोधको निरन्तर खतरा हुने विद्यार्थीलाई उपयुक्त कानुनी अधिकारीको निरीक्षण अन्तर्गत विद्यालयका परिसरहरूबाट तुरुन्तै हटाइने छ।

# निलम्बन वा वैकल्पिक स्थान नियोजनका लागि अपिल प्रक्रिया

**अल्पकालीन निलम्बनको अपिल:**
दश (10) भन्दा धेरै नहुने नजरबन्द, विद्यालय-भित्र निलम्बन र विद्यालयभन्दा बाहिरका निलम्बनका लागि अपिल भवनको प्रधानाध्यापकलाई बाहेक खुला छैन।

**दीर्घकालीन निलम्बन अपिल (दश [10] दिन भन्दा धेरै):**
दश दिनभन्दा बढीको कुनै पनि निलम्बनका लागि विद्यार्थी वा आमाबुवा(हरू)/अभिभावक(हरू) ले सुपरिवेक्षक निर्णयको अपिल शिक्षा बोर्डसँग गर्नु पर्छ। विद्यार्थी वा आमाबुबाले दीर्घकालीन निलम्बनको मितिदेखि पाँच (5) व्यवसाय दिनभित्र अपिल गर्ने आफ्नो चाहनाको बारेमा परिवार तथा समुदाय सङ्लग्नताको कार्यालयलाई सूचित गर्नु पर्छ। विद्यार्थी वा आमाबुबाले निलम्बनको अपिल गर्ने आफ्नो चाहनाको बारेमा सूचना दिनुहुन्छ भने बोर्डले आफ्नो निर्णय परिवर्तन नगर्दासम्म निलम्बन कायम रहने छ। यद्यपि, सुपरिवेक्षकको निर्णयमा, विद्यार्थीले व्यक्तिहरू वा सम्पत्तिमा निरन्तर खतरा वा शैक्षिक प्रक्रियामा अवरोध पुर्याउने जारी खतरा धारण गर्छ भने विद्यार्थीलाई तुरुन्तै विद्यालयबाट हटाइने छ र सुनुवाइ व्यवहारिक हुन साथ गरिने छ।

शिक्षा बोर्डलाई अपिल गरेको खण्डमा सुपरिवेक्षकले निलम्बन, उहाँद्वारा गरिएको कार्यवाही, त्यसका कारणहरूसँग सम्बन्धित तथ्यका बारेमा लिखितमा पूर्ण रिपोर्ट शीघ्र प्रसारण गर्नु पर्ने छ र शिक्षा बोर्डको अनुरोध पश्चात 167.161, RSMo मा उपलब्ध गराइएअनुसार सञ्चालित गर्नका लागि अपिल गर्ने पक्षलाई सुनुवाइ प्रदान गर्नु पर्ने छ।

आमाबुवा(हरू)/कानुनी अभिभावक(हरू) ले निम्नानुसार दश (10) दिनभन्दा धेरैको निलम्बनको अपिल अनुसरण गर्न सक्नुहुन्छ:
- पारिवारिक तथा सङ्लग्नता कार्यालय, 801 N. 11th St., St Louis, MO 63101 बाट अपिल फारम अनुरोध गरेर वा अपिलको पत्र लेखेर।
- उल्लङ्घनसँग सम्बन्धित सबै जानकारीलाई फारम वा पत्रमा समावेश गरेर।
- दीर्घकालीन निलम्बनको मितिबाट पाँच (5) व्यवसाय दिनभित्र फारम वा पत्र फिर्ता गरेर।
- अपिलहरू दीर्घकालीन निलम्बनको भार निम्ताउने उल्लङ्घनसँग सिधै सम्बन्धित तथ्यका कथनहरूमा प्रतिबन्धित गरिनु पर्छ।

वैकल्पिक स्थान नियोजनका लागि अपिलको प्रक्रिया:
विद्यार्थी आचार संहिताको प्रकार । उल्लङ्घनको कारणले वैकल्पिक साइटमा निर्दिष्ट विद्यार्थीले परिवार तथा सामुदायिक सङ्लग्नता कार्यालयमा स्थान नियोजनको अपिल गर्न सक्नुहुन्छ। अपिलमा नियम नबनाउँदासम्म वैकल्पिक स्थान नियोजन प्रभावकारी रहने छ। अपिलमा नियम नबनाउँदासम्म विद्यार्थीहरू वैकल्पिक स्थान नियोजनमा नामाङ्कन हुनु पर्छ। आमाबुवा(हरू)/कानुनी अभिभावकले निम्नद्वारा कार्यवाहीको अपिल अनुसरण गर्न सक्नुहुन्छ:
- परिवार तथा समुदाय सङ्लग्नताको कार्यालय, 801 N. 11th St., St. Louis, MO 63101 बाट अपिल फारम अनुरोध गरेर वा अपिलको पत्र लेखेर।
- उल्लङ्घनसँग सम्बन्धित सबै जानकारीलाई फारम वा पत्रमा समावेश गरेर।
- वैकल्पिक स्थान नियोजनको पाँच (5) व्यवसाय दिनभित्र परिवार तथा समुदाय सङ्लग्नता कार्यालयमा फारम वा पत्र फिर्ता गरेर।
- अपिलहरू वैकल्पिक स्थान नियोजनको नियुक्तिको कार्यान्वयन निम्त्याउने उल्लङ्घनसँग प्रत्यक्ष रूपमा सम्बन्धित तथ्यका कथनहरूमा प्रतिबन्धित गरिनु पर्छ। अपिलको स्थितिको सूचना लिखित अपिलको प्राप्तिको दश (10) दिनभित्र अभिभावकलाई पठाइने छ।
- परिवार तथा समुदाय कार्यालयको निर्णय अन्तिम हुने छ र अपिलसँग सम्बन्धित हुँदैन।

# निष्कासन

निष्कासन भनेको विद्यालय उपस्थितिमा स्थायी अस्वीकृति हो।

**<u>विद्यालयबाट निष्कासन:</u>**

प्रकार । उल्लङ्घन गर्नका लागि निलम्बन गरिएको कुनै पनि विद्यार्थीलाई विद्यालयको प्रधानाध्यापक वा डिजाइनीको सिफारिसमा निष्कासन गर्न सकिन्छ। प्रधानाध्यापक र डिजाइनीले विद्यालयको सम्पत्ति, विद्यालयको बस वा विद्यालयको प्रायोजित कार्यक्रममा निम्न मध्ये कुनै कुराको धारणमा दोषी पाइएको विद्यार्थीलाई निलम्बन र निष्कासनका लागि सिफारिस गर्न सक्नुहुन्छ।
- हतियार (हतियारका लागि शब्दावली हेर्नुहोस्)
- लागू पदार्थहरू वा मदिराको वितरण र बिक्री
- उत्तेजित आक्रमण
- निष्कासन आवश्यक पर्ने अन्य सुरक्षित विद्यालय ऐनका उल्लङ्घनहरू

**<u>डिस्ट्रिक्टबाट निष्कासन</u>**
विद्यार्थीको आमाबुवा(हरू)/अभिभावक(हरू) र आरोपहरूको सुनुवाइमा निम्न सूचनामार्फत, शिक्षा बोर्डले विद्यार्थीलाई विद्यालयबाट स्थायी रूपमा हटाउन सक्नुहुन्छ। सुनुवाइमा, बोर्डले निलम्बन गर्ने निर्णय गर्नु अघि दुवै विद्यार्थी र विद्यालय अधिकारीहरूद्वारा प्रस्तुत गरिएका प्रमाण र कथनहरूको विचार गर्नु हुने छ।

निम्न कुराहरू ध्यानमा राख्नुहोस्: निलम्बन गरिएको कुनै पनि विद्यार्थीलाई उसले भर्ना गर्न खोजिरहेको विद्यालय प्रणालीको नियन्त्रण अधिकारीको समीक्षा र स्वीकृतिमा बाहेक कुनै पनि अन्य इलाकाको कुनै पनि पब्लिक स्कूल वा राज्यको सिटी स्कूल प्रणालीमा भर्ना गरिने छैन।

# <u>निष्कासनका बाँकी प्रक्रिया</u>

विद्यालयबाट:
प्रधानाध्यापकले विद्यालयबाट निष्कासनका लागि विद्यार्थीलाई सिफारिस गर्न सक्नुहुन्छ। प्रधानाध्यापकले विद्यार्थीलाई निष्कासन गर्नका लागि सिफारिस गर्नुहुन्छ भने विद्यार्थीलाई निष्कासनका लागि सिफारिसको डिस्ट्रिक्ट अनुशासन सम्मेलन आयोजन गरेर निलम्बन गरिने छ। विद्यार्थीले डिस्ट्रिक्ट अनुशासन सम्मेलन गर्नु हुने छ जसमा डिस्ट्रिक्ट अनुशासन अधिकारीले निष्कासनका लागि सिफारिस समर्थित, परिमार्जित वा परिवर्तन गरिन्छ वा गरिँदैन भनी निर्धारण गर्नु हुने छ।

निष्कासनको सिफारिसका लागि बाँकी प्रक्रिया कार्यविधिहरू र डिस्ट्रिक्ट अनुशासन सम्मेलनहरू निम्नानुसार हुन्छन्:
- प्रधानाध्यापक वा डिजाइनीले विद्यालय सम्मेलन र विद्यालय स्तरको अनुसन्धान गर्नु पर्छ। उपयुक्त कागजात नवप्रवर्तन पाथवेहरूको कार्यालयमा पेस गर्नु पर्छ।
- डिस्ट्रिक्ट अनुशासन सम्मेलन अनुशासन उल्लङ्घनको दश (10) दिनभित्र सुपरिवेक्षकको डिजाइनी, डिस्ट्रिक्ट अनुशासन अधिकारीद्वारा सञ्चालन गरिन्छ।
- अनुशासन सम्मेलन अधिकारीले भवनको प्रधानाध्यापक र/वा डिजाइनद्वारा पेस गरिएको कागजातीकरणको समीक्षा गर्नु हुने छ।
- सम्मेलन नहुँदासम्म विद्यार्थी निलम्बनमा रहने छन्।

**डिस्ट्रिक्टबाट**
शिक्षा बोर्डले विद्यार्थीका आमाबुवा वा अभिभावकहरू र आरोपहरूको सुनुवाइमा निम्न सूचना दिएर विद्यालयबाट स्थायी रूपमा हटाउन सक्छ। सुनुवाइमा, बोर्डले निलम्बन गर्ने निर्णय गर्नु अघि दुवै विद्यार्थी र विद्यालय अधिकारीहरूद्वारा प्रस्तुत गरिएका प्रमाण र कथनहरूको विचार गर्नु हुने छ।

# <u>पुनः भर्ना वा भर्ना गर्ने अनुमति</u>

विद्यार्थीले निलम्बन वा निष्कासनको अवधिमा वा निजी, चार्टर, स्थानीय विद्यालय वा स्कूल डिस्ट्रिक्ट सहित राज्यभित्रको वा बाहिरको स्कूल डिस्ट्रिक्टबाट निलम्बन वा निष्कासनलाई रोक्न SLPS मा भर्ना हुने प्रयास गर्दै हुनुहुन्छ भने विद्यार्थीको व्यवहारले SLPS डिस्ट्रिक्टमा निलम्बन वा निष्कासन निम्ताउँछ वा निम्ताउँदैन भनी विचार गर्न सुपरिवेक्षक वा सुपरिवेक्षकको डिजाइनीसँग सम्मेलन आयोजना गरिने छ। आमाबुवाहरूले अपोइन्टमेन्ट निर्धारण गर्न नवप्रवर्तनीय पाथवेहरूलाई सम्पर्क गर्नु पर्छ।

उक्त व्यवहारले SLPS मा निलम्बन वा निष्कासन निम्ताउँछ भन्ने कुराको सुपरिवेक्षक वा सुपरिवेक्षकको डिजाइनद्वारा निर्धारणपश्चात, डिस्ट्रिक्टले उक्त निलम्बन वा निष्कासनलाई SLPS डिस्ट्रिक्टमा प्रभावकारी बनाउने छ। उक्त मामिलाहरूमा, विद्यार्थीहरू विगतका निलम्बन वा विद्यार्थी आचार संहिताको बारम्बार उल्लङ्घनहरूसँग अर्को डिस्ट्रिक्ट, चार्टर वा स्थानीय विद्यालयबाट SLPS मा प्रवेश गर्दा, यी विद्यार्थीहरूलाई नवप्रवर्तनीय पथवेहरूद्वारा निर्धारण गरिएको समयसम्म वैकल्पिक विद्यालयमा राख्न सकिन्छ।

SLPS ले विद्यालयको उल्लङ्घनको कार्यका लागि दश लगातार विद्यालय दिन भन्दा धेरै निलम्बन भएको विद्यार्थीलाई पुनः भर्ना गर्ने छैन र निष्कासन वा निलम्बन निम्ताउने व्यवहार र उक्त वा सम्बन्धित व्यवहार भविष्यमा हुनबाट रोक्न आवश्यक कुनै सुधारात्मक कार्यको समीक्षा गर्न पहिले सम्मेलन आयोजन नगरिकन विद्यार्थीहरूलाई विद्यालयमा उपस्थित हुने अनुमति दिने छैनन्। सम्मेलनमा विद्यालयका उपयुक्त सदस्यहरू, विद्यार्थी र आमाबुवा/अभिभावक समावेश हुनु पर्छ।

ठूला अपराधहरू

राज्यको कानुन §167.171 अनुसार विद्यार्थीलाई अन्तिम निर्णय वा किशोर व्यवहारको आरोप विना वयस्क वा किशोरको रूपमा अपराधी ठहर गरिन्छ, आरोप लगाइन्छ भने विद्यार्थीलाई पुनः भर्ना वा नामांकित गरिने छैन, जसमा वयस्कद्वारा गरिएको खण्डमा, निम्न अपराधहरूमध्ये एउटा समावेश हुन्छ:

(a) 565.020 को धाराअन्तर्गत पहिलो डिग्रीको हत्या;

(B) 565.021 को धाराअन्तर्गत दोस्रो डिग्रीको हत्या; (c) 565.050 को धाराअन्तर्गत पहिलो डिग्रीको आक्रमण;

(d) जबरजस्ती करणी अगस्ट 28, 2013 भन्दा पहिलेदेखि विद्यमान रहेकोले 566.030 को धाराअन्तर्गत जबरजस्ती करणी वा 566.30 अन्तर्गतको बलात्कार € जबरजस्ती पुरुष मैथुन अगस्ट 28, 2013 भन्दा पहिलेदेखि विद्यमान रहेकोले 566.060 को धाराअन्तर्गत जबरजस्ती पुरुष मैथुन 566.060 को धाराअन्तर्गत पहिलो डिग्रीमा पुरुष मैथुन;

(f) 566.032 को धाराअन्तर्गत वैधानिक बलात्कार;

(g) 566.062 को धाराअन्तर्गत वैधानिक पुरुष मैथुन;

(h) चोरी जनवरी 1, 2017 भन्दा पूर्वदेखि विद्यमान रहेकोले 569.020 को धाराअन्तर्गत पहिलो डिग्रीमा चोरी वा 570.023 को धाराअन्तर्गत पहिलो डिग्रीमा चोरी;

(i) लागू पदार्थहरूको वितरण जनवरी 1, 2017 भन्दा पूर्वदेखि विद्यमान रहेकोले 195.212 को धाराअन्तर्गत लागू पदार्थहरूको वितरण वा 579.020 को धाराअन्तर्गत नियन्त्रित पदार्थको डेलिभरी;

(j) 569.040 को धाराअन्तर्गत पहिलो डिग्रीमा आगजनी;

(k) 565.110 को धाराअन्तर्गत वर्ग A अपराधको रूपमा वर्गीकृत गर्दा अपहरण वा पहिलो डिग्रीमा अपहरण। विद्यार्थीले कानुनद्वारा आवश्यक भएका सबै बाँकी प्रक्रियाका सुरक्षाहरू वहन गर्ने छन् भनी उपलब्ध गराउँदै वयस्कलाई लागेको आरोप वा किशोर निवेदनलाई अपराधिक वा किशोर अदालतमा विशेष ऐनद्वारा खारेज वा निर्दोष ठहर गरिए तापनि माथि सूचीबद्ध अपराधका अन्तर्निहित सञ्चालनका लागि डिस्ट्रिक्टको विद्यार्थीको आचार संहिता अन्तर्गत अनुशासनात्मक कार्यवाही गर्नबाट डिस्ट्रिक्टलाई रोक्न यो नीतिमा भएको कुनै पनि कुरा अनुवाद गरिने छैन।

# अक्षमताहरू भएका व्यक्तिहरूको शिक्षा ऐन **(IDEA)** र धारा **504**

अक्षमताहरू भएका व्यक्तिहरूको शिक्षा ऐन र अक्षमताहरू भएका विद्यार्थीहरूको अनुशासनसँग सम्बन्धित पुनर्सुधार ऐनको धारा 504 का आवश्यकताहरूले सुरक्षित विद्यालय ऐन र St. Louis Public School को आचार संहिताका प्रावधानहरू लागू गर्न सक्छन्। आवश्यकताहरूले कानुनद्वारा आवश्यक भएअनुसार स्थान नियोजनका कार्यविधिहरूमा परिवर्तन नगरिकन यी विद्यार्थीहरूलाई निकाल्ने डिस्ट्रिक्टको क्षमतालाई सीमित गर्न सक्छ।

अक्षमताहरू भएका विद्यार्थीहरूलाई नि: शुल्क, उपयुक्त सार्वजनिक शिक्षा (FAPE) उपलब्ध गराउने बोर्डको नीति हो। यी विद्यार्थीका आवश्यकताहरू पूरा गर्न उपलब्ध डिस्ट्रिक्टका कार्यक्रम र सेवाहरू अक्षमताहरू भएका व्यक्तिहरूको शिक्षा ऐन (IDEA), 20 U.S. C. §1400 et seq., संशोधित गरिएअनुसार., the Missouri राज्य विशेष शिक्षाको योजना र **1973, 29 U.S.C. §794 को** पुनर्सुधार ऐनको धाराअनुसार हुने छ।

दुवै IDEA र धारा 504 अन्तर्गत विद्यार्थी डिस्ट्रिक्टहरूलाई बाल खोज क्रियाकलापहरू र जन्मदेखि एक्काइस (21) वर्ष उमेरका असक्षमता वा संदिग्ध अक्षमताहरू भएका सबै बालबालिकाको वार्षिक जनगणना आवश्यक हुन्छ।

यसमा विद्यालयमा उपस्थित नहुने डिस्ट्रिक्टमा बस्ने बालबालिका, निजी विद्यालयहरूमा उपस्थित हुने विद्यार्थी, आप्रवासी र घरबार विहीन बालबालिका र असक्षमता भएको वा उनीहरू ग्रेडदेखि ग्रेडमा बढेतापनि विशेष शिक्षाको आवश्यकता भएको संदिग्ध बालबालिका जस्ता उच्च रूपमा गतिशील बालबालिका समावेश हुन्छ। तपाईंसँग असक्षमता भएको बच्चा छ वा सार्वजनिक विद्यालयमा उपस्थित नभएको असक्षमता भएको बच्चाको बारेमा थाहा छ भने कृपया जनगणना रिपोर्टिङ फारम अनुरोध गर्नुहोस्। यो नीति उपयुक्त भएअनुसार मूल भाषाहरूमा उपलब्ध गराइने छ। डिस्ट्रिक्टसँग 504 को धाराअन्तर्गत समान बाल खोज जिम्मेवारीहरू छन्। अतिरिक्त जानकारीका लागि आफ्नो प्रधानाध्यापक वा विशेष शिक्षा सेवाहरूको निर्देशलाई (314) 633-5344 मा फोन गरेर वा विशेष शिक्षा सेवाहरू, St. Louis Public Schools, 801 N. 11th Street, St. Louis, MO 63101 लाई मेल गरेर सम्पर्क गर्नुहोस्।

St. Louis Public School ले आफ्नो निर्णय अन्तर्गत 3 र 21 वर्ष उमेरबिचका अक्षमताहरू भएका सबै योग्य बालबालिकालाई FAPE उपलब्ध गराउने छ भनी आश्वासन दिन्छ। डिस्ट्रिक्टले नियमित वा विशेष शिक्षा कार्यक्रममा व्यक्तिको प्रारम्भिक स्थान-नियोजनको सम्बन्धमा कुनै पनि कार्य गर्नु अघि विशेष शिक्षा वा सम्बन्धित सेवाहरू आवश्यक पर्ने वा आवश्यक भएको विश्वास गरिने 3 र 21 वर्ष उमेरबिचका कुनै पनि व्यक्तिको नि: शुल्क सञ्चालन गर्ने छ र स्थान नियोजनमा कुनै पनि अनुवर्ती महत्त्वपूर्ण परिवर्तन गर्नु अघि मूल्याङ्कनका लागि आवश्यकता विचार गर्ने छ। IDEA अन्तर्गत अक्षमताका उदाहरणहरूमा बौद्धिक असक्षमता, सुन्नमा कठिनाइ र बहिरोपन, वाचन वा भाषा सम्बन्धी दुर्बलताहरू, दृष्टिसम्बन्धी दुर्बलताहरू/अन्धोपन, भावनात्मक स्वास्थ्य, अर्थोपेडिकसम्बन्धी दुर्बलता, स्वलीनता, ट्रमेटिक मस्तिष्क चोटपटक, अन्य स्वास्थ्यसम्बन्धी दुर्बलता, विशेष अध्ययन असक्षमता, कान नसुन्ने/आँखा नदेख्ने वा बहु असक्षमता र विकासात्मक ढिलाई भएको युवा बच्चा समावेश हुन्छ। IDEA अन्तर्गत सेवाका लागि योग्य हुनका लागि विद्यार्थीलाई उक्त अक्षमताको कारणले विशेष शिक्षा र सम्बन्धित सेवाहरू पनि आवश्यक पर्छ। विद्यार्थीलाई मूल्याङ्कन गरिँदा र विद्यार्थीसँग प्रमुख जीवनको क्रियाकलाप मूल रूपमा सीमित गर्ने मानसिक वा शारीरिक दुर्बलता छ भनी निर्धारण गर्दा 504 को धाराअन्तर्गत विद्यार्थीसँग असक्षमता छ।

St. Louis Public Schools ले Missouri First Steps कार्यक्रमका लागि योग्य नवजात बच्चा र शिशुका लागि प्रारम्भिक हस्तक्षेप सेवाहरूको कार्यान्वयनमा राज्यलाई सहायता गर्न आवश्यक जानकारी र सन्दर्भ सेवाहरू उपलब्ध गराउने छ।

St. Louis Public Schools ले अंगीकृत विशेष शिक्षाका लागि Missouri राज्य योजनाको विकास गरेको छ। यो योजना नियमित व्यवसाय समयको अवधिमा विशेष शिक्षाको कार्यालयमा समीक्षा गर्न सकिन्छ।

St. Louis Public Schools ले अक्षमताहरू भएका बालबालिकाको FAPE को पहिचान, मूल्याङ्कन, स्थान नियोजन वा प्रावधानका उद्देश्यका लागि निकायद्वारा सङ्कलन, प्रयोग वा कायम राखिएको व्यक्तिगत रूपमा पहिचान योग्य जानकारीका शिक्षा रेकर्डहरूलाई उनीका आमाबुवा/अभिभावकहरू र 18 वर्ष वा सोभन्दा बढी उमेरका विद्यार्थीहरू (योग्य विद्यार्थी) द्वारा अनुसन्धान र/वा समीक्षा गर्न सकिन्छ। आमाबुवा/अभिभावक र योग्य विद्यार्थीले रेकर्ड गलत, भ्रामक छ वा आफ्ना बच्चाका गोपनीयता वा अन्य अधिकारहरू उल्लङ्घन गर्छ भनी विश्वास गर्नुहुन्छ भने आमाबुवा/अभिभावकहरूले शैक्षिक रेकर्डमा संशोधनको अनुरोध गर्न सक्नुहुन्छ।

आमाबुवा/अभिभावक र योग्य विद्यार्थीहरूसँग पारिवारि शिक्षा अधिकार र गोपनीयता ऐन (FERPA) का आवश्यकताहरू पूरा गर्न डिस्ट्रिक्टद्वारा संदिग्ध असफलताहरूको सम्बन्धमा विद्यार्थी गोपनीयता पारिवारिक नीति अनुपालन कार्यालय, यू. एस शिक्षा विभाग, 400 Maryland Avenue, SW, Washington, D.C., 0202-85204605 वा Missouri इलिमेन्टरी विभाग र विशेष शिक्षाको सेकेण्डरी शिक्षा विभाग – अनुपालन, P.O. Box 480, Jefferson City, MO 65102 सँग उजुरीहरू दायर गर्ने अधिकार हुन्छ।

IDEA अन्तर्गत अक्षमताहरू भएका विद्यार्थीहरूको अनुशासन:
अक्षमताहरू भएका विद्यार्थीहरूले यो हाते पुस्तिकामा स्थापना गरिएको अक्षमताहरू भएका विद्यार्थीहरूलाई उपयुक्त हुने नियमहरू अनुपालन गर्ने अपेक्षा गरिएको छ। यद्यपि, केही परिस्थितिहरूमा, राज्य तथा सङ्घीय कानुनलाई अक्षमताहरू भएका विद्यार्थीहरूलाई IDEA र धारा 504 द्वारा परिभाषित गरिएअनुसार निलम्बित गरिँदा निश्चित कार्यविधिहरू पालना गर्न आवश्यक हुन्छ। यो धारा पालना गर्ने उद्देश्यका लागि असक्षमता भएको विद्यार्थी भनेको IDEA को भाग B अनुसार सेवाहरू प्राप्त गर्न योग्य विद्यार्थी हो।

विशेष परिस्थितिहरू:
अक्षमताहरू भएका विद्यार्थीहरूलाई 18 U.S.C. § 930 मा परिभाषित गरिएअनुसार हतियार बोक्न वा धारण गर्न, नियन्त्रित पदार्थहरूको ऐनको धारा 202(c) का तालिकाहरू I-V अन्तर्गत पहिचान गरिएका निश्चित गैर-कानुनी लागू पदार्थहरूको जानाजान प्रयोग, प्रक्रिया, बिक्री वा बिक्रीलाई बढाउन वा अर्को व्यक्तिलाई गम्भीर शारीरिक चोट पुर्‍याउनका लागि 45 विद्यालय दिनसम्म अन्तरिम वैकल्पिक सेटिङमा राख्न सकिन्छ। विद्यार्थीको व्यवहार विद्यार्थीको अक्षमताको अभिव्यक्ति थियो भने तापनि विद्यार्थीहरूलाई यो प्रावधान अन्तर्गत हटाउन सकिन्छ।

अभिभावकको
अपिल:
आमाबुवाहरूले सबै विद्यार्थीहरूको निलम्बन नियन्त्रण गर्ने नीतिअनुसार र IDEA सँग अनुरूप उपलब्ध कार्यविधिहरूबाट अनुशासनका कार्यविधिहरूको अपिल गर्न सक्नुहुन्छ। अभिभावकहरूलाई कार्यविधिका सुरक्षाहरूको प्रतिलिपि उपलब्ध गराइने छ।

अझैसम्म निर्धारण नगरिएका बालबालिकाका लागि सुरक्षाहरू
निम्न कुराका लागि योग्य हुन्छन्:
IDEA अन्तर्गत सेवाका योग्य ठहर नभएका र आचार संहिता उल्लङ्घन गर्ने व्यवहारमा सङ्लग्न भएका विद्यार्थीहरूले IDEA अन्तर्गत अधिकारीहरू जताउन सक्नुहुन्छ, यदि डिस्ट्रिक्टसँग अनुशासनात्मक कार्यवाही अवक्षेपित गर्ने व्यवहार अगाडि विद्यार्थी असक्षमता भएको विद्यार्थी थियो भन्ने ज्ञान भएको मानिन्छ भने। निम्न कुराहरू हुन्छ भने डिस्ट्रिक्टसँग उक्त ज्ञान भएको मानिन्छ:
• विद्यार्थीलाई विशेष शिक्षा सेवाहरू आवश्यक छ भनी अभिभावकले लिखितमा चिन्ता व्यक्त गर्नुहुन्छ; वा
• अभिभावकले मूल्याङ्कनको अनुरोध गर्नुभएको छ; वा
• विद्यार्थीको शिक्षाकर्मी वा अन्य विद्यालय कर्मचारीले विद्यार्थीको व्यवहार वा कार्यसम्पादनका बारेमा विशेष शिक्षा विभाग वा अन्य सुपेरिवेक्षक कर्मचारीलाई चिन्ता अभिव्यक्त गर्नुभएको छ

निम्न कुराहरू हुन्छ भने डिस्ट्रिक्टसँग उक्त विद्यार्थी असक्षमता भएको विद्यार्थी हो भनी ज्ञान भएको मानिने छैन:
• डिस्ट्रिक्टले मूल्याङ्कन सञ्चालन गर्‍यो र विद्यार्थी असक्षमता भएको विद्यार्थी हो भनी निर्धारण गर्‍यो;
वा
• डिस्ट्रिक्टले मूल्याङ्कन आवश्यक छैन भनी निर्धारण गर्‍यो र अस्वीकृत कार्यको उचित पूर्व लिखित सूचना
उपलब्ध
गराएको छ;
वा
• विद्यार्थीको अभिभावकले IDEA कोक अनुसरणमा विद्यार्थीको मूल्याङ्कनको अनुमति दिइएको छैन वा सेवाहरू अस्वीकृत गरेको छ।

खतरनाक विद्यार्थीहरू:
डिस्ट्रिक्टले विद्यार्थीको हालको स्थान नियोजन कायम राख्दाले बच्चा वा अन्य व्यक्तिहरूमा चोटपटक मूलभूत रूपमा सम्भावित चोटपटक निम्ताउँछ भने डिस्ट्रिक्टले सङ्घीय र राज्य कानुन अन्तर्गत स्थापित कार्यविधिहरू अनुसार स्थान नियोजनको परिवर्तन खोज्दै शीघ्र बाँकी प्रक्रिया अनुरोध गर्न सक्छ।

रोकिरहने प्रावधान:
आमाबुबाले अन्तरिम वैकल्पिक शैक्षिक सेटिङ वा प्रत्यक्षीकरण निर्धारणलाई चुनौती दिन अनुशासनात्मक कार्यको सम्बन्धमा बाँकी प्रक्रियाको सुनुवाइको अनुरोध गर्दा र विद्यार्थीलाई हतियार, लागू पदार्थ, अन्य व्यक्तिहरूलाई गम्भीर शारीरिक चोट पुर्याउने व्यवहार वा आफूलाई वा अन्य व्यक्तिहरूलाई खतरामा पुर्‍याएको कारण अनुशासनसम्बन्धी कार्यवाही गर्दा, विद्यार्थी सुनुवाइ अधिकारीको सुनुवाइ निर्णयलाई विचाराधिनमा राख्दै वा अन्तरिम वैकल्पिक शैक्षिक सेटिङको समयावधिको म्याद समाप्त नहुँदासम्म, जुन पहिले आए तापनि (अन्यथा पक्षहरूले सहमति जनाउँदा बाहेक) वैकल्पिक शैक्षिक सेटिङमा रहने छ। राज्य शैक्षिक निकायले शीघ्र सुनुवाइको प्रबन्ध गर्नु हुने छ जुन सुनुवाइ अनुरोध गरेको मितिबाट बीस (20) दिनभित्र हुने छ र सुनुवाइपछि दश (10) विद्यालय दिनभित्र निर्धारण हुने छ।

# Missouri राज्यको हाई स्कूल क्रियाकलाप एसोसिएसन योग्यता

St. Louis Public School डिस्ट्रिक्टका हाई स्कूलहरू Missouri राज्यको हाई स्कूलको क्रियाकलाप एसोसिएसन (MSHSAA) का सदस्यहरू हुन्। MSHSAA का योग्यता आवश्यकताका लागि सदस्य स्कूलहरूद्वारा मतदान गरिएको छ र डिस्ट्रिक्ट एक MSHSAA सदस्य भएपछि SLPS स्कूलहरूद्वारा अपनाइएको थियो।

SLPS स्कूलहरूसँग अतिरिक्त स्थानीय विद्यालय आवश्यकताहरू पनि हुन सक्छन् जुन योग्य हुनका लागि अनिवार्य रूपमा अनुपालन गर्नु पर्ने हुन्छ। मिडल स्कूलहरू MSHSAA का सदस्य नभए पनि मिडल स्कूलहरूले MSHSAA का नियम र मार्गदर्शनहरूको पालना गर्छन्।

योग्यताका लागि
आवश्यकताहरू:

1. प्रमाणिक विद्यार्थी: विद्यालयको प्रतिनिधित्व गर्ने कुनै व्यक्ति एक प्रमाणिक विद्यार्थी हुन् र सबै योग्यता र 4.1.6 को उपनियम 3.3 का विशेष मापदण्डहरू पूरा गर्नु पर्ने हुन्छ।

a. एक विद्यार्थी, जसको सदस्य स्कूलमा नाम दर्ता छ र नियमित रूपमा कक्षाहरूमा उपस्थित हुन्छ र उपनियम 2.3.4.a अनुसार विद्यालयमा पूर्ण समय उपस्थिति जनाएर उपनियम 2.3.2 का न्यूनतम शैक्षिक आवश्यकताहरू पूरा गर्छ।

b. एक विद्यार्थी, जसको सदस्य स्कूलमा निवास स्थापित छ र प्राथमिक शैक्षिक ट्रान्सक्रिप्ट सदस्य स्कूलमा राखिएको र व्यवस्थित गरिएको छ र जसले सदस्य स्कूलबाट डिप्लोमा हासिल गर्नका लागि क्रेडिटहरू जम्मा गरिरहेको छ र उपनियम 2.3 का न्यूनतम शैक्षिक आवश्यकताहरू पूरा गर्छ तर सदस्य स्कूलको स्कूल डिस्ट्रिक्टद्वारा सञ्चालित वा DESE द्वारा अधिकृत एक गैर-सदस्य टेक्निकल हाई स्कूलका अथवा सदस्य स्कूलको स्कूल डिस्ट्रिक्टद्वारा करार गरिएको वा DESE द्वारा अधिकृत एक गैरसदस्य वैकल्पिक हाई स्कूलका कक्षाहरूमा उपस्थित भइरहेको छ। त्यस्ता विद्यार्थीहरूले सहभागिताका लागि सबै अत्यावश्यक योग्यता मापदण्डहरू पूरा गर्नु पर्ने हुन्छ।

c. एक विद्यार्थी, जो उपनियम 2.3.4.b र 2.3.4.c मा आउटलाइन गरिएअनुसार एक गैर-परम्परागत नाम दर्ता विकल्पमार्फत उपनियम 2.3.2 मा आउटलाइन गरिएका न्यूनतम शैक्षिक आवश्यकताहरू पूरा गर्नेको रूपमा विद्यालयद्वारा परिचित छ।

2. नागरिकता-अन्तर-शैक्षिक क्रियाकलापहरूमा विद्यालयको प्रतिनिधित्व गर्ने विद्यार्थीहरू विश्वसनीय नागरिक हुनु पर्ने छ र उचित अधिकारीद्वारा त्यस्तै निर्णय गरिएको हुनु पर्ने छ। आफूलाई वा आफ्नो विद्यालयलाई अविश्वसनीय झल्काउने खालको व्यक्तित्व वा आचरण भएका विद्यार्थीहरूलाई "विश्वसनीय नागरिकहरू" मानिँदैन। आचरण राम्रो अनुशासनका मापदण्डहरू अनुसार सन्तोषजनक हुनु पर्ने छ।

डिस्ट्रिक्ट एथलेटिक प्रशासकलाई (314) 345-4418 मा सम्पर्क गर्न सकिन्छ। तपाईं Missouri राज्यको हाई स्कूलको क्रियाकलाप एसोसिएसनको वेबसाइट www.mshsaa.org. मा पनि जान सक्नुहुन्छ।

# ग्रेजुएसन अभ्यासहरूमा सहभागितासम्बन्धी नीति

ग्रेजुएसन अभ्यासहरूमा सहभागिता जनाउनु एक विशेषाधिकार हो - अधिकार होइन। सुरुवाती अभ्यासहरूमा सहभागी हुने विद्यार्थीहरूले Missouri शिक्षा विभाग र St. Louis Public Schools द्वारा ग्रेजुएसनका लागि स्थापित गरिएका सबै आवश्यकताहरू पूरा गर्नु पर्ने छ र वर्तमान स्कूल वर्षको कुनै पनि क्रममा वैकल्पिक विद्यालयमा निर्दिष्ट भएको हुनु हुँदैन। वैकल्पिक विद्यालयका विद्यार्थीहरू वैकल्पिक विद्यालयमार्फत संगठित र आयोजित ग्रेजुएसनमा सहभागी हुन योग्य हुन्छन्। विद्यार्थीहरूले सबै मूल्याङ्कित शुल्कहरू भुक्तान गर्नु पर्ने छ र निलम्बन अन्तर्गत हुनु हुँदैन। ड्रपआउट रिकभरी प्रोग्रामका विद्यार्थीहरू नियमित ग्रेजुएसनमा सहभागी हुन योग्य हुँदैनन् तर वैकल्पिक विद्यालयमार्फत संगठित र आयोजित ग्रेजुएसनमा सहभागी हुन योग्य हुन्छन्।

प्रकार I, II वा III दुर्व्यवहारका लागि विद्यालय बाहिर निलम्बनमा रहेका विद्यार्थीहरूलाई सुरुवाती अभ्यासहरू र सम्बन्धित क्रियाकलापहरूमा सहभागी हुने अनुमति दिइने छैन। यदि निलम्बनले गर्दा ग्रेजुएसनका लागि आवश्यक शैक्षिक कार्य पूरा हुन रोकिन्छ भने यस्तो अनुशासनात्मक परिणामले विद्यार्थीको ग्रेजुएसन वा डिप्लोमा प्राप्त गर्ने कार्यमा प्रभाव पार्न सक्छ।

सुरुवाती अभ्यासहरूमा सहभागी हुन अनुमति नपाएका विद्यार्थीहरूले Missouri शिक्षा विभाग र शिक्षा बोर्डका न्यूनतम पाठ्यक्रम आवश्यकता सफलतापूर्वक पूरा गरेका छन् भने उनीहरूले अझै पनि डिप्लोमा र आफूले अन्यथा आर्जन गरेका अन्य कुनै पनि सम्मान प्राप्त गर्न सक्छन्। वैकल्पिक विद्यालयले विद्यार्थीहरूलाई छुट्टै सुरुवाती समारोहमा सहभागी हुन अनुमति दिने छ। सिनियर कक्षाको भ्यालेडिक्टोरियन वा स्याल्यूटेटोरियनको रूपमा योग्य हुनका लागि विद्यार्थीले आफू ग्रेजुएट हुने हाई स्कूलमा कम्तीमा छ (6) वटा लगातार सेमेस्टर पूरा गर्नु पर्ने छ।

**2010 र यसपछिका कक्षासम्बन्धी ग्रेजुएसन मापदण्डहरू**

| | |
|---|---|
| सञ्चार कला | 4.0 |
| चुनाव | 7.5 |
| फाइन आर्ट्स | 1.0 |
| स्वास्थ्य | 0.5 |
| गणित | 3.0 |
| व्यक्तिगत वित्तीय व्यवस्था | 0.5* |
| शारीरिक शिक्षा | 1.0 |
| अभ्यासमूखी कला | 1.0 |
| विज्ञान | 3.0 |
| सामाजिक शिक्षा | 2.5 |
| **कुल** | **24** |

**ग्रेड स्तरको वर्गीकरण**

| | |
|---|---|
| नयाँ विद्यार्थी | 0 देखि 6 क्रेडिट |
| द्वितीय कक्षाका विद्यार्थी | 7 वा बढी |
| जुनियर | 13 वा बढी |
| सिनियर | 19 वा बढी |

नोट: विद्यार्थीहरू Missouri तथा U.S. का नियोजन परीक्षाहरूमा पनि उत्तीर्ण हुनु पर्छ। *व्यक्तिगत वित्तीय व्यवस्था सामाजिक शिक्षाको क्रेडिट हो।

# FERPA अन्तर्गत अभिभावक र योग्य विद्यार्थीका अधिकारहरू

परिवार शैक्षिक अधिकार र गोपनीयता ऐन (FERPA) अन्तर्गत आमाबुबासँग आफ्ना बालबालिकाको शैक्षिक रेकर्डहरूसँग सम्बन्धित विभिन्न अधिकारहरू छन्। यसका साथै, बच्चालाई योग्य विद्यार्थी मानिएको खण्डमा उनीहरूसँग पनि यी समान अधिकारहरू हुन सक्छन्। बोर्डसम्बन्धी नियमन R5125.1.1. मा एक योग्य विद्यार्थीलाई "उक्त विद्यार्थी एक विशेष शिक्षाको विद्यार्थी भएको र आफ्नो लागि गोपनीय निर्णयहरू लीनका लागि कानुनी रूपमा अयोग्य निर्धारित भएको वा अठार वर्षपछि कानुनी अभिभावकत्व वा संरक्षकता आवश्यक पर्ने अवस्था बाहेकका 18 वर्ष वा सोभन्दा बढी उमेरको कुनै पनि वर्तमान वा पूर्व विद्यार्थी (वा जति उमेरको भए तापनि, उच्च शिक्षा संस्थामा नाम दर्ता भएको एक पूर्व विद्यार्थी) को रूपमा परिभाषित गरिन्छ।" आमाबुवा र योग्य विद्यार्थीका अधिकारहरूमा तल व्याख्या गरिएका कुराहरू पर्दछन्:

**रेकर्डहरूको निरीक्षण र समीक्षा:**

FERPA अन्तर्गत आमाबुवा वा योग्य विद्यार्थीसँग विद्यार्थीका शैक्षिक रेकर्डहरूको निरीक्षण र समीक्षा गर्ने अधिकार छ। विद्यार्थीका रेकर्डहरू निरीक्षण र समीक्षा गर्ने प्रक्रियाहरू बोर्डसम्बन्धी नियमन R5125.2 मा उल्लेख गरिएका छन्।

**लिखित आपत्तिहरू दायर गर्ने अधिकार**:

FERPA अन्तर्गत विद्यार्थीका आधिकारिक रेकर्डहरूमा समावेश गरिएको जानकारी गलत वा भ्रामक भएको वा यसले विद्यार्थीका गोपनीयता वा अधिकारहरूको उल्लङ्घन गर्ने विश्वास गरेका आमाबुवा वा योग्य विद्यार्थीले सुपरिवेक्षक वा डिजाइनीसँग लिखित आपत्तिहरू दायर गर्न र सहमति दिइएको जानकारीलाई संशोधित गर्नका लागि अनुरोध गर्न सक्छन्। विद्यार्थीको रेकर्डलाई संशोधन गर्ने अनुरोधका प्रक्रियाहरू बोर्डसम्बन्धी नियमन R5125.5 मा उल्लेख गरिएका छन्।

**खुलासाका लागि सहमति:**

FERPA अन्तर्गत प्रचलित राज्य वा सङ्घीय कानुनले सहमति विना जारी गर्नका लागि अधिकार प्रदान गर्दाको हदसम्म बाहेक अन्य अवस्थामा आमाबुवा वा योग्य विद्यार्थीले विद्यार्थीको रेकर्डमा वा बाट जानकारीको खुलासा गर्न सहमति दिनु पर्छ। बोर्डसम्बन्धी नियमन R5125.2 ले आमाबुवा वा योग्य विद्यार्थीको सहमति विना विद्यार्थीको रेकर्डमा वा बाट जानकारीको खुलासा कहिले गर्न सकिन्छ भन्ने कुरा उल्लेख गर्दछ। पूर्व सहमति आवश्यकताको एक अपवाद भनेको विद्यार्थीको व्यक्तिगत रूपमा पहिचान योग्य जानकारीसहितका विद्यार्थी रेकर्डमा रहेका जानकारीलाई त्यस्ता रेकर्डहरूमा वैध शैक्षिक रुचि भएका विद्यालय अधिकारीहरू समक्ष खुलासा गर्न सकिन्छ। नियमन R5125.1.1.2 अन्तर्गत "विद्यालय अधिकारीहरू" लाई निम्नानुसार परिभाषित गरिन्छ:

- शिक्षा बोर्डद्वारा नियुक्त भएका र प्रत्यक्ष रूपमा प्रशासनिक, शिक्षण, परामर्श र/वा निदान क्षमतामा विद्यार्थीहरूसँग काम गरिरहेका विद्यालय प्रशासक, शिक्षाकर्मी र परामर्शदाताहरू।

- एक विशेष कार्य गर्नका लागि डिस्ट्रिक्टद्वारा नियुक्त भएका वा डिस्ट्रिक्टसँग करार अन्तर्गत रहेका अन्य पेशेवर कर्मचारी सदस्यहरू, जस्तै अधिवक्ता, लेखा परीक्षक, चिकित्सा परामर्शदाता, मूल्याङ्कनकर्ता, मनोवैज्ञानिक, सामाजिक कार्यकर्ता र थेरापिस्टहरू जसको विद्यार्थी रेकर्डहरूमा पहुँच गर्ने कर्तव्य हुन्छ।
- स्कूल डिस्ट्रिक्टको कानुन प्रवर्तन इकाइद्वारा नियुक्त भएको व्यक्ति।
- बोर्डद्वारा नियुक्त भएका प्रशासनिक कार्यालय कर्मचारी र लिपिक कर्मचारी, जसको विद्यार्थी रेकर्डका लागि जानकारी प्रक्रिया गर्ने प्रयोजनमा विद्यार्थी रेकर्डहरूमा पहुँच गर्ने कर्तव्य हुन्छ।
- बोर्डद्वारा नियुक्त भएका बोर्ड सदस्य, विद्यालय सुपरिवेक्षक, स्थापन्न प्रतिनिधि/सहायक/सहयोगी/नेटवर्क सुपरिवेक्षक र तिनका एजेन्ट र प्रतिनिधिहरू, जसको विद्यालय प्रणालीको सामान्य सुपरिवेक्षकअनुसार विद्यार्थी रेकर्डहरूमा पहुँच गर्ने कर्तव्य हुन्छ। "वैध शैक्षिक रुचि" भनेको विचाराधिन जानकारी आवश्यक पर्छ वा पर्दैन अथवा डिस्ट्रिक्ट व्यवसायका लागि वा सम्बन्धमा कर्तव्यहरू पूरा गर्नमा अधिकारीलाई सहयोगी हुन्छ वा हुँदैन भन्ने हो। पूर्व सहमति आवश्यकताको अर्को अपवाद भनेको आधिकारिक विद्यार्थी रेकर्डहरूको प्रतिलिपि विद्यार्थीको नाम दर्ता हुने वा नाम दर्ताको अपेक्षा गरिने अर्को स्कूल वा स्कूल डिस्ट्रिक्टका अधिकारीहरूलाई स्थानान्तर गर्दा हो। अनुरोध गरिएमा, आमाबुवा वा योग्य विद्यार्थीलाई स्थानान्तर गरिएका विद्यार्थी रेकर्डहरूको प्रतिलिपि उपलब्ध गराइने छ।

**डाइरेक्टरी जानकारी:**
FERPA अन्तर्गत डिस्ट्रिक्टसँग "लिखित अनुरोधमा" तेस्रो-पक्षहरूलाई विद्यार्थीको "डाइरेक्टरी जानकारी"
निर्धारित गर्ने वा जारी गर्ने अधिकार छ। सङ्घीय कानुनअनुसार बोर्डले डाइरेक्टरी जानकारीको रूपमा निम्न कुराहरू निर्दिष्ट गरेको छ:

- विद्यार्थीको नाम
- ठेगाना
- टेलिफोन नम्बरहरूको सूची
- जन्म मिति र स्थान
- अध्ययनको मुख्य क्षेत्र
- आधिकारिक पहिचान खुलेका क्रियाकलाप तथा खेलकुदहरूमा सहभागिता
- एथलेटिक टोलीका सदस्यहरूको तौल र उचाइ
- उपस्थितिको मिति
- प्राप्त गरेका डिग्री र अवार्डहरू
- विद्यार्थी अत्यन्त हालसालै उपस्थित भएको अघिल्लो शैक्षिक निकाय वा संस्था

बोर्डको नीतिअनुसार निर्देशिका जानकारी तेस्रो पक्षहरूलाई खुलासा गरिने छ। यद्यपि, आमाबुवा र योग्य विद्यार्थीहरूसँग डिस्ट्रिक्टलाई आफ्नो बच्चाको निर्देशिका जानकारी तेस्रो-पक्षहरूसँग साझा नगर्ने भनी सूचित गर्ने अधिकार छ। उक्त अनुरोध विद्यार्थीको जिम्मेवारीमा लिखितमा निर्देशित गरिनु पर्छ, 801 North 11th Street, St. Louis, Missouri 63101।

**सैनिक भर्तीकर्ताहरू:**
FERPA अन्तर्गत सहमति आवश्यकको पूर्व अर्को अपवादलाई बोर्ड सैनिक भर्तिकर्ताहरू र उच्च शिक्षाका संस्थाहरूलाई अनुरोध पश्चात विद्यार्थीका नाम, ठेगाना र टेलिफोन नम्बर खुलासा गर्न आवश्यक पर्छ। यद्यपि, आमाबुवा वा विद्यार्थीहरूसँग डिस्ट्रिक्टलाई विद्यार्थीको नाम, ठेगाना र टेलिफोन सूचीका बारेमा सैनिक भर्तिकर्ता वा उच्च शिक्षाका संस्थाहरूलाई खुलासा नगर्ने भनी सूचित गर्ने अधिकार छ। उक्त अनुरोध विद्यार्थीको जिम्मेवारीमा लिखितमा निर्देशित गरिनु पर्छ, 801 N. 11th Street, St. Louis, Missouri 63101।

**उजुरीहरू:**
FERPA अन्तर्गत आमाबुवा र योग्य विद्यार्थीहरूसँग FERPA र यसका कार्यान्वयनका नियमनहरू अनुपालन गर्ने डिस्ट्रिक्टको कथित असफलताहरूको सम्बन्धमा 34 C.F.R. §§ 99.63-99.64 अन्तर्गत सं. रा. अमेरिका शिक्षा विभागसँग उजुरी दायर गर्ने अधिकार छ।

**नीतिहरूको**
**प्रतिलिपि:**
FERPA अन्तर्गत आमाबुवा र योग्य विद्यार्थीहरूसँग विद्यार्थीका रेकर्डहरूसँग सम्बन्धित बोर्डको नीति र नियमनहरूको प्रतिलिपि प्राप्त गर्ने अधिकार छ। नीति र नियमनका प्रतिलिपिहरू शिक्षा बोर्डको प्रमुख कार्यालय वा डिस्ट्रिक्टको होम पेजको इन्टरनेटमा फेला पार्न सकिन्छ।

**SLPS प्रत्येक विद्यार्थी सफलता ऐन (ESSA) उजुरीका कार्यविधिहरू**

2015 को सङ्घीय प्रत्येक विद्यार्थी सफलता ऐन (ESSA) लाई विद्यार्थी डिस्ट्रिक्टसँग यो कानुन अन्तर्गत आवश्यकताका उल्लङ्घनका आरोपहरू समाधान गर्नका लागि बोर्ड-अंगीकृत लिखित कार्यविधिहरू हुन आवश्यक पर्छ। डिस्ट्रिक्टले उजुरीका कार्यविधिहरू आमाबुवा वा उपयुक्त अधिकारी वा प्रतिनिधिहरूलाई प्रसारित गर्नु पर्छ। यी कार्यविधिका प्रतिलिपिहरू Missouri Department of Elementary and Secondary Education (DESE) को सङ्घीय अनुदान व्यवस्थापन खण्डको निर्देशकलाई अनुरोध पश्चात पनि उपलब्ध हुनु पर्छ। निम्न कुराहरूले शीर्षक I, शीर्षक II, शीर्षक III, शीर्षक IV (भाग A), शीर्षक X (भाग C) अन्तर्गत अधिकृत कार्यक्रमका लागि शीर्षक IX भाग C खण्ड 9304(a) (3) (c) अन्तर्गत उजुरीहरू समाधान गर्नका लागि मार्गदर्शनको रूपमा सेवा प्रदान गर्नु पर्छ।

यो नीतिका उद्देश्यका लागि उजुरी के-के हो?

उजुरी भनेको लिखित आरोप हो जसले ESSA अन्तर्गत कार्यक्रममा लागू हुने सङ्घीय विधान वा नियमनको उल्लङ्घन भएको भन्ने कुरा बताउँछ। त्यहाँ दुवै औपचारिक तथा अनौपचारिक कार्यविधिहरू छन्।

यो कार्यविधि अन्तर्गत उजुरी लिखितमा हुनु पर्छ र उजुरीकर्ताद्वारा हस्ताक्षर गरिएको हुनु पर्छ। लिखित उजुरीकर्ताले अवस्थाका विवरणहरू उल्लेख गर्नु पर्छ र ESSA अन्तर्गत कार्यक्रममा लागू हुने र कथित रूपमा उल्लङ्घन गरिएको, दुरुपयोग वा गलत आवेदन दिइएको कानुन वा नियमनसँग सम्बन्ध हुनु पर्छ।

उजुरी कसले दायर गर्न सक्छ?

DESE को सामान्य निरीक्षण अन्तर्गत सञ्चालित क्रियाकलाप, कार्यक्रम वा परियोजनासँग प्रत्यक्ष रूपमा सङ्लग्न कुनै पनि आमाबुवा वा अभिभावक, प्रतिनिधि आमाबुवा, शिक्षाकर्मी, प्रशासक, विद्यालय  बोर्डको सदस्य वा अन्य व्यक्तिले उजुरी दायर गर्न सक्नुहुन्छ

उजुरीहरू कसरी दायर गरिन्छ?

उजुरीहरू डिस्ट्रिक्ट वा DESF सँग दायर गर्न सकिन्छ। सर्वप्रथम उजुरी डिस्ट्रिक्टसँग दायर गरिन्छ र डिस्ट्रिक्ट स्तरमा समाधान गर्न सकिँदैन भने उजुरीकर्ताले DESF मा उजुरीको अपिल गर्न सक्नुहुन्छ। डिस्ट्रिक्ट वा DESE सँग दायर गरिएको उजुरी लिखितमा, निम्न समावेश हुने हस्ताक्षर गरिएको कथनमा हुनु पर्छ: (1) ESSA कार्यक्रममा लागू हुने आवश्यकता डिस्ट्रिक्टद्वारा उल्लङ्घन गरिएको कथन र (2) कथन आधारित रहेका तथ्यहरू र कथित रूपमा उल्लङ्घन गरिएको विशेष आवश्यकता।

सङ्घीय वा राज्य कानुन वा नियमनहरूमा आधारित नभएको स्थानीय विद्यालय डिस्ट्रिक्ट नीति, नियम वा पक्षका बारेमा प्रश्न यो नीतिको अर्थभित्र उजुरी होइन र स्थानीय स्कूल डिस्ट्रिक्ट स्तरमा समाधान गरिनु पर्छ।

नागरिकका उजुरी गर्ने कार्यविधिहरू:

चरण 1: अनौपचारिक सम्मेलन (दिन 1-5)

उजुरी दायर गर्न इच्छा भएको कोही पनि व्यक्तिले उपयुक्त विद्यालय स्थान वा प्रशासनिक कार्यालयको जिम्मेवार प्रशासकलाई सम्पर्क गर्नु पर्छ। पाँच दिनभित्र, जिम्मेवार प्रशासकले नागरिक र आरोप निर्देशित गरिएको व्यक्ति विरुद्ध औपचारिक सम्मेलन सञ्चालन गर्नु हुने छ (उपयुक्त भएमा, केही उदाहरणहरूमा उजुरीहरू व्यक्ति विरुद्ध निर्देशित गर्न सकिँदैन)। उजुरी समाधान गरिन्छ भने प्रक्रिया समाप्त हुन्छ। उजुरी समाधान गरिँदैन भने नागरिकले नागरिक उजुरी फारमको खण्ड I पूरा गरेर औपचारिक सुनुवाइको अनुरोध गर्न सक्नुहुन्छ।

चरण 2: औपचारिक उजुरी सुनुवाइ (दिन 6-16)

अपिल पश्चात, जिम्मेवार प्रशासकले पाँच दिनभित्र औपचारिक सुनुवाइ सञ्चालन गर्नु हुने छ। उपस्थित व्यक्तिहरूमा उजुरी दायर गर्ने नागरिक र नागरिक वा जिम्मेवार प्रशासकद्वारा निर्दिष्ट गरिएको कुनै पनि साक्षी समावेश हुनु पर्छ।

जिम्मेवार प्रशासकले सुनुवाइको पाँच दिनभित्र उजुरीसँग सम्बन्धित निर्णयको बारेमा लिखितमा नागरिकलाई सूचित गर्नु हुने छ।

उजुरी समाधान गरिँदैन भने जिम्मेवार प्रशासकले उजुरी फारमको खण्ड II पूरा गर्नुहुन्छ र यसलाई कार्यकारी र नेटवर्क सुपरिवेक्षकहरूलाई फरवार्ड गर्नुहुन्छ। कार्यकारी र नेटवर्क सुपरिवेक्षकहरूले उजुरी समाधानका लागि कुन तीन वटा विकल्प उपयोग गरिने छ भनी निर्धारण गर्नु हुने छ।

1. कार्यकारी र/वा नेटवर्क सुपरिवेक्षक - किनभने उजुरीको समाधानले प्रशासकको अधिकारलाई नाघ्दछ।
2. सुपरिवेक्षक - किनभने उजुरीको समाधानमा डिस्ट्रिक्ट व्यापी प्रशासकीय कार्यविधिहरू समावेश हुन्छन्।
3. उजुरीको समाधानमा बोर्डको नीति समावेश हुने भएकोले बोर्डको उजुरी उप-समिति।

*सुपरिवेक्षकको डिजाइनी वा सुपरिवेक्षकले आफ्नो गन्तव्यको बावजूद फरवार्ड गरिएका सबै उजुरीका प्रतिलिपिहरू प्राप्त गर्नु पर्छ। Missouri Department of Elementary and Secondary Education लाई उजुरीहरूको प्राप्त भएपछि (15) दिनभित्र सूचित गरिने छ।

तसर्थ, उजुरीको प्रकृतिमा निर्भर रहेर, यसलाई अन्तिम समाधानका लागि A, B वा C मा फरवार्ड गरिने छ।

चरण 3: कार्यकारी र औपचारिक सुपरिवेक्षकहरूद्वारा औपचारिक सुनुवाइहरू (दिन 17-27)

A. अपिलपश्चात, कार्यकारी वा नेटवर्क सुपरिवेक्षकले नागरिक र अत्यावश्यक साक्षी समावेश हुने औपचारिक सुनुवाइ सञ्चालन गर्छ। यो सुनुवाइ उजुरीको प्राप्त भएको 5 दिनभित्र गरिने छ। सुनुवाइ भएपछि पाँच दिनभित्र, कार्यकारी वा नेटवर्क सुपरिवेक्षकले नागरिकलाई लिखितमा अन्तिम निर्णय दिनु हुने छ।

वा

चरण 3: सुपरिवेक्षकद्वारा औपचारिक सुनुवाइ (दिन 17-27)

B. अपिलपश्चात, सुपरिवेक्षकले नागरिक र अत्यावश्यक साक्षी समावेश हुने औपचारिक सुनुवाइ सञ्चालन गर्नुहुन्छ। सुनुवाइ उजुरी प्राप्त भएको 5 दिनभित्र गरिने छ। सुनुवाइपछि पाँच दिनभित्र, सुपरिवेक्षकले नागरिकलाई लिखितमा अन्तिम निर्णय दिनु हुने छ।

वा

चरण 3: शिक्षा  बोर्डको उजुरी उप-समितिद्वारा औपचारिक समीक्षा (दिन 17-27)

C. अपिल पश्चात, उजुरी उप-समितिले उजुरीको समीक्षा गर्नु हुने छ र उजुरीसँग सम्बन्धित उपयुक्त प्रशासनिक कर्मचारीसँग परामर्श लिनु हुने छ। उजुरी उप-समितिले अपिलको पाँच दिनभित्र औपचारिक सुनुवाइ सञ्चालन गर्नु हुने छ र सुनुवाइ भएको पाँच दिनभित्र अन्तिम निर्णय दिनु हुने छ। नागरिकलाई उप-समितिको निर्णयका बारेमा लिखितमा सूचित गरिने छ। प्रतिलिपिहरू अपिलको प्रक्रियामा सङ्लग्न प्रत्येक प्रशासकहरूलाई फरवार्ड गर्नु पर्छ।

# SLPS को नागरिक उजुरी अपिल फारम

खण्ड 1: उजुरी दायर गर्ने व्यक्तिले पूरा गरिनु पर्ने

नाम:_____________________________________________ मिति: _____________________________________________________

ठेगाना: ____________________________________________ जिप कोड: ________________________________________________

टेलिफोन नम्बर (घर): _________________ (सेल):____________________________________(कार्यालय):________________

उजुरीको प्रकृति:
____________________________________________________________________________
____________________________________________________________________________
____________________________________________________________________________
____________________________________________________________________________
____________________________________________________________________________ लेखिएको नाम:

________________________________ हस्ताक्षर: ________________________

खण्ड 2: उजुरी समाधान नभएका खण्डमा जिम्मेवार प्रशासकले पूरा गरिनु पर्ने

प्रशासकको नाम: ___________________________ मिति: ___________________________ स्थान:

____________________________________ टेलिफोन नम्बर: ________________________

औपचारिक सुनुवाइका परिणामहरू:
____________________________________________________________________________
____________________________________________________________________________
____________________________________________________________________________
____________________________________________________________________________
____________________________________________________________________________ ।

म निम्नलाई यो उजुरी फरवार्ड गर्दै छु (नाम): _____________________________________________

प्रशासकको हस्ताक्षर: ______________________________मिति: ______________________

खण्ड 3a: नेटवर्क सुपरिवेक्षकले पूरा गरिनु पर्ने

यो उजुरी निम्न व्यक्तिले समाधान गरिनु पर्छ:

_____शैक्षिक सहायक सुपरिवेक्षकDeputy Superintendent of Academics

_____सुपरिवेक्षकSuperintendent

______शिक्षा बोर्डको उजुरी उपसमिति

कारण:
____________________________________________________________________________
____________________________________________________________________________
____________________________________________________________________________
____________________________________________________________________________

हस्ताक्षर:
________________________________________मिति:_____________________________ खण्ड 3b: सहायक सुपरिवेक्षक,

सुपरिवेक्षक वा उजुरी उपसमितिले पूरा गरिनु पर्ने

प्रशासकको नाम: ________________________________ मिति: _______________________ स्थान:

________________________________________ टेलिफोन नम्बर: ___________________

उजुरीको व्यवस्थापन:
____________________________________________________________________________
____________________________________________________________________________
____________________________________________________________________________
____________________________________________________________________________
____________________________________________________________________________ हस्ताक्षर:

________________________________________ मिति: _________________________

यस मितिमा/यसमार्फत यो निर्णयका बारेमा सूचित गरिएका व्यक्तिहरू

____________________________________________________________________________ हस्ताक्षर मिति

**कृपया यो उजुरीमा सङ्लग्न रहेका हरेक प्रशासकका साथै शैक्षिक सेवाका सहायक सुपरिवेक्षक, नेटवर्क सुपरिवेक्षक र सुपरिवेक्षकलाई यो पूरा भरिएको फारमको एक कपी फर्वाड गर्नुहोस्।**

# घरबारविहिन बालबालिका र युवाको शिक्षाको सम्बन्धमा विवादहरूमा लागू हुने मानक उजुरी समाधान प्रक्रिया

तलका घरबारविहिन बालबालिका र युवाको शिक्षाको सम्बन्धमा विवादहरू उत्पन्न हुँदा इलिमेन्टरी र सेकेण्डरी शिक्षा विभाग (DESE) द्वारा सिफारिस गरिएको उजुरी समाधान प्रक्रिया हो।

I. स्कूल डिस्ट्रिक्ट तह – उजुरी वा विवाद DESE सँग लैजानुअघि यिनीहरूलाई स्कूल डिस्ट्रिक्ट तहमा समाधान गर्ने प्रत्येक प्रयास गर्नु पर्छ। घरबारविहिन बालबालिका वा युवाको शिक्षासम्बन्धी प्रश्न उत्पन्न हुँदा डिस्ट्रिक्टको उजुरी समाधान प्रक्रियाको उजुरी सूचित गर्ने स्कूल डिस्ट्रिक्टको उत्तरदायित्व हो।

A. डिस्ट्रिक्टको घरबारविहिन समन्वयकलाई (314) 345-5750 मा सूचित गर्नुहोस्। घरबारविहिन समन्वयकले घरबारविहिन बच्चा र बच्चा उपस्थिति हुने विद्यालयबिच सम्पर्कको रूपमा सेवा प्रदान गर्छ। विद्यालय वा सुपरिवेक्षक कार्यालयमा भएका कुनै पनि व्यक्ति घरबारविहिन समन्वयक पहिचान गर्न सक्षम हुनु हुने छ।

1. घरबारविहिन बालबालिका र युवाहरू (विशेषगरी, R6171.3.1 असामान्य विद्यार्थीहरूको निर्देशन -- घरबारविहिन – स्थान नियोजन, नामांकन र यातायात, R6171.3.2 असामान्य विद्यार्थीहरूको निर्देशन -- घरबारविहिन – सेवा र रेकर्डहरू र R6171.3.3 असामान्य विद्यार्थीहरूको ~~निर्देशन –~~ घरबारविहिन – गुनासोहरू समाधान गर्ने) को शिक्षा सम्बोधन गर्दै डिस्ट्रिक्ट शिक्षा बोर्डका नीतिहरूको प्रतिलिपि अनुरोध ~~गर्नुहोस् वा~~ पहुँच गर्नुहोस् र तिनीहरूको समीक्षा गर्नुहोस्। उजुरीका बारेमा छलफल गर्न घरबारविहिन समन्व~~यकसँग बैठक~~का लागि अपोइन्टमेन्ट लिनुहोस्।
2. डिस्ट्रिक्टको घरबारविहिन समन्वयकसँग प्रारम्भिक छलफलपछि विवाद समाधान हुँदैन भने उजुरीकर्ता अतिरिक्त समीक्षाका लागि डिस्ट्रिक्टको घरबारविहिन समन्वयकलाई लिखित रूपमा उजुरी दायर गर्न सक्नुहुन्छ।
3. लिखित उजुरीमा घरबारविहिन समन्वयकले उजुरी प्राप्त गरेको 5* दिनभित्र लेखिएको प्रस्तावित विवादको समाधान वा कार्य योजनाको अनुरोध समावेश हुनु पर्छ। घरबारविहिन समन्वयकसँगको प्रस्तावको समीक्षा वा कार्यको योजनाको पालना गर्नु पर्छ।

B. घरबारविहिन समन्वयकद्वारा विवाद समाधान हुँदैन भने विवादको छलफल गर्न सुपरिवेक्षकसँग बैठकपछि समीक्षाका लागि डिस्ट्रिक्टको सुपरिवेक्षकलाई पठाउन सकिन्छ। उजुरीकर्ताले छलफलको पाँच (5) दिनभित्र* सुपरिवेक्षकलाई लिखित समाधान अनुरोध गर्नु पर्छ।

C. सुपरिवेक्षक तहमा कुनै विवाद समाधान हुँदैन भने उजुरीकर्ता सो विवाद समाधान गर्नका निम्ति शिक्षा बोर्ड समक्ष उक्त विवाद पेस गर्न सक्नुहुन्छ।

II. राज्य तह – डिस्ट्रिक्ट तहमा सन्तोषजनक शैलीमा विवाद समाधान हुँदैन भने उजुरी DESE समक्ष पेस गर्न सक्नुहुन्छ। यो प्रक्रियामा गरिएका उजुरीहरू लिखित रूपमा गराइएको र उजुरीकर्ताद्वारा हस्ताक्षर गरिएको हुनु पर्छ। निम्न कदमहरू अपनाइन्छ।

A. राज्य घरबारविहिन समन्वयकलाई सङ्घीय स्वनिर्णयगत अनुदान, P.O Box 480, Jefferson City, Missouri मा उजुरी सम्बोधन गर्नुहोस्

B. उजुरीमा निम्न कुरा समावेश गर्नुहोस्:

1. विवादको विस्तृत विवरण
2. सङ्लग्न भएका नाम(हरू) र उमेर(हरू)
3. सङ्लग्न भएको स्कूल डिस्ट्रिक्टका कर्मचारी र तिनीहरूले प्रतिनिधित्व गर्ने डिस्ट्रिक्ट(हरू) को नाम
4. डिस्ट्रिक्ट तहमा समस्या समाधान गर्न गरिएका प्रयासहरूको विवरण

C. सङ्घीय स्वनिर्णयगत अनुदानहरूको निर्देशक (निर्देशक) ले उजुरीको बारेमा सङ्लग्न भएको स्कूल डिस्ट्रिक्ट (हरू) लाई सूचित गर्ने छ। निर्देशक वा निर्देशकको डिजाइनीले पक्षहरूको कागजात र कथनहरूसहित आवश्यक जानकारी जम्मा गर्नु हुने छ र आवश्यक भएमा अन-साइट भित्रीमार्फत स्वतन्त्र अनुसन्धान सञ्चालन गर्न सक्नुहुन्छ।

D. उजुरी प्राप्त गरेको 30 दिनभित्र, निर्देशकले उजुरी समाधान गर्नु हुने छ र पक्षहरूलाई लिखित रूपमा निर्णयका बारेमा सूचित गर्नु हुने छ।

E. उजुरीकर्ता निर्देशकको निर्णयसँग असहमत हुनुहुन्छ भने उजुरीकर्ता दश (10) कार्य दिनभित्र उप-शिक्षा आयुक्तसँग निर्णय अपिल गर्न सक्नुहुन्छ। यो अपिल लिखित रूपमा हुनु पर्छ र उजुरीकर्ता निर्णयसँग किन असहमत हुनुभयो भन्ने उल्लेख हुनु पर्छ।

E. इमेल प्राप्त गरेको 30 दिनभित्र, उप शिक्षा आयुक्तले अन्तिम प्रशासनिक निर्णय प्रस्तुत गर्नु हुने छ र उजुरीकर्ता र अन्य सबै रुचि राख्नुभएका पक्षहरूलाई लिखित रूपमा सूचित गर्नु हुने छ।

G. विवाद भइरहेको बेलामा, बालबालिका(हरू) ले प्रश्न गरी विद्यालयमा भर्ना गर्नु पर्छ। कुन विद्यालय बच्चाका लागि सबैभन्दा राम्रो रुचिको विद्यालय हो भन्ने बारेमा विवाद सोच्दा, बालबालिकालाई आफ्नो विद्यालयमा उपस्थित हुने अनुमति कार्यान्वयन गरिएको व्यवस्थाहरू बाहेकको अवस्थामा विवाद समाधान नहुञ्जेलसम्म हाल बालबालिका हाल उपस्थित हुने विद्यालयमा रहनु पर्ने छ।

* पक्षहरू एक्स्टेन्सनमा आपसी रूपमा सहमति जनाउन सक्नुहुन्छ; यद्यपि सम्भावित छोटो समयमा उजुरी समाधान गर्ने प्रत्येक प्रयास गर्नु पर्छ।

** मानक प्रक्रियाले प्रतिक्रियाका लागि तीस (30) दिनको अनुमति दिएपनि, सम्भावित छोटो समयमा उजुरी समाधान गर्ने प्रत्येक प्रयास गरिने छ।

# फोस्टर केयरमा बच्चा वा युवाका लागि निर्धारणहरूको सम्बन्धमा विवाद समाधान प्रक्रियाहरू

तलका फोस्टर केयरमा बालबालिका र युवाका लागि उत्कृष्ट रुचिको निर्धारण वा अन्य शैक्षिक रूपमा सम्बन्धित सेवाहरूको प्रावधानको सम्बन्धमा विवादहरू उत्पन्न हुँदा इलिमेन्टरी र सेकेण्डरी शिक्षा विभाग (DESE) द्वारा सिफारिस गरिएको उजुरी समाधान प्रक्रिया हो।

1. अपिलको तह। सुपरिवेक्षक वा उहाँको डिजाइनी हो;

2. पहिलो तहमा[i] विवाद समाधान हुँदैन भने अन्तिम अपिल इलिमेन्टरी र सेकेण्डरी शिक्षा विभाग (DESE) हो।

उत्कृष्ट रुचि निर्धारणमा विवाद उत्पन्न हुँदा तोडफोड कम गर्न र विद्यालयहरूबिच वरपर हिँड्ने सङ्ख्या घटाउन विवाद समाधान गरिरहेको बेलामा बालबालिका वा युवा आफ्नो विद्यालयमा रहनु पर्ने छ।

डिस्ट्रिक्टले उजुरी वा विवाद DESE लाई पठाउनु अघि स्थानीय तहमा समाधान गर्न बालबालिका विभाग र असन्तुष्ट पक्षहरूसँग सहकार्य गर्नु पर्छ।

विवादहरू शैक्षिक निर्णयकर्ता वा अभिभावकद्वारा मात्र भर्न सकिन्छ। दुवै पक्षहरूले आफूबिचका असहमतिहरू समाधान गर्नका लागि स्कूल डिस्ट्रिक्ट विवाद समाधान प्रक्रिया प्रयोग गर्न सक्नुहुन्न।

"फोस्टर केयर" भनेको आफ्नो आमाबुवा तथा अभिभावकहरूभन्दा टाढा राखिएको बालबालिकाको 24-घण्टाको प्रतिस्थापित स्याहार हो र जसका लागि बाल कल्याण निकायमा स्थान नियोजन र स्याहार जिम्मेवारी हुन्छ। यसमा फोस्टर परिवारका घरहरूको स्थान नियोजन, नातेदारका फोस्टर घर, समूह गृह, आपतकालीन निवास, निवास सुविधा, बाल स्याहार संस्था र पूर्व-अंगीकरण घरहरू लगायतका समावेश छन्। फोस्टर केयर सुविधा अनुमतिप्राप्त छ वा छैन र भुक्तानीहरू बच्चाको स्याहारका लागि राज्य, जनजातीय वा स्थानीय निकायद्वारा भुक्तानी गरिन्छ वा गरिँदैन, अंगीकरण अनुदान भुक्तानीहरू अंगीकरणको समाप्ति पूर्व गरिँदै छ वा छैन वा गरिएका कुनै पनि भुक्तानी सङ्घीयसँग मेल खाने छ वा छैन भन्ने कुरालाई ध्यान नदिइकन यो परिभाषाअनुसार बच्चा फोस्टर केयरमा छन्।

# शब्दावली

**आवासहरू –** भन्नाले प्रस्तुतीकरणको ढाँचा, प्रतिक्रियाको ढाँचा, परीक्षास्थल वा परीक्षण समयका परिवर्तन लगायतका परीक्षणमा जाँचिने कुराहरू मूलभूत रूपमा नबदलीकन परीक्षण व्यवस्थापन गरिने तरिकामा हुने परिवर्तनहरू बुझ्नु पर्छ। ज्ञान प्रदर्शन गर्नका लागि समान अवसर प्रदान गर्न उपयुक्त आवासहरू उपलब्ध गराइन्छ।

**हानि पुऱ्याउने खालको आक्रमण** – भन्नाले विद्यालय समुदायको अन्य सदस्यलाई गम्भीर शारीरिक चोटपटक लाग्ने वा शारीरिक चोटपटक लाग्ने वास्तविक जोखिम सिर्जना गर्ने कार्यलाई बुझ्नु पर्छ।

**मदिरा** – भन्नाले विद्यालय परिसरमा मदिरा सेवन गर्न, राख्न, वितरण गर्न र बिक्री गर्न प्रतिबन्धित छ भनी बुझ्नु पर्छ। शिक्षा बोर्डको नीतिअनुसार विद्यालय परिसरमा हुँदा मदिराजन्य पेय पदार्थ वा कुनै प्रकारको मादक पदार्थसम्बन्धी कार्यमा सङ्लग्न भएका विद्यार्थीसँग निपट्नका लागि प्रशासकीय कार्यविधिहरू प्रयोग गरिन्छ। विद्यालय बोर्ड R5131.6.3

**विद्यालयको वैकल्पिक स्थान नियोजन** – भन्नाले विद्यार्थीको व्यवहार, उपस्थिति र शैक्षिक प्रदर्शन प्रवर्द्धन गर्ने सम्बन्धमा केन्द्रित गरिएको विद्यालय वा कार्यक्रमलाई बुझ्नु पर्छ।

**जानी-बुझी आगलागी** – भन्नाले विद्यालय भवन वा विद्यालयको मैदानमा अवस्थित सम्पत्ति वा डिस्ट्रिक्टमा ऋण लिई भाडामा लिइएको वा ऋणमा भएको कुनै पनि सम्पत्तिमा जानाजान आगो लगाउने वा जानी-बुझी जलाउन वा आगो लगाउन प्रयास गरिने व्यवहारलाई बुझ्नु पर्छ।

**प्रहार** – भन्नाले अर्को व्यक्तिलाई गैर-कानुनी रूपमा पिट्ने वा अन्य हिंसात्मक बलको प्रयोग गर्ने कार्यलाई बुझ्नु पर्छ।

**व्यवहार सम्झौता** – भन्नाले शिक्षाकर्मी, विद्यार्थी र आमाबुवा(हरू) /कानुनी अभिभावक(हरू) बीचको लिखित कागजातलाई बुझ्नु पर्छ: अपेक्षित व्यवहार(हरू), सकारात्मक र नकारात्मक परिणामहरू र समीक्षा मितिसँगको सम्झौताको समय सीमा।

**व्यवहार हस्तक्षेप योजना (BIP)** - भन्नाले विद्यार्थीलाई व्यवहारसम्बन्धी अपेक्षाहरू पूरा गर्न विकास गर्ने अपेक्षा राख्ने विद्यालय कर्मचारीका उत्तरदायित्त्वहरू समावेश हुने योजनालाई बुझ्नु पर्छ। BIP हरू लिखित कागजातहरू हुन् जसले परिवर्तन गरिने अनुपयुक्त व्यवहारका साथसाथै लक्षित व्यवहार सम्बोधन गर्न कार्यान्वयन गरिएका रणनीति वा हस्तक्षेपहरूको व्याख्या गर्छ। BIP हरू अनुपयुक्त व्यवहार सम्बोधन गर्दै कक्षा कोठा शिक्षाकर्मी वा अग्रसक्रिय, निरन्तर तथा प्रभावकारी रूपमा शिक्षाकर्मीलाई सहायता गर्ने विद्यालय कर्मचारीको टोलीद्वारा वर्णन गरिन्छन्। BIP हरूले व्यक्तिगत विद्यार्थी वा सम्पूर्ण कक्षा कोठालाई व्यवहारात्मक अपेक्षाहरू बताउने कार्यमा सहायता गर्छ र यसले लक्ष्य वा उद्देश्य हासिल गर्ने परिणामका बारेमा पनि बताउँछ। यसका साथै, BIP हरूले नियोजित व्यवस्थापन रणनीतिहरूको प्रभावकारीता, विद्यार्थीको कागजात र कक्षा प्रगतिमा सहायता र विद्यार्थीहरूसँग अन्तरक्रिया गर्नका लागि उपयोगी मार्गदर्शनहरू उपलब्ध गराउने सम्बन्धमा बारम्बार प्रतिक्रिया गर्न दिन्छ।

**बमको खतरा** – भन्नाले विद्यालय सम्पत्ति, कुनै पनि विद्यालय प्रायोजित क्रियाकलाप वा SLPS डिस्ट्रिक्टको तर्फबाट सेवामा भएको कुनै पनि सवारी साधनमा बम वा विस्फोटक यन्त्र राख्ने वा यसको स्थानको सम्बन्धमा गलत बयान दिने कुरालाई बुझ्नु पर्छ।

**धम्की** – भन्नाले व्यक्ति वा समूहहरूद्वारा विद्यार्थी वा धेरै विद्यार्थीलाई जारी राखिएको डर वा दुर्व्यवहारलाई बुझ्नु पर्छ। धम्कीमा निम्न लगायतका कुराहरू पर्छन्: हिंसा, इशारा, चोरी वा सम्पत्तिको क्षति पुऱ्याउने कार्यसहितका भौतिक कार्यहरू; नाम बोलाएर जिस्काउने, झुकाउने, जबरजस्ती चन्दा उठाउने वा खतराहरू लगायत मौखिक वा लिखित मजाक गर्ने; वा उक्त कार्यहरू रिपोर्ट गर्दा प्रतिशोधका खतराहरू। धम्कीहरूमा साइबरमार्फत दिइने धम्की वा साइबरसम्बन्धी खतराहरू पनि पर्न सक्छन्। बोर्डको नीति 5131।

**चोरी** – भन्नाले कुनै पनि विद्यालयको संरचना, सवारी साधन वा सम्पत्तिमा अपराध वा कुनै पनि चोरी गर्ने अभिप्रायमा सर्ने वा नसर्ने अनधिकृत प्रवेशलाई बुझ्नु पर्छ।

**मामिला समन्वयन** – भन्नाले परिवार, विद्यालय(हरू) र समुदायबाहिरका निकायहरूबिचको निरीक्षण, सञ्चार र सहायतालाई बुझ्नु पर्छ।

**स्थान नियोजनको परिवर्तन** – भन्नाले विद्यालयले विद्यार्थीलाई लगातार दश (10) विद्यालय दिनभन्दा धेरै समयसम्म उहाँको शैक्षिक स्थान नियोजनबाट हटाउँछ वा विद्यालयले विद्यार्थीलाई प्यार्टर्न स्थापित गर्ने विभिन्न अवसरहरूमा उहाँको शैक्षिक स्थान नियोजनबाट हटाएर 10 विद्यालय दिनभन्दा धेरैसम्म थप्छ भनी बुझ्नु पर्छ।

**चरित्र शिक्षा** – भन्नाले विद्यार्थीहरूलाई बुझ्न, प्रतिज्ञा गर्न र साझा गरिएका नैतिक मानहरूमा कार्य गर्नका लागि सिकाउन पहुँच गर्ने पाठ्यक्रमलाई बुझ्नु पर्छ। विशिष्ट मुख्य मानहरू सम्मान, उत्तरदायित्व, विश्वसनीयता, निष्पक्षता, स्याहार र सामुदायिक सहभागिता समावेश छन्।

**चार्टर स्कूल** – भन्नाले सार्वजनिक रूपमा वित्त व्यवस्था गरिएको स्वतन्त्र विद्यालयलाई बुझ्नु पर्छ। चार्टर विद्यालयहरूले अनुशासनको सम्बन्धमा समान राज्य कानुन र विशेष शिक्षाको सम्बन्धमा समान राज्य तथा सङ्घीय कानुनको पालना गर्नु पर्छ।

**धोखा** – भन्नाले शिक्षाकर्मीले अधिकार दिइएको बाहेकका उपाय वा माध्यमहरूद्वारा बेइमानी पूर्वक डेटाको प्रयोग, पेस वा प्राप्त गर्ने प्रयास गर्ने वा जबाफहरू दिने कुरालाई बुझ्नु पर्छ।

**चेक-इन/चेक-आउट (CICO)** – भन्नाले मध्यम खालको व्यवहारिक समस्या प्रदर्शन गर्ने विद्यार्थीहरूलाई सकारात्मक व्यवहार सहायता बुझ्नु पर्छ। व्यवहारात्मक लक्ष्यहरू अनुपालन गर्नका लागि बारम्बारका सुदृढीकरण उपलब्ध गराउन यो अभिप्रेरित छ।

**आचार संहिता** – भन्नाले विद्यार्थीको आचार संहितालाई बुझ्नु पर्छ।

**शारीरिक सजाय** – भन्नाले अनुशासन वा दण्डका उद्देश्यका लागि शारीरिक बलको प्रयोग वा धम्कीलाई बुझ्नु पर्छ। यसका साथै, प्रशिक्षित कर्मचारीद्वारा शारीरिक अवरोधको प्रयोगलाई शारीरिक सजायको रूपमा मानिने छैन। बोर्डको नीति P5144।

**संकट रोकथाम संस्था (CPI)** – प्रशिक्षण संस्था जसले गैर-हिंसात्मक संकटकालीन हस्तक्षेपहरू उल्लेख गर्छ।

**साइबरमार्फत दिइने धम्की** – भन्नाले इन्टरनेट वा अन्य डिजिटल वा विद्‍युतिय सञ्चार यन्त्रहरू प्रयोग गरी उत्पीडन, हानिकारक, धम्कीपूर्ण वा कठोर सन्देश पठाउने, शेयर वा पोस्ट गर्ने कुरालाई बुझ्नु पर्छ। उत्पीडनमा (1) डर, प्रतिकूल वा अपमानजनक वातावरण सिर्जना गर्ने उद्देश्य भएको वा प्रभाव पार्ने; (2) व्यक्तिको कार्य वा विद्यार्थीको विद्यालयको कार्यप्रदर्शन अनुचित रूपमा हस्तक्षेप गर्ने उद्देश्य भएको वा प्रभाव पार्ने वा (3) विद्यालय संचालनमा हस्तक्षेप गर्ने व्यक्तिसँग सम्बन्धित बदनामी, टिप्पणी, जोक्स, संकेत, अप्रिय शुभकामना, कार्टुन, मजाक वा मौखिक सञ्चालन पर्छन्। बर्बरता भनेको डिस्ट्रिक्टको कम्प्युटर स्रोतहरूलाई प्रतिकूल रूपमा प्रभाव पार्ने अपरेटिङ सिस्टम, एप्लिकेसन सफ्टवेयर, मिति वा कुनै पनि अन्य उद्देश्यपूर्ण कार्यलाई हानि वा नष्ट गर्ने कुनै पनि प्रयास हो। साइबर खतराहरू विद्‍युतिय माध्यमबाट प्रसारित वा अन्य विरुद्धको हिंसा, आत्महत्या वा स्वयं-हानिका बारेमा जोखिमपूर्ण वा चिन्ताहरू उठाउने अनलाइन सामग्रीहरू हुन्। बोर्डको नीति 5131।

**दिन** – भन्नाले विद्यालय दिन वा व्यावसायिक दिनको रूपमा सङ्केत गरिएको बाहेकको पात्रो दिनलाई बुझ्नु पर्छ।

**DESE** – एलिमेन्टरी र सेकेण्डरी शिक्षा विभाग

**नजरबन्द** – भन्नाले विद्यार्थीले विद्यालयमा अनुशासनको रूपमा अतिरिक्त समय बिताउन आवश्यक भएको अवस्थालाई बुझिन्छ। नजरबन्द विद्यालय दिनअघि वा पछि, सप्ताहन्त (परम्परागत रूपमा शनिबारको विद्यालय भनिने) र लन्च (विद्यार्थीले लन्च छोड्नु पर्दैन) जस्ता विद्यालय दिनका विश्रामहरूको अवधिमा हुनसक्छ।

**अनुशासन** – भन्नाले विद्यार्थीको शैक्षिक, सामाजिक, नैतिक वा मानसिक सुधार गर्न शिक्षाकर्मी, प्रशासक, सहायता कर्मचारी र आमाबुवा/कानुनी अभिभावकहरूले कार्यान्वयन गर्ने कदम, कार्य वा मध्यवर्तीलाई बुझ्नु पर्छ।

**आज्ञाको पालना नगर्ने** – भन्नाले नियम उल्लङ्घन गर्ने वा अधिकारी व्यक्तिद्वारा दिइएको निर्देशन पालना नगर्ने सुविचारित रोजाइलाई बुझ्नु पर्छ।

**डिस्ट्रिक्ट** – भन्नाले St. Louis पब्लिक स्कूल डिस्ट्रिक्टलाई बुझ्नु पर्छ।

**डिस्ट्रिक्ट अनुशासन सभा** – भन्नाले प्रकार । अतिक्रमण वा दोहोरिएको प्रकार 2 अतिक्रमणहरूलाई अगाडि बढाउने बाँकी प्रक्रियालाई बुझ्नु पर्छ।

**लागू पदार्थहरू** – भन्नाले विद्यालय परिसरमा अनुमति नदिइएको यी मध्ये कुनै पनि अनधिकृत निर्धारित औषधि, इनहेलेन्ट, कुनै पनि प्रकारको नशालु पदार्थ (नशालु पदार्थको प्राथमिक अभिप्रेरित उद्देश्य नशा भए वा नभए तापनि), नियन्त्रित पदार्थ वा नक्कल रूपहरू सहितका लागू पदार्थहरूको गैर-कानुनी रूपमा राख्ने, प्रयोग र बिक्री गर्नेलाई बुझ्नु पर्छ। लागू पदार्थसँग सम्बन्धित प्याराफेरानेलिया राख्ने, प्रयोग गर्ने र बिक्री गर्ने पनि निषेधित छन्। यो नियमन उल्लङ्घन गरेको कुनै पनि व्यक्तिलाई बोर्डको नीति र नियमन र कुनै पनि कानुनको लागू योग्य प्रावधानहरूद्वारा उपलब्ध गराइएको शैलीमा विद्यालयबाट निलम्बन र/वा निष्कासन गरिने छ। विद्यालय बोर्ड R5131.6.1

**बाँकी प्रक्रिया** – भन्नाले व्यक्तिको कानुनी अधिकारहरू सुरक्षित गर्नका लागि डिजाइन गरिएका प्रक्रियाका लागि स्थापना गरिएको पाठ्यक्रमलाई बुझ्नु पर्छ।

**बाँकी प्रक्रियाको सुनुवाइ** – भन्नाले अभिभावक र विद्यालयहरूबिचका विशेष शिक्षाका विवादहरू समाधान गर्ने औपचारिक सुनुवाइलाई बुझ्नु पर्छ। IDEA 2004 मा उक्त विवादहरू समाधान गर्ने प्रक्रियाका नियमहरू समावेश छन्। यी नियमहरूमा राज्य तथा सङ्घीय अदालतका मध्यस्थता, बाँकी प्रक्रियाको सुनुवाइ र अपिलहरू समावेश छन्। बाँकी प्रक्रियाको सुनुवाइ प्रायजसो औपचारिक, प्रतियोगिताको परीक्षण हुन्छ।

**विद्युतिय सञ्चारका यन्त्रहरू** – भन्नाले रेडियो, वाकमेन, CD प्लेयर, Ipods। MP3 प्लेयर, DVD प्लेयर, हातले समात्ने कन्सोल, व्यक्तिगत डिजिटल सहायक, सेलुलर टेलिफोन, ब्ल्याकबेरी र ल्यापटप कम्प्युटरको साथसाथै समान क्षमताहरूसँग विकास गरिएका कुनै पनि नयाँ प्रविधि लगायतका डिस्ट्रिक्टद्वारा उपलब्ध नगराइएका कुनै पनि यन्त्रहरूलाई बुझ्नु पर्छ।

**ESSA**- प्रत्येक विद्यार्थीको सफलता ऐन

**असामान्यता** – भन्नाले बहु-अनुशासनात्मक मूल्याङ्कन प्रक्रियामार्फत पहिचान गरिएको विद्यार्थीको विशिष्ट अध्ययनसम्बन्धी आवश्यकताहरूलाई बुझ्नु पर्छ। अटिज्म/एस्पेर्गर्स सिन्ड्रोम, भावनात्मक अवरोध, शैक्षिक र सिर्जनात्मक, विशेष अध्ययन अशक्त र मानसिक अक्षमतासहितका विभिन्न प्रकारका असामान्यताहरू छन्।

**निष्कासन** – भन्नाले वर्तमान वा अर्को विद्यालय वर्षको अवधिमा वा स्थायी रूपमा निर्दिष्ट गरिएको समयसम्म बाँकी विद्यालय वर्षका लागि विद्यालयमा उपस्थिति हुन नदिने कुरालाई बुझ्नु पर्छ।

**जबरजस्ती पैसा उठाउने** – भन्नाले अनिच्छुक व्यक्तिबाट पैसा, मूल्यको सम्पत्ति प्राप्त गर्ने वा प्राप्त गर्ने प्रयास गर्ने वा शारीरिक बल गरेर वा धम्की (त्रास) दिएर व्यक्तिलाई कार्य गर्न बल गर्ने कुरालाई बुझ्नु पर्छ।

**लडाई** – भन्नाले मौखिक र शारीरिक रूपमा झगडा गरेका दुवै पक्षहरूले शारीरिक चोटपटक नलाग्ने गरी दुई वा सोभन्दा धेरै मानिसहरूबिचको हान्ने , धकेल्ने, धक्का दिने र अन्य शारीरिक कार्यहरू गर्ने लगायतका शारीरिक झगडालाई बुझ्नु पर्छ।

**पटखाहरू** – भन्नाले कुनै पनि पपर, फाएरक्र्याकर, रकेट, स्पार्कर, स्मोक बम वा अन्य यस्तै प्रकारहरूलाई बुझ्नु पर्छ। यी वस्तुहरूलाई हतियारहरू मानिन्छ।

**छल/गलत पहिचान/जालसाजी** – भन्नाले कुनै लेखनलाई अर्को विद्यार्थीले लेखेको दाबी गर्नका खातिर उक्त लेखन सो विद्यार्थीको लेखन जस्तै बनाउने, सत्य ठहर गर्ने, परिवर्तन गर्ने वा प्रमाणित गर्ने; सत्य नबताएर वा सही नाम उल्लेख नगरेर अर्को विद्यार्थी रहेको दाबी गर्ने कार्यलाई बुझ्नु पर्छ।

**निःशुल्क र उचित सार्वजनिक शिक्षा (FAPE)** – भन्नाले विद्यालयले विशेष आवश्यकता वा असामान्यता भएका बालबालिकाहरूलाई उपलब्ध गराउनु पर्ने शिक्षाको मानकलाई बुझ्नु पर्छ। विद्यालयले बच्चाको अध्ययन आवश्यकता सम्बोधन गर्न, तिनीहरूलाई उनीका आवश्यकताका लागि उचित शैक्षिक सेटिङमा राख्न र बच्चालाई अध्ययन गर्नका लागि आवश्यक भएका विशेष शिक्षा र सम्बन्धित सेवाहरू डेलिभर गर्न विशेष योजना सिर्जना गर्नु पर्छ। FAPE प्रत्येक विद्यार्थीका लागि भिन्न-भिन्न हुन्छ र यसले अशक्त भएका सबै विद्यार्थीहरूले परिवारको कुनै खर्च विना उचित सार्वजनिक शिक्षा प्राप्त गर्नुहुन्छ भनी सुनिश्चित गर्छ।

**जुवा खेल्नु** – भन्नाले तास वा पासाका खेलहरू लगायत पैसा वा कुनै पनि मूल्यवान् वस्तुका लागि अवसर वा सीपमा खेलिने खेललाई बुझ्नु पर्छ।

**गिरोह** – भन्नाले पहिचान खुलाउने नाम वा पहिचान गर्ने सङ्केत वा चिन्ह भएको दुई वा सोभन्दा धेरै विद्यार्थीहरू वा विद्यालय वा विद्यालय र साधारण समुदायका सदस्यहरूको सुरक्षालाई खतरा हुने वा बाधा पुऱ्याउने क्रियाकलापको प्याटर्नमा व्यक्तिगत वा संयुक्त रूपमा सङ्लग्न हुने वा सङ्लग्न भएका सदस्यहरू भएको कुनै पनि चालू संस्थालाई बुझ्नु पर्छ।

**गिरोहका क्रियाकलापहरूमा**
**निम्न समावेश छन्:**

- कुनै पनि कपडा, गरगहना, रङ वा चिन्ह लगाउने वा प्रदर्शन गर्ने जसले विद्यार्थीलाई गिरोहको सदस्यको रूपमा जानी-बुझी पहिचान गराउँछ वा अन्यथा गिरोहलाई समर्थन गर्ने सङ्केत गर्छ।
- कुनै पनि शब्द, वाक्यांश, लिखित चिन्ह वा इशारा प्रयोग गर्ने जसले विद्यार्थीलाई गिरोहको सदस्यको रूपमा जानी-बुझी पहिचान गराउँछ वा अन्यथा गिरोहलाई समर्थन गर्ने सङ्केत गर्छ। विद्यार्थीले आफ्नो विद्यालयको नोटबुक, टेक्स्टबुक वा व्यक्तिगत वस्तुहरूमा गिरोहका सम्बद्धता नदेखाएको हुन सक्छन्।
- दुई वा सोभन्दा धेरै व्यक्तिहरूद्वारा गिरोह प्रवर्द्धन गर्ने क्रियाकलाप वा छलफलमा सङ्लग्न हुने।
- गिरोह वा समाज-विरोध व्यवहारका लागि विद्यार्थीहरू भर्ती गर्ने।

**सामूहिक लडाई** – भन्नाले हतियार वा अन्य वस्तुहरू (बन्दुक, चक्कु, ब्रास नकल्स, रेजर ब्लेड, डण्डा, मेस, पेपर स्प्रे प्रयोग आदि लगायत) को प्रयोग गरी वा नगरिकन अन्यलाई शारीरिक बल प्रयोग गर्न वा गैर-कानुनी तरिकाले पिट्नमा सङ्लग्न भएका धेरै विद्यार्थीहरूको गम्भीर आक्रमणलाई बुझ्नु पर्छ।

**दुर्व्यवहार** – भन्नाले कसैको लैङ्गिक, उमेर, जाति, रङ, यौन झुकाव (थाहा भएको वा कथित), लैङ्गिक पहिचान अभिव्यक्ति (थाहा भएको वा कथित), राष्ट्रिय मूल, धर्म, अशक्त, सामाजिक आर्थिक स्थिति र/वा राजनीतिक विश्वासको कारणले यौनिक चाहनाको माग, प्रतिकूल विद्यालय वातावरण सिर्जना गर्ने धम्कीपूर्ण वा डराउन दिने इशाराहरू वा व्यवहारलाई बुझ्नु पर्छ।

**हेजिङ** – भन्नाले ग्रेड स्तर, विद्यार्थी संस्था वा विद्यालय-प्रायोजित क्रियाकलाप लगायतका कुनै पनि समूह, कक्षा, संस्था, क्लब वा खेलकुद टोलीमा प्रवर्तन, संबद्धता, भर्ना, सदस्यता वा सदस्यताको मर्मत-सम्भारको उद्देश्यका लागि विद्यार्थीको मानसिक वा शारीरिक स्वास्थ्य वा सुरक्षालाई नकारात्मक रूपमा प्रभाव पार्नेछ वा हास्यास्पद, अपमानजनक, तनावपूर्ण चिन्ताको स्थितिमा राख्नेछ भनी उचित व्यक्तिले विश्वास गर्ने विद्यालय मैदानमा वा बाहिरका कुनै पनि क्रियाकलापलाई बुझ्नु पर्छ।

हेजिङमा निद्रा अभाव, शारीरिक रोक, अधिक लज्जित वा अपराधिक क्रियाकलाप गराउने बल पूर्वकको सञ्चालन वा अन्य तनाव गराउने क्रियाकलापहरू लगायतका विद्यार्थीलाई अत्याधिक मानसिक तनाव हुने उक्त कार्यहरू समावेश हुन सक्छ। हेजिङमा निम्न लगायतका पनि समावेश हुन सक्छन्: शारीरिक निर्दयताका कार्यहरू; कोर्रा हान्ने; पिट्ने; ब्राण्डिङ; तत्त्वहरूमा अनावरण गर्ने; कुनै पनि खाना, मदिरा, लागू पदार्थ वा अन्य पदार्थ सेवन गर्न बल गर्ने; सुर्तीजन्य उत्पादनहरू सेवन गर्न बल गर्ने; वा व्यक्तिको शारीरिक स्वास्थ्य वा सुरक्षामा प्रतिकूल रूपमा प्रभाव पार्न सक्ने कुनै पनि बल गरिएको शारीरिक क्रियाकलाप।

सङ्लग्न भएका सबै विद्यार्थीहरू इच्छुक सहभागीहरू भए तापनि हेजिङ हुन सक्छ। मापदण्डहरू उचित हुँदा डिस्ट्रिक्टद्वारा स्वीकार गरिँदा र संस्थाको उद्देश्यसँग कानुनी रूपमा सम्बन्धित हुँदा विद्यार्थीले अडिशन दिन वा संस्थाका लागि प्रयास गर्न आवश्यक भएको बेलामा हेजिङ हुँदैन। बोर्डको नीति 5131।

**हर्सप्ले** – भन्नाले गुन्डा, अशिष्ट वा प्रबल प्लेलाई बुझ्नु पर्छ।

**घरदेखि विद्यालय र विद्यालयदेखि घर सञ्चार प्रणाली** – भन्नाले प्रभावकारी घर-देखि विद्यालय र विद्यालयदेखि घर सञ्चारहरूमार्फत विद्यालय कार्यक्रम र विद्यालय प्रगतिको सम्बन्धमा परिवारहरूसँगको सञ्चारलाई बुझ्नु पर्छ।

**अभद्र प्रदर्शन** – भन्नाले सम्भावित रूपमा अपमान वा चेतावनी दिनका लागि केही परिस्थितिहरूमा जननेन्द्रिय, स्तन, नितम्ब जानाजानी देखाउने र/वा झोलेपन देखाउने कार्यलाई बुझ्नु पर्छ। साथै, पारदर्शी वा जाली कपडा, मिड्रिफ ब्लाउज वा सर्ट, ट्यांक टप्स, स्पाघेट्टी स्ट्र्याप्स, कुनै पनि प्रकारको भित्री पहिरनको प्रदर्शन, क्लिभेज, तल झर्ने पाइन्ट र अश्लील सुझाव दिने कथन वा सङ्केतहरू भएका कपडा निषेधित छन्। निषेधित गरिएकोमा यौन, लागू पदार्थ वा मदिरा विज्ञापन गर्ने वा प्रवर्द्धन गर्ने कुनै पनि कपडा पनि पर्छन्। जुत्ताहरू हरेक समय लगाउनुपर्छ।

**वैयक्तिक आवास योजना (IAP)** – भन्नाले विद्यार्थीको अशक्तताका बारेमा थाहा भएको वा विद्यार्थी अशक्तता सम्बोधन गर्ने र विद्यालयमा उपलब्ध गराइने विशिष्ट आवास र परिमार्जनहरू कागजात गर्ने विद्यार्थीका बारेमा थाहा भएको व्यक्तिहरूको समूहद्वारा विकास गरिएको लिखित योजनालाई बुझ्नु पर्छ ताकि विद्यार्थीले शैक्षिक रूपमा लाभ प्राप्त गर्नुहुन्छ।

**वैयक्तिक आवास योजना (IAP) समिति** – भन्नाले IAP को विकासमा नतिजा स्वरूप आउने सान्दर्भिक विद्यार्थीका सबै डेटा समीक्षा र छलफल गर्ने व्यक्तिहरूको समूहलाई बुझ्नु पर्छ।

**वैयक्तिक शैक्षिक योजना (IAP)** – भन्नाले सामान्य शैक्षिक विद्यार्थीका क्षमताका बारेमा थाहा भएका व्यक्तिहरूको समूहद्वारा विकास गरिएको लिखित योजनालाई बुझ्नु पर्छ।

**अशक्त भएका व्यक्तिहरूको शिक्षा सुधार ऐन 2004 (IDEA 2004)** – भन्नाले राज्य तथा सार्वजनिक निकायहरूले अशक्त भएका सबै बालबालिकालाई उनीका अनुपम आवश्यकताहरू पूरा गर्न र उनीहरूलाई रोजगारी तथा स्वतन्त्र जीवनयापनका लागि तयारी गर्न डिजाइन गरिएको प्रारम्भिक हस्तक्षेप, विशेष शिक्षा र सम्बन्धित सेवाहरूको महत्त्व दिने FAPE कसरी उपलब्ध गराउँछ भनी नियन्त्रण गर्ने सङ्घीय कानुनलाई बुझ्नु पर्छ।

IDEA 2004 ले राज्यहरूलाई अशक्ततासम्बन्धी उल्लिखित 13 वटा वर्ग सम्बोधन गरी ती वर्गमा पर्ने बालबालिकाका शैक्षिक आवश्यकता तथा अधिकारहरू सम्बोधन गर्ने कार्यमा सहायता गर्न कोषहरू उपलब्ध गराउँछ।

**वैयक्तिक शिक्षा योजना (IEP)** – भन्नाले विद्यालय कर्मचारी, आमाबुवा/कानुनी अभिभावकहरू र विद्यार्थीद्वारा विकास गरिएको विद्यार्थीका क्षमता, लक्ष्य तथा उद्देश्यहरू, प्रगति कसरी मापन गरिने छ र यी लक्ष्यहरू पूरा गर्न टोलीले सँगसँगै कसरी काम गर्नेछ भनी उल्लेख गर्ने लिखित योजनालाई बुझ्नु पर्छ।

**IEP टोली** – भन्नाले विशेष आवश्यकताहरू भएका विद्यार्थीका लागि IEP विकास, समीक्षा र संशोधन गर्नका लागि उत्तरदायी भएका व्यक्तिहरूको समूहलाई बुझ्नु पर्छ। IEP टोलीले वर्तमान प्रगति र भावी आवश्यकताहरू निर्धारण गर्न आवश्यकताअनुसार प्रत्येक विद्यार्थीको प्रगतिको समीक्षा गर्नु पर्छ। समीक्षामा विद्यार्थीका वार्षिक लक्ष्यहरू हासिल गरिँदै छ वा छैन, विद्यार्थीको प्रगतिको सम्बन्धमा कर्मचारी र अभिभावकत्व चिन्ता, सञ्चालित कुनै पनि पुनर्मूल्याङ्कनका नतिजा र गर्नुपर्ने कुनै पनि परिवर्तन पनि विचार गर्नु पर्छ। कानुनअनुसार IEP टोलीमा निम्न व्यक्तिहरू हुनु पर्छ:

- विद्यार्थी सामान्य शिक्षा वातावरणमा सहभागी हुनुहुन्छ (वा हुनु हुने छ) भने कम्तीमा एउटा सामान्य शिक्षाका शिक्षाकर्मी
- कम्तीमा एउटा विशेष शिक्षा शिक्षाकर्मी वा प्रदायक
- अशक्त भएका विद्यार्थीका लागि विशेष रूपमा डिजाइन गरिएको निर्देशन, सामान्य पाठ्यक्रम र LE स्रोतहरू उपलब्धताका बारेमा जानकार भएको LEA को प्रतिनिधि
- आमाबुवा(हरू) /कानुनी अभिभावक(हरू)
- उपयुक्त भएअनुसार विद्यार्थी
- मूल्याङ्कन नतिजाका निर्देशनात्मक तात्पर्यहरू अनुवाद गर्न सक्षम भएको कोही व्यक्ति
- अभिभावक(हरू) /कानुनी अभिभावक(हरू) वा विद्यालयले आमन्त्रित गर्न छनौट गरेका अन्य व्यक्तिहरू

**विद्यालयभित्र निलम्बन (ISS/प्रतिबिम्ब/रिकभरी)** – भन्नाले प्रायजसो उही विद्यालयमा विद्यार्थीको निर्दिष्ट कक्षाबाट उनीहरूलाई अस्थायी रूपमा निष्कासन गर्ने र स्वीकृत “समय समाप्त“ कार्यक्रममा भएको विद्यार्थीको स्थान नियोजन गर्ने कार्यलाई बुझ्नु पर्छ। विद्यालयमा-निलम्बन विद्यालय बाहिरको निलम्बनमा वैकल्पिक मानिन्छ र यसलाई विद्यार्थीले आफ्नो कक्षा कोठाको अध्ययन वातावरणमा अवरोध पुऱ्याउँदा प्राथमिक रूपमा प्रयोग गरिन्छ।

**अवज्ञा** – भन्नाले जानी-बुझी कुनै पनि उचित अनुरोध वा नियमनको पालना नगर्ने वा अधिकारीलाई अनादर देखाउनेलाई बुझ्नु पर्छ।

**अन्तरिम वैकल्पिक शैक्षिक सेटिङ (IAES)** – भन्नाले पारम्परिक विद्यालयभन्दा अध्ययनको थप संरचनात्मक कार्यक्रम प्रस्ताव गर्ने कुनै पनि सार्वजनिक वा निजी इलिमेन्टरी वा सेकेण्डरी विद्यालयलाई बुझ्नु पर्छ।

**सबैभन्दा कम प्रतिबन्धात्मक वातावरण (LRE)** – भन्नाले सङ्घीय कानुन (IDEA 2004) ले अशक्त भएका विद्यार्थीहरूलाई विद्यार्थीका आवश्यकताहरूको आधारमा अधिकतम हदसम्म उनीहरू अशक्त नभएका साथीहरूसँग शिक्षित गर्नु पर्छ भनी अनिवार्य गराउँछ भनी बुझ्नु पर्छ। यसलाई सबैभन्दा कम प्रतिबन्धात्मक वातावरण (LRE) भनिन्छ। IEP टोली (अभिभावक सहित) ले विद्यार्थीलाई विद्यार्थीको IEP मा सेवाहरू उपलब्ध गराउन आवश्यक हुने स्थान नियोजन निर्धारण गर्छ र टोलीले ती सेवाहरू उपलब्ध गराउन सक्षम हुने LRE छनोट गर्नु पर्छ । यसको अर्थ टोलीले विद्यार्थीको अशक्तताको प्रकृतिले विद्यार्थीलाई उक्त वातावरणमा शैक्षिक अनुभवमा सफल हुन दिने छैन भनी निर्धारण नगरुञ्जेलसम्म अशक्त नभएका विद्यार्थीले अशक्त भएका विद्यार्थी उपस्थित हुने विद्यालयमा उपस्थित हुनु पर्छ।

**स्थानीय शिक्षा निकाय (LEA)** – भन्नाले सहर, काउन्टी, टाउनसिप, स्कूल डिस्ट्रिक्ट वा अन्य राजनीतिक उप-विभागमा भएका सार्वजनिक इलिमेन्टरी वा सेकेण्डरी स्कूलको प्रशासनिक नियन्त्रण कायम राख्ने राज्यभित्रका सार्वजनिक शिक्षा बोर्ड वा अन्य सार्वजनिक निकायलाई बुझ्नु पर्छ।

**अभिव्यक्ति निर्धारणको समीक्षा (MDR)** – भन्नाले वद्यिार्थीहरूलाई उनीका असामान्यताहरूको कारणले दण्डति गरँदै छैन भनी सुनिश्चित गर्ने सुरक्षालाई बुझ्नु पर्छ। MDR ले विद्यार्थीलाई अनुशासित गरिरहेको व्यवहार विद्यार्थीको अशक्तताको अभिव्यक्ति हो वा होइन भनी निर्धारण गर्ने प्रयासमा बच्चाको व्यवहार र विद्यार्थीको अघिल्लो पटक कागजात गरिएका जानकारी जाँच गर्छ। MDR समितिमा अभिभावक र एउटा विद्यार्थीको व्यवहारात्मक प्याटर्नहरूको बारेमा परिचित भएको र अर्को विद्यार्थीको असामान्यताका बारेमा थाहा भएको कम्तीमा दुई व्यक्ति हुन्छन्।

**अभिव्यक्ति निर्धारणको समीक्षा (MDR) समिति** – भन्नाले अनुशासनात्मक कारबाही गरिएका व्यवहार विद्यार्थीको अशक्तताको अभिव्यक्ति हो वा होइन भनी निर्धारण गर्न बैठक बस्ने व्यक्तिहरूको समूहलाई बुझ्नु पर्छ; आमाबुवा(हरू)/कानुनी अभिभावक(हरू) लाई निर्णयमा सहभागी गराउन विद्यालयद्वारा प्रत्येक प्रयास गर्नु पर्छ।

**विद्यालय सामुदायिक सदस्य** - भन्नाले कुनै पनि विद्यार्थी, अभिभावक, शिक्षाकर्मी, प्रशासक वा कुनै पनि विद्यालयको डिस्ट्रिक्ट कर्मचारी वा आगन्तुक लगायतका व्यक्तिलाई बुझ्नु पर्छ।

**परिमार्जनहरू** – भन्नाले विद्यार्थीले प्रदर्शन गर्न अपेक्षा गरिएको कुरामा भएका वास्तविक परिवर्तनहरूलाई बुझ्नु पर्छ; यसमा निर्देशनात्मक स्तर, सामग्री, कार्यसम्पादन मापदण्ड र वैकल्पिक मूल्याङ्कनका परिवर्तनहरू समावेश छन्; यसमा जाँच फारम वा ढाँचाका परिवर्तनहरू समावेश हुन सक्छन्।

**बहु-अनुशासनात्मक मूल्याङ्कन (MDE)** – भन्नाले वद्यिार्थीको हालको कार्यपद्धतको स्तर, सबलता र शैक्षकि आवश्यकताहरूको मूल्याङ्कनलाई बुझ्नु पर्छ। विद्यार्थीलाई विशेष शिक्षा सेवाहरू प्राप्त गर्न योग्य ठहरिने अशक्त अवस्था छ वा छैन भनी निर्धारण गर्न सङ्घीय र राज्य नियमहरूले विस्तृत मूल्याङ्कन सञ्चालन गर्न आवश्यक छ। पुनर्मूल्याङ्कन प्रत्येक तीन (3) वर्षमा हुनु पर्छ।

**हत्या** – भन्नाले अर्को मानवलाई गैर-कानुनी रूपमा मार्नेलाई बुझ्नु पर्छ।

**विद्यालयबाट निलम्बन** – भन्नाले विद्यार्थीलाई विद्यालयबाट अस्थायी रूपमा निष्कासन गर्ने कार्यलाई बुझ्नु पर्छ। निलम्बनहरू सीमित समयका लागि हुन्छन् र विद्यार्थी आफ्नो निलम्बन पूरा भएपछि विद्यालय फर्कन सक्षम हुनु पर्छ। निलम्बनको अवधिमा, विद्यार्थीहरूलाई कुनै पनि विद्यालय सम्पत्तिमा अनुमति छैन।

**अन्य एकदमै गम्भीर वा गैर-कानुनी कार्य** – भन्नाले स्कूल डिस्ट्रिक्टको सुरक्षामा अवैधानिक, खतरा पूर्ण वा खतरा निम्त्याउने कुनै पनि व्यवहारलाई बुझ्नु पर्छ; विद्यालयका सुरक्षा ऐनहरू।

**प्रभावको व्यक्तिगत प्रदर्शन** – भन्नाले प्रभावको अनुपयुक्त प्रभाव प्रदर्शनलाई बुझ्नु पर्छ।

**व्यक्तिगत खोजहरू** – भन्नाले खोजको समयमा परिस्थितिहरूको आधारमा विद्यार्थीले कानुन, विद्यालय नियम वा डिस्ट्रिक्ट नीति उल्लङ्घन गरेको छ भनी खोजहरूले प्रमाण देखाउने छ भनी शंका लाग्ने उचित आधारहरू हुँदा डिस्ट्रिक्ट प्रशासक वा सुरक्षा कर्मचारीले विद्यार्थीलाई प्रभाव पार्ने व्यक्ति वा कर्मचारी खोज्न सक्नुहुन्छ भन्ने कुरालाई बुझ्नु पर्छ। खोजहरू मेटल डिटेक्टरहरू प्रयोग गरी र/वा हातले सञ्चालन गर्न सकिन्छ।

**शारीरिक आक्रमण** – भन्नाले आपसी विवाद बाहेकको सन्दर्भमा अन्यलाई अनुत्तेजित हिर्काउने, खुट्टाले हान्ने, धक्का दिने वा अन्यथा शारीरिक दुखाइ वा हानि पुऱ्याउने कार्यलाई बुझ्नु पर्छ।

**स्थान नियोजन** – भन्नाले यदि विद्यार्थीले IDEA 2004 अन्तर्गत विशेष शिक्षा वा सम्बन्धित सेवाहरू प्राप्त गर्दै हुनुहुन्छ भने विद्यार्थीको स्थान नियोजन भनेको IEP टोलीले उहाँको लिखित IEP मा दर्शाइएअनुसार विद्यार्थीका लागि उत्कृष्ट निर्धारण गर्ने शैक्षिक सेटिङ हो भनी बुझ्नु पर्छ। स्थान नियोजन भन्नाले विद्यार्थी भएको कक्षा नभइकन IEP मा उल्लेख गरिएअनुसारको उहाँलाई एकदमै उपयुक्त हुने कार्यक्रम तथा सेवाहरू हो।

**अर्कोलाई खतरामा पार्ने** – भन्नाले अनुसन्धान, शैक्षिक वा अनुशासनात्मक प्रक्रियामा विद्यालयको सदस्यको सहभागिताका लागि उहाँ विरुद्धको प्रतिशोध लगायतका विद्यालय समुदायको कुनै पनि सदस्यको स्वास्थ्य, सुरक्षा वा कल्याणलाई खतरा पुऱ्याउने विद्यार्थीहरू सङ्लग्न हुने वा सङ्लग्न हुने प्रयास गरिरहेको कुनै पनि सञ्चालनलाई बुझ्नु पर्छ।

**धारण** – भन्नाले कपडा, लकर वा झोला र यसमा भएका सामग्रीहरू जस्ता सम्पत्ति (हराएको, फेला परेको वा चोरिएको) मा शारीरिक नियन्त्रण भएकालाई बुझ्नु पर्छ।

**सकारात्मक व्यवहारसम्बन्धी हस्तक्षेप र सहायता (PBIS)** – भन्नाले हाम्रो विद्यालयहरूमा सुरक्षा र अध्ययनको वातावरण सिर्जना गर्ने र कायम राख्ने विद्यालय प्रणालीको पहुँचलाई बुझ्नु पर्छ। PBIS को प्रयोग भनेको थप घुस पैठ वा गलत कामका आवश्यकतालाई घटाउने "उत्कृष्ट अभ्यास" हो (जस्तै निलम्बन) र यसले प्रणालीगतको साथसाथै व्यक्तीकृत दुवै परिवर्तन गराउन सक्छ।

**परीक्षणकाल स्थिति** – भन्नाले डिस्ट्रिक्ट अनुशासन सम्मेलन अधिकारीद्वारा अपेक्षा गरिएको र विद्यार्थी तथा विद्यार्थीको उपस्थितिका लागि उत्तरदायी विद्यार्थीको आमाबुवा(हरू)/कानुनी अभिभावक(हरू) द्वारा लिखित रूपमा स्वीकार गरिएको नियम तथा सर्तहरूमा विद्यालयमा पुनः भर्ना गरिने प्रक्रियालाई बुझ्नु पर्छ।

**परीक्षणकाल उल्लङ्घन** - भन्नाले विद्यार्थीको डिस्ट्रिक्ट अनुपालन सम्मेलनको निष्कर्षमा सबै पक्षहरूद्वारा पहिले नै स्वीकार गरिएका विद्यार्थी, आमाबुवा(हरू)/कानुनी अभिभावक(हरू) र विद्यालयबिचको लिखित करारीय सम्झौता तोड्ने वा उल्लङ्घन गर्ने विद्यार्थीको कार्यलाई बुझ्नु पर्छ।

**जातीय उत्पीडन** – भन्नाले कसैको जात, रङ वा राष्ट्रियताको कारणले उनीहरूलाई निर्देशित गरिएको अनावश्यक व्यवहार, वाचन, लेखिएका वा फोटोहरूलाई बुझ्नु पर्छ। यो डर, नियन्त्रण, शक्तिको दुरुपयोग र समानता अस्वीकार गर्ने प्रयासको बारेमा हुन्छ। यो स्पष्ट वा सूक्ष्म, एक घटना वा ढाँचा हुन सक्छ।

**बलात्कार/बल पूर्वक यौनजन्य ऐनहरू** – खण्ड 566.030, RSMo मा परिभाषित गरिएअनुसार बल पूर्वक बलात्कार वा खण्ड 566.060, RSMo मा परिभाषित गरिएअनुसार सोडोमी गर्ने वा गर्ने प्रयास गर्ने कार्यलाई बुझ्नु पर्छ।

**पुनर्मूल्याङ्कन** – भन्नाले विद्यार्थी अझै पनि अशक्त छन् वा छैनन् वा उनीहरूलाई अझै पनि विशेष शिक्षा र सम्बन्धित सेवाहरू आवश्यक छ वा छैन भनी निर्धारण गर्ने प्रक्रियालाई बुझ्नु पर्छ। पुनर्मूल्याङ्कन 1) विद्यार्थीले विद्यालयमा काम कसरी गरिरहेको छ भनी पहिचान गर्न, 2) विद्यार्थीका शैक्षिक आवश्यकताहरू पहिचान गर्न र 3) IEP मा समावेश गरिएका वार्षिक लक्ष्य र उद्देश्यहरू पूरा गर्दै र उपयुक्तअनुसार सामान्य पाठ्यक्रममा सहभागी हुँदै सहायता गर्न विद्यार्थीको IEP मा भएका कुनै पनि परिवर्तनहरू पहिचान गर्न सञ्चालन गरिन्छ।

**विचारात्मक क्रियाकलाप**– भन्नाले विद्यार्थीलाई उहाँले नियम तोडेको अवस्थाका बारेमा गम्भीर रूपमा सोच्ने अवसर दिन डिजाइन गरिएको असाइनमेन्टलाई बुझ्नु पर्छ। असाइनमेन्टले विद्यालयको नियम तोड्ने व्यवहारको सट्टामा दिइएको परिस्थितिका लागि उचित व्यवहार निर्धारण गर्न विद्यार्थीलाई मार्गदर्शन गर्नु पर्छ।

**सम्बन्धित सेवाहरू** – भन्नाले अशक्त भएको विद्यार्थीलाई सहायता गर्ने विकासात्मक, सुधारात्मक र अन्य सहायक सेवाहरूलाई बुझ्नु पर्छ।

**सम्बन्धित सेवाहरूमा निम्न कुरा समावेश छन्:** बोल्ने-भाषा प्याथोलोजी र अडियोलोजी सेवाहरू; मनोवैज्ञानिक सेवाहरू; शारीरिक तथा पेशागत थेरापी; थेराप्युटिक मनोरञ्जन, बालबालिकामा अशक्तताको प्रारम्भिक पहिचान र मूल्याङ्कनसहित मनोरञ्जन; पुनर्सुधार परामर्शसहितका परामर्श सेवाहरू; अभिमुखीकरण र गतिशीलता सेवाहरू; निदान वा मूल्याङ्कन सेवाका लागि चिकित्सा श्रृङ्खलाहरू; विद्यालय स्वास्थ्य सेवाहरू; विद्यालयको आमाबुवा(हरू)/कानुनी अभिभावक(हरू) को परामर्श र परीक्षणमा सामाजिक कार्य सेवाहरू; र यातायात।

**पुनर्स्थापित न्याय अभ्यासहरू** – भन्नाले एक वा सोभन्दा धेरै मानिसका विशिष्ट कार्यहरूद्वारा सम्बन्धहरू बिग्रेको बेलामा मानिसहरूलाई सँगै ल्याउने कार्यहरूलाई बुझ्नु पर्छ। प्रभावकारी पुनर्स्थापित हस्तक्षेप भनेको कुराहरू सही गर्न आपसी बुझाइ गराउने र सुसंगत योजना स्वीकार गराउने हस्तक्षेप योजना हो। सफल पुनर्स्थापित प्रक्रिया भनेको सम्झौताहरू राख्ने र सम्बन्धहरूमा "सही गराउने" कुराहरू पूर्वावस्थामा ल्याउने प्रक्रिया हो।

**डकैती** – भन्नाले डर र हिंसा गरी अन्य मानिसहरूको सम्पत्ति अवैध तरिकाले लिने जस्ता कार्यलाई बुझ्नु पर्छ।

**शनिवारको विद्यालय** – "नजरबन्द" को सूची हेर्नुहोस्

**विद्यालय बस निलम्बन** – भन्नाले निर्दिष्ट अवधिका लागि विद्यार्थीलाई विद्यालय बसमा यात्रा गर्न अनुमति नदिइएको सुधारात्मक रणनीतिलाई बुझ्नु पर्छ।

**विद्यालय दिन** - भन्नाले बालबालिकाहरूले निर्देशन उद्देश्यका लागि विद्यालयमा उपस्थित हुने दिनलाई बुझ्नु पर्छ।

**विद्यालयका मैदान/सम्पत्ति** - भन्नाले विद्यालय खेल मैदान, पार्किङ लट, विद्यालय बस र क्रियाकलाप गरिने विद्यालयको कुनै पनि सम्पत्ति लगायतका स्कूल डिस्ट्रिक्टद्वारा उपयोग गरिएको, निरीक्षण गरिएको, भाडामा लिइएका, लिजमा दिइएको वा नियन्त्रण गरिएको कुनै पनि भौतिक सम्पत्तिलाई बुझ्नु पर्छ।

**विद्यालय स्तरको अनुसन्धान** – भन्नाले सम्बन्धित तथ्यहरू पत्ता लगाउन गरिएको शंकास्पद विद्यार्थीका क्रियाकलाप/घटना (विद्यालयमा, विद्यालय अवधिमा वा विद्यालय सम्बन्धी प्रकार्यहरूमा) को विस्तृत खोज वा परीक्षणलाई बुझ्नु पर्छ; अनुसन्धान विद्यालय प्रशासक/डिजाइनीद्वारा सञ्चालन गरिन्छ।

**विद्यालय विशेषाधिकारहरू** – भन्नाले ग्रेजुएसन समारोह, कक्षा ट्रिप, नृत्य, खेलकुद टोली, क्लब वा विश्राम लगायतका कुनै पनि विद्यालयसँग सम्बन्धित क्रियाकलाप वा कार्यक्रमलाई बुझ्नु पर्छ।

**खोज र सिजर** - भन्नाले उक्त खोज वारेन्टविना र उचित शङ्का हुँदा वा कुनै पनि अन्य उचित उद्देश्य र उचित शैलीमा सञ्चालन गर्न सकिन्छ भनी बुझ्नु पर्छ। डेस्क र लकरहरू डिस्ट्रिक्टको सम्पत्ति हुन् र खोजहरू भवन प्रशासकहरूको निर्णयमा गर्न सकिन्छ। विद्यालयको निकायले विद्यालयको सम्पत्तिमा पार्क गरिँदा विद्यार्थीलाई आफ्ना अटोमोबाइलहरू राखिने ठाउँ विस्तार गर्छ। New Jersey v. T.L.O. 469 U.S. 325 (1985)

**खण्ड 504** – भन्नाले अशक्त भएका व्यक्तिहरू विरुद्धको भेदभाव निषेध गर्ने नागरिक अधिकारलाई बुझ्नु पर्छ। खण्ड 504 ले अशक्त भएको विद्यार्थीलाई शिक्षामा समान पहुँच छ भनी सुनिश्चित गर्छ। विद्यार्थी आवास र परिमार्जनहरू प्राप्त हुन सक्छ।

**गम्भीर शारीरिक चोटपटक** – भन्नाले शारीरिक रूपमा मेम्बर, अङ्ग वा मानसिक संकाय प्रकार्यको मृत्यु, बेहोस, अत्याधिक शारीरिक दुखाइ, दीर्घकालीन र स्पष्ट कुरूपता वा दीर्घकालीन गुम्ने वा दुर्बलताको वस्तुगत जोखिम समावेश हुने शारीरिक रूपमा लागेको चोटपटकलाई बुझ्नु पर्छ।

**यौनजन्य सामग्री पठाउने कार्य** – इन्टरनेट, सेल फोन वा कुनै पनि इलेक्ट्रोनिक-सम्बन्धित यन्त्र (जसमा इन्टरनेट च्याट रुम र अनलाइन मेसेजिङ सेवाहरू छन्) प्रयोग गरी यौनजन्य प्रकृति भएका फोटो, लिखित सामग्री, पाठ र/वा भ्वाइस सन्देश र इमेलहरू पठाउने कार्यलाई बुझ्नु पर्छ।

**यौनजन्य कार्य** – भन्नाले सम्भोग, मौखिक यौन, यौनजन्य भागहरू जबरजस्ती छुने वा कृत्रिम यौनमा सङ्लग्न हुने कार्यलाई बुझ्नु पर्छ।

**यौनजन्य आक्रमण** – भन्नाले डर, लाज वा मानसिक पीडित बनाउने वास्तविक वा धम्कीपूर्ण शारीरिक बलको साथमा भएको अन्य व्यक्तितर्फ यौनिक वा अभद्र प्रकृतिको सञ्चालनलाई बुझ्नु पर्छ।

**यौनजन्य उत्पीडन** – भन्नाले उक्त व्यवहारको उद्देश्य अनुचित वा मूलभूत रूपमा व्यक्तिको शिक्षाको हस्तक्षेपमा प्रभाव पार्ने वा यसले डर वा प्रतिकूल वातावरण सिर्जना गर्ने हुँदा लिङ्गको आधारमा अनावश्यक यौनजन्य प्रयास, यौन अनुग्रहका लागि अनुरोधहरू, यौनजन्य उत्प्रेरित शारीरिक वा मौखिक दुर्व्यवहार, यौनजन्य प्रकृतिको सञ्चार वा दुर्व्यवहार गर्ने कार्यलाई बुझ्नु पर्छ। यौनजन्य उत्पीडन वा भेदभाव गराउन सक्ने व्यवहारका उदाहरणहरूमा मौखिक उत्पीडन वा दुर्व्यवहार, यौन क्रियाकलापका लागि चाप, शरीरमा अनुपयुक्त थप-थपाउने वा चिमोट्ने र जानाजान तरिकाले सुम-सुमाउने समावेश छन्।

**यौनजन्य दुर्व्यवहार** – भन्नाले यौन सम्पर्क हुने वा गरिने तरिकामा अर्को व्यक्तिको शरीर र/वा कपडामा बल पूर्वक, जानी-बुझी वा सहमतिमा छुने कार्यलाई बुझ्नु पर्छ। यसमा अभद्र अनावरण, यौनजन्य इशारा, यौनजन्य प्याराफेरानेलिया र/वा पत्रिकाका धारण र/वा वितरण समावेश छन्।

**सामान्य आक्रमण** – भन्नाले विद्यालय समुदायको अर्को सदस्यलाई शारीरिक चोट पुऱ्याउने कार्यलाई बुझ्नु पर्छ।

**धूम्रपान/सुर्तीजन्य पदार्थ** – भन्नाले विद्यार्थीहरूले सुर्तीजन्य उत्पादन वा सामाग्री राख्नु, सेवन गर्नु वा प्रयोग गर्नु हुँदैन भन्ने कुरालाई बुझ्नु पर्छ। विद्यालय बोर्ड R5131.6.2

**सामाजिक नेटवर्किङ्ग** – भन्नाले अन्य कुनै पनि व्यक्तिलाई हानि पुऱ्याउने अभिप्रायमा My space, Facebook, Twitter, You Tube, LinkedIn वा कुनै पनि सामाजिक सञ्जालको वेबसाइटमार्फत फोटो र/वा लिखित सामग्रीहरू पठाउने कार्यलाई बुझ्नु पर्छ।

**विशेष परिस्थितिहरू** – भन्नाले निम्नानुसारका विशेष परिस्थितिहरू परिभाषित गर्ने IDEA लाई बुझ्नु पर्छ। अवैध लागू पदार्थ, हतियार प्रयोग गर्ने र गम्भीर शारीरिक चोट पुऱ्याउने व्यवहार गर्ने।

**राज्य शिक्षा निकाय (SEA)** – भन' राज्यको सार्वजनिक इलिमेन्टरी र सेकेण्डरी विद्यालयहरूको निरीक्षणका लागि प्राथमिक रूपमा उत्तरदायी निकायलाई बुझ्नु पर्छ। मिसौरीमा, SEA भनेको इलिमेन्टरी तथा सेकेण्डरी शिक्षा विभाग (DESE) हो।

**"स्थिर रहनुहोस्"** – भन्नाले अनुशासनात्मक सम्मेलन (निलम्बनको सिफारिस वा विद्यालय सेटिङको परिवर्तन) मा वर्तमान शैक्षिक स्थान नियोजनमा रहने विद्यार्थीको अधिकार वा स्थान नियोजन, अभिव्यक्ति निर्धारण, निलम्बन वा निष्कासनलाई चुनौती दिने आमाबुवा(हरू)/कानुनी अभिभावक(हरू) को अपिलमा सिफारिस गर्न प्रयोग गरिएको शब्दलाई बुझ्नु पर्छ; यो अधिकारले विद्यार्थीलाई LRE मा FAPE को प्राप्त जारी राख्न सुनिश्चित गर्छ।

**विद्यार्थी जानकारी प्रणाली (SIS)** – भन्नाले विद्यार्थी जानकारीको डेटा व्यवस्थापनलाई बुझ्नु पर्छ।

**निलम्बन** – "विद्यालयभित्रको निलम्बन" र "विद्यालय बाहिरको निलम्बन" को सूची हेर्नुहोस्।

**चोरी** – भन्नाले अन्य मानिसहरूको पैसा वा सम्पत्ति चोरी गर्ने वा चोरी गर्ने प्रयास गर्ने कार्यलाई बुझ्नु पर्छ।

**घुस पैठ**– भन्नाले अनुमति विना विद्यालय वा विद्यालय ग्राउण्डहरूको विशेष स्थान वा विद्यालय बसमा हुने वा विद्यालय परिसर छोड्न अनुरोध गर्दा यसको पालना गर्न अस्वीकार गर्ने कार्यलाई बुझ्नु पर्छ। विद्यार्थीहरू भवन प्रधानाध्यापकका अनुमति दिइएको र आमाबुवा(हरू)/अभिभावक(हरू) द्वारा लैजाँदा बाहेकको अवस्थामा निष्कासन र निलम्बनमा हुँदा वैकल्पिक कार्यक्रममा निर्दिष्ट गर्दा विद्यालयमा फर्कनु हुँदैन।

**अनधिकृत प्रवेश** – भन्नाले विद्यार्थीहरू अनुमति विना विद्यालय वा निश्चित क्षेत्रहरूमा प्रवेश गर्ने; कुनै पनि व्यक्तिलाई निर्दिष्ट प्रवेशद्वारहरू बाहेक डिस्ट्रिक्ट सुविधामा प्रवेश गर्न अनुमति दिने वा सहायता गर्ने वा अनधिकृत व्यक्तिहरूलाई कुनै पनि प्रवेशद्वारमार्फत डिस्ट्रिक्ट सुविधामा प्रवेश गर्न अनुमति दिने कार्यलाई बुझ्नु पर्छ।

**बर्बरता**– भन्नाले डिस्ट्रिक्ट/विद्यालय सम्पत्ति वा अन्य व्यक्तिको सम्पत्ति (जस्तै टेक्स्टबुकम लकर, उपकरण, भित्ता, फर्निचर, लिखित गिरोह ग्राफिटी आदि) को जानी-बुझी वा मालिसियस क्षति पुर्‍याउने, नष्ट गर्ने वा खराब गर्ने कार्यलाई बुझ्नु पर्छ।

**हतियार** – भन्नाले ब्ल्याकज्याक, तोप (लोड गरिएको वा लोड नगरिएको), विस्फोटक हतियार, तोप साइलेन्सर, ग्याँस गन, मेसिन गन, प्रोजेक्टाइल हतियार, बुलेट(हरू), राइफल, छोटो ब्यारेल, शटगन, स्प्रिङ गन, कुनै पनि प्रकारको तोप (स्मोक बम वा फायरक्र्याकर), कुनै पनि प्रकारको विस्फोटक यन्त्रहरू वा स्विच ब्लेड) लाई बुझ्नु पर्छ। हतियारहरूको SLPS नीतिमा सबै प्रकारका चक्कुहरू समावेश छन् र यसमा रेजर वा रेजर ब्लेड, मेस, क्लब, चेन, नेल चेन (शारीरिक चोटपटक पुर्‍याउन प्रयोग गरिँदा) र ब्रास नकल्स समावेश गर्न विस्तृत गरिन्छ। कुनै पनि वस्तु, उपकरण वा यन्त्रको अनुचित प्रयोग पनि यस प्रावधानभित्र पर्छन्। SAB नीति 5131.6।

आचार संहिताको समीक्षा

शिक्षा बोर्डले प्रत्येक वर्ष यो आचार संहिताको समीक्षा गर्ने छ र यसलाई आवश्यकताअनुसार अद्यावधिक गर्ने छ। समीक्षा सञ्चालनमा बोर्डले आचार संहिताको प्रावधान कत्तिको प्रभावकारी छ र आचार संहिता निष्पक्ष ढङ्गले र निरन्तर रूपमा लागू गरिएको छ वा छैन भनी विचार गर्ने छ। बोर्डले आचार संहिताका उल्लङ्घनहरूमा आचरण र डिस्ट्रिक्टको प्रतिक्रियाको समीक्षा गर्नका निम्ति सहायता गर्नका लागि परामर्श समिति नियुक्त गर्न सक्छ। समितिमा विद्यार्थीको प्रतिनिधि, शिक्षाकर्मी, प्रशासक, अभिभावक संगठन, समुदायका सदस्य, विद्यालय सुरक्षा समितिका कर्मचारी र विद्यालयका अन्य कर्मचारी हुन्छन्। आचार संहितामा कुनै पनि संशोधन स्वीकार गर्नुअघि बोर्डले विद्यालयका कर्मचारी, अभिभावक, विद्यार्थी र रुचि राख्ने कुनै पनि अन्य पक्ष सहभागी हुन सक्ने कम्तीमा एउटा (1) सार्वजनिक सुनुवाइ आयोजना गर्ने छ।

# सेन्ट लुयिस सहरको परीक्षा बोर्ड

**डा. जोइस रोबर्ट्स** - अध्यक्ष

**डोना जोन्स** - उपाध्यक्ष

**म्याट डेभिस** - सचिव

**एंटोनेट "टोनी" कजिन** - बोर्ड सदस्य

**रेजिना फाउलर** - बोर्ड सदस्य

**एलिसा सोनियर** - बोर्ड सदस्य

**नताली भभेल** - बोर्ड सदस्य

**केल्विन आर. एडम्स, पिएचडी.**

स्कुलका अधीक्षक

सेन्ट लुयिस सिटि पब्लिक स्कुल जिल्ला (जिल्ला)ले लिंग, जाति, धर्म, वर्ण, राष्ट्रियता, वंश, उमेर, अपांगता, यौन अभिविन्यास, लिंग पहिचान, भेटरान वा राष्ट्रिय गार्ड स्थिति,वा कानुनले निषेध गरेका अन्य कुनै तत्वहरुका आधारमा भर्ना वा पहुचमा, वा यसका कार्यक्रम र/वा गतिविधिमा उपचार वा रोजगारीमा भेदभाव गर्नेछैन् । अन्य जानकारीको लागि, कृपया टाइटल VI, टाइटल VII,टाइटल IX, सेक्सन 504/ADA अनुपालन समन्वयक/ मुख्य मानव संसाधन अधिकारीलाई 801 N. Eleventh Street, St. Louis, MO 63101 (314) 345-2650, HRCompliance@slps.org, बिहान 8:00 देखि बेलुका 4:45 सम्म सम्पर्क गर्नुहोस्।

2021 मे मा संशोधन गरिएको